# नेपालमा मानवअधिकार
# विस्तृत शान्ति सम्झौतापछिको एक वर्ष
*२०६४ मङ्सिर*

## १ परिचय

वि.सं. २०६३ वैशाखको युद्धविराम तथा प्रतिनिधिसभाको पुनर्स्थापना भएलगत्तै प्रजातान्त्रिक अधिकारको पुनर्स्थापना तथा द्वन्द्वसँग सम्बन्धित गम्भीर दुर्व्यवहारहरूको अन्त्य गर्नमा उल्लेखनीय प्रगति हासिल भए। मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको थियो र यसले अघिल्ला सम्झौताहरूमा गरिएका मानवअधिकारसम्बन्धी शृङ्खलाबद्ध प्रतिबद्धताहरूलाई ठोस तुल्यायो। ती प्रतिबद्धताहरूमा नेपालभित्रका सबै व्यक्तिहरूको मानवअधिकारलाई बिनाभेदभाव सम्मान, प्रवर्द्धन तथा सुनिश्चित गर्ने अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका नेपाल सरकारका धेरै दायित्वहरू पर्दछन्। सम्झौताले आफ्नो प्रस्तावनामा सबै हस्ताक्षरकर्ता पक्षलाई "नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न तथा .... भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन" (७.१२.) प्रतिबद्ध तुल्याएको छ। यिनमा भेदभाव, स्वेच्छाचारी थुना, यातना, हत्या तथा बेपत्ता पार्ने कार्यलाई अन्त्य गर्ने कुरा पर्दछन्। सम्झौताले उच्चायुक्तको कार्यालय तथा राष्ट्रिय मानवअधिकार आयोग (आयोग)लाई सम्झौताभित्रका मानवअधिकारका प्रावधानहरूको कार्यान्वयनको अनुगमन गर्न छुट्टाछुट्टै कार्यादिश दिएको छ र जानकारी उपलब्ध गराउन तथा सिफारिसहरूको कार्यान्वयनका लागि उच्चायुक्तको कार्यालयसँग सहकार्य गर्न सबै पक्षलाई आवश्यक बनाएको छ।

सम्झौतामा भएको हस्ताक्षर तथा त्यसमा गरिएका मानवअधिकारसम्बन्धी प्रतिबद्धताहरूले युद्धविरामको तुरुन्तपछि मानवअधिकारको स्थितिमा आएको सुधारलाई अझ सबल बनाइनेछ भन्ने आशा जगायो। गत वर्ष प्रारम्भिक लाभहरूलाई सबल वा ठोस बनाइएको छैन र मानवअधिकारप्रतिको सम्मान एवं संरक्षण पुनः खस्केको छ भन्नु खेदजनक विषय हो। शान्ति प्रक्रियामा मानवअधिकारलाई राजनीतिक विषयहरूभन्दा कम महत्त्व दिइएको छ तथा गौण बनाइएको छ। मानवअधिकार रक्षक, पत्रकार, राजनीतिक दल तथा नागरिक समाजका अन्य क्षेत्र २०६३ वैशाखअघि भन्दा बढी खुल्ला रूपमा आफ्ना गतिविधि सञ्चालन गर्न समर्थ भए तापनि उनीहरूले गत वर्षभर बढ्दो मात्रामा जोखिम र व्यवधानको सामना गर्नुपरिरहेको छ।

सन् २००७ मा विशेषगरी बाँच्न पाउने अधिकारको संरक्षण बढ्दो मात्रामा खस्किएको छ।[1] सन् २००७ अक्टोबरको अन्त्यसम्ममा उच्चायुक्तको कार्यालयले वर्षको सुरुदेखि १३० जनाभन्दा बढी सर्वसाधारणको हत्या भएको रिपोर्टहरू पाएको छ र यी सबैजसो मध्य तथा पूर्वाञ्चलका तराईमा भएका छन्। यी हत्यामा सशस्त्र समूहहरूद्वारा अधिकांशतः सन् २००७ मई महिनायता भएका आपराधिक कार्यको परिणामस्वरूप मारिएका करिब ६० जना; सेप्टेम्बर महिनामा कपिलवस्तुमा भएको हिंसाको परिणामस्वरूप मारिएका १४ जना; नेकपा (माओवादी)का कार्यकर्ताहरू प्रत्यक्षरूपमा मुछिएका पाँचवटा हत्या;[2]तथा जनवरी/फेब्रुअरी महिनामा भएको मधेशी आन्दोलनका क्रममा मारिएका कम्तीमा २४ जना[3] पर्दछन्। मधेशी आन्दोलनका

[1] सरकारले यस निष्कर्षलाई चुनौती दिएको छ - हेर्नुहोस्, यस प्रतिवेदनसाथ संलग्न नेपाल सरकारको पर्यवेक्षण

[2] यसबाहेक, उच्चायुक्तको कार्यालयले एक-एकजना नेकपा (माओवादी)का कार्यकर्ता मुछिएको भनिएका छवटा अन्य हत्याका रिपोर्टहरू प्राप्त गऱ्यो तर प्राप्त जानकारीले ती घटना व्यक्तिगत विवादसँग सम्बन्धित भएको बताए।

[3] उच्चायुक्तको कार्यालयले २४ जना सर्वसाधारण तथा एक प्रहरी मारिएको अभिलेख गऱ्यो तर अन्य सङ्गठनहरूले बढी सङ्ख्या देखाएका छन्।

क्रममा मारिएका १९ जना तथा अन्य घटनामा मारिएका थप दसजनाको मृत्यु प्रहरी कारबाहीको परिणामस्वरूप भयो र केही घटनामा बलको अत्यधिक प्रयोगसरह भएको थियो। सशस्त्र समूहहरूद्वारा १० जना तथा मधेशी जनअधिकार फोरम (फोरम) तथा योङ्ग कम्युनिष्ट लिग (वाईसीएल)द्वारा सँगसँगै गरिएको विरोध प्रदर्शनपछिको हिंसासँग सम्बन्धित घटनाका क्रममा पाशविक तरिकाले आक्रमण गरिएका २७ जनासहित कम्तीमा ४५ नेकपा (माओवादी)का कार्यकर्ताहरू मारिएका छन्। प्रहरी कारबाहीको अभावमा "लोकजन न्याय"का घटनामा सशस्त्र समूहका सातजना आरोपित सदस्यहरू पनि स्थानीय मानिसहरूद्वारा मारिए। अरू धेरै व्यक्तिहरू सो वर्षभरि घाइते भएका छन्।

सशस्त्र समूहहरूको उदय तथा तिनको हिंसात्मक गतिविधिमा भएको वृद्धि एवं विशेषगरी प्रतिनिधित्व तथा भेदभावसँग सम्बन्धित मुद्दाहरूमा बढ्दो सामाजिक अस्थिरताले सरकार तथा कानुन र व्यवस्था कायम गर्न तथा आम जनताका अधिकारहरूको संरक्षण गर्न जिम्मेवार राज्य संस्थाहरूमाथि गम्भीर चुनौती खडा गरेका छन्। यी मुद्दाहरूको सामना गर्नमा रहेको कमजोरी वा राज्यको प्रतिक्रियाको अभावले मानवअधिकारको स्थितिमा गम्भीर प्रभाव पारेका छन् र कानुनविहीनताको स्थितिमा योगदान दिएका छन् जसमा मानवअधिकारमाथि अत्यन्त कम ध्यान दिइएको छ। राज्यका संस्थाहरूबाट भइरहेका वर्तमान उल्लङ्घनहरू (बहिष्कारमार्फत् लगायत) एवं नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा भएका दुर्व्यवहारले पनि मानवअधिकारको स्थितिमा प्रभाव पारेका छन्।

राज्यद्वारा गरिएका मानवअधिकार उल्लङ्घनका घटना, नेकपा (माओवादी)द्वारा गरिएका दुर्व्यवहार वा सशस्त्र समूहहरूद्वारा गरिएका हिंसाका आपराधिक कार्यमा, हिसात्मक विरोध प्रदर्शनमा संलग्न भएकाहरू वा भेदभावपूर्ण अभ्यासबाट उत्पन्न हिंसाका घटनामा हत्या तथा अन्य हिंसाका पीडकहरूले झन्डै पूर्ण दण्डहीनता उपभोग गर्नु अत्यन्त गम्भीर कुरा हो। त्यसैगरी द्वन्द्वका क्रममा भएका घोर उल्लङ्घन तथा दुर्व्यवहारका जिम्मेवारहरूलाई अझै अभियोजन गर्न बाँकी छ। यी मुद्दाहरूलाई सम्बोधन गर्नमा राज्यधअधिकारीहरूका तर्फबाट भएको प्रतिबद्धताको अभाव अत्यन्त चिन्ताजनक छ। यस प्रतिवेदनको अन्तिम पाठले दण्डहीनतालाई सम्बोधन गर्नमा रहेका केही अवरोध तथा गत वर्ष तिनमाथि पार पाउनका लागि गरिएको थोरै प्रगतिमाथि ध्यान दिनेछ।

यस प्रतिवेदनले २०६३ मङ्सिरमा सम्झौतामा हस्ताक्षर भएयताका प्रमुख मानवअधिकारसम्बन्धी सरोकारहरूको विवरण दिन्छ र मानवअधिकारसम्बन्धी दायित्व र विषयहरू शान्ति प्रक्रियाको अग्रमोर्चामा हुनैपर्छ भन्ने स्मरण गराउँछ। न्याय तथा संसाधनमाथिको पहुँचका सम्बन्धमा भेदभाव तथा असमानताको अन्त्य, दण्डहीनताविरुद्धको लडाइँ तथा सुरक्षा तथा न्यायक्षेत्रमा सुधारमार्फत् लगायत राज्यसंस्थाहरूद्वारा मानवअधिकारप्रतिको सम्मान सुदृढीकरण गर्ने कार्य अत्यावश्यक प्राथमिकता रहिरहेका छन्। विभिन्न सङ्गठनहरूले आम विरोध प्रदर्शनको आह्वान गरेका छन् र आफ्ना गुनासालाई सम्बोधन नगर्ने हो भने हतियार उठाउने धम्कीसमेत कहिलेकाहीं दिएर तिनले मानवअधिकारलाई सुदृढ बनाउने कार्यमा थप चुनौती सिर्जना गरेका छन्।

यो प्रतिवेदन उच्चायुक्तको कार्यालयको देशभरिको अनुगमन तथा अनुसन्धान एवं नीति तथा कानुनहरूको कानुनी विश्लेषणमा आधारित छ। यी कार्य गर्दा उच्चायुक्तको कार्यालयले आयोग तथा नेपाली मानवअधिकार सङ्गठनलगायतका नागरिक समाजका समूहहरूबाट विशेषगरी उनीहरूले यस कार्यालयलाई उपलब्ध गराएको जानकारीबाट ठूलो सहयोग पाएको छ। यस अवसरमा यो कार्यालय त्यस सहयोगका लागि आभार प्रकट गर्दछ। समग्रमा, उच्चायुक्तको कार्यालयको प्रतिवेदनले यी सङ्गठनहरूले उठाएका चिन्ताहरूलाई प्रतिबिम्बित गर्दछ।

आफ्नो कामका क्रममा उच्चायुक्तको कार्यालयले सूचना प्राप्त गर्न, घटना तथा चिन्ताहरू उठाउन स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय राज्यअधिकारी तथा नेकपा (माओवादी)का कार्यकर्ताहरूसँग धेरैवटा बैठक गर्‍यो। सामान्यतया, उच्चायुक्तको कार्यालयले आफू संवादमा संलग्न हुन पाएका राज्यअधिकारीहरूबाट राम्रो सहयोग पायो। अधिकांश घटनाहरूमा यसलाई देशभरिका थुनास्थलहरूमा व्यापक पहुँच दिइयो। अधिकांशतः अनुरोध गर्दा यसले नेकपा (माओवादी)द्वारा बन्दी बनाइएका व्यक्तिहरूसँग पहुँच पनि पायो र कतिपय घटनामा नेकपा (माओवादी) तथा राज्यअधिकारीहरूले उच्चायुक्तको कार्यालयका सिफारिसहरूप्रति सकारात्मकरूपमा प्रतिक्रिया दिएका छन्।

तर विशेषगरी मानवअधिकारका घटनाहरूको अनुसन्धानका सम्बन्धमा राज्यसंस्था तथा नेकपा (माओवादी) दुवैबाट महत्त्वपूर्ण कागजपत्रहरूको पहुँच नपाएको तथा केही मस्यौदा कानुनको पहुँच नपाएकोमा पनि यो कार्यालय चिन्तित रहेको छ। उच्चायुक्तको कार्यालयलाई त्यस्तो कागजात उपलब्ध नगराउनु उपयुक्त हुँदैन भनी सरकारले उच्चायुक्तको कार्यालयलाई जानकारी गराएको छ (हेर्नुहोस् संलग्न नेपाल सरकारको टिप्पणी)। एउटा बढी सकारात्मक कुरा, धेरै महिनापछि नेपाली सेना (नेसे) मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित तीनवटा सैनिक अदालतका प्रतिलिपिहरू उपलब्ध गराउन सहमत भयो र ती तीनवटा घटनासम्बन्धी फाइलहरूमाथि उच्चायुक्तका कार्यालयका कर्मचारीहरूलाई पहुँच दियो र चालु एउटा घटनासँग सम्बन्धित सैनिक अदालत अवलोकन गर्न उच्चायुक्तको कार्यालयलाई आमन्त्रण गर्‍यो।

सो प्रतिवेदन मङ्सिर १४ गते नेपाल सरकार तथा नेकपा (माओवादी)समक्ष टिप्पणीका लागि पेस गरिएको थियो। तत्पश्चात् सरकारले टिप्पणीहरू उपलब्ध गरायो, जुन यस प्रतिवेदनसाथ संलग्न गरिएका छन्। सरकारले बाँच्न पाउने अधिकारको संरक्षण खस्केको सम्बन्धी लगायतका उच्चायुक्तको कार्यालयका केही निष्कर्षहरूलाई चुनौती दिएको छ र केही विषयहरूमा उच्चायुक्तको कार्यालयको निष्पक्षतामाथि प्रश्न गरेको छ। उसले प्रहरीद्वारा बलको अत्यधिक प्रयोग, यातना तथा अभद्र-व्यवहार भएको भन्ने उच्चायुक्तको कार्यालयका आरोपहरूलाई “आधारहीन" भनेको छ। नेपाल सरकारले आफूले आर्थिक वर्ष २०६३/६४ देखि लागू हुने गरी नेपालका लागि नयाँ तीनवर्षे राष्ट्रिय मानवअधिकार कार्ययोजना अनुमोदन तथा सुरु गरेको जानकारी पनि उच्चायुक्तको कार्यालयलाई दिएको छ, जसको प्रति उच्चायुक्तको कार्यालयलाई पठाउन बाँकी नै छ। उच्चायुक्तको कार्यालयले निकट भविषयमा उपयुक्त ढङ्गबाट यी टिप्पणीहरूमाथि प्रतिक्रिया दिनेछ।

## २ अन्तरिम संविधान तथा मानवअधिकारमाथि प्रभाव पार्ने अन्य नयाँ कानुन

वि.सं. २०६४ माघ १ गते अन्तरिम संविधान लागू हुनु शान्ति प्रक्रियामा एउटा महत्त्वपूर्ण फड्को थियो र यसले मानवअधिकार प्रत्याभूति गर्ने सुदृढ कानुनी खाका उपलब्ध गरायो। अन्तरिम संविधानमा २०४७ सालको संविधानमा भन्दा मानवअधिकार संरक्षण गर्नेसम्बन्धी बढी प्रावधानहरू रहेका थिए र त्यसमा निर्दोषिताको पूर्वानुमानको अधिकार र पक्राउ परेपछि कानुनी सहायता पाउने अधिकार जस्ता बढी विस्तारमा उचित प्रक्रिया पाउने अधिकार एवं छुवाछूत निषेध गर्ने कुरा संलग्न थिए। अन्तरिम संविधानले “समावेशी सिद्धान्त"का आधारमा राज्य संयन्त्रहरूमा सहभागी बन्ने परम्परागतरूपमा सीमान्तकृत समुदायहरूको अधिकारलाई पनि मान्यता दिएको छ। तर अन्तरिम संविधानमा गैरनागरिकको अधिकार तथा भेदभावहीनता, स्वतन्त्रता र व्यक्तिको सुरक्षाको अधिकार तथा कानुनी प्रक्रियासँग सम्बन्धित अधिकारजस्ता अधिकारहरूका सम्बन्धमा केही गम्भीर अड्चनहरू छन्। सङ्कटकालका क्रममा छुट पाउने प्रावधानहरूले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनद्वारा आवश्यक ठहर गरिएका सबै प्रतिरक्षाका उपायहरूलाई नसमेट्नु पनि चिन्ताको कुरा हो।

कतिपय अरू नयाँ कानुनहरू पनि लागू गरिए, जसलाई उपयुक्त ढङ्गबाट कार्यान्वयन गरिएको भए तिनले मानवअधिकारको संरक्षण सुदृढ गर्ने थिए। उदाहरणार्थ, सूचनाको हकसम्बन्धी ऐन २०६४ साउनमा लागू गरियो जसले पहुँच पाउन सकिने मानवअधिकारसम्बन्धी कागजपत्रहरूमाथिको पहुँचको दायरालाई उल्लेखनीय ढङ्गबाट साँघुरो पार्ने केही प्रतिबन्धात्मक वाक्यांश राखेको भए तापनि पहिलोपटक सरकारी कागजपत्रमाथिको पहुँचको प्रत्याभूत गऱ्यो। छुट्याइएका कागजपत्रहरूका कोटिमा अपराधको "अनुसन्धान, जाँचबुझ र अभियोजन"सँग सम्बन्धित तथा 'विभिन्न जाति वा समुदायबीच सौहार्दपूर्ण सम्बन्ध'लाई जोखिममा पार्ने कुरा पर्दछन्।

नागरिकता ऐन, संविधानसभा निर्वाचन ऐन, मानव बेचबिखन ऐन तथा निजामती सेवामा अझ बढी प्रतिनिधित्व प्रदान गर्ने प्रावधानजस्ता अन्य नयाँ कानुनहरूको सन्दर्भ उपयुक्त विषयवस्तुगत शीर्षकअन्तर्गत तल दिइएको छ।

तर उच्चायुक्तको कार्यालय भविष्यमा भेला हुन पाउने स्वतन्त्रतालाई सीमित गर्न प्रयोग गर्न सकिने गरी सन् २००७ अगस्टमा पारित स्थानीय प्रशासन ऐन २०२८ का केही संशोधनहरूप्रति चिन्तित छ। सडकको सहज सञ्चालनमा अवरोध पुऱ्याउने तथा सरकार, सार्वजनिक राज्यअधिकारी तथा शैक्षिक संस्थासम्मको पहुँच रोक्ने कार्यमा निषेध लगाउने उद्देश्यले तयार पारिएको उक्त संशोधनले प्रत्येक प्रमुख जिल्ला अधिकारी (प्रजिअ)लाई भेलामाथि प्रतिबन्ध लगाउन तथा अवरोध पुऱ्याउने कार्य गर्ने वा भेलामाथिको प्रतिबन्ध उल्लङ्घन गर्नेहरूलाई जरिवाना गराउन तथा कैद गराउन पाउने अधिकार दिन्छ। प्रयोग भएका शब्दहरूको अस्पष्टता तथा त्यसमा रहेका उल्लेख्य सावधानीमाथि विचार पुऱ्याउँदा नयाँ स्थानीय प्रशासन ऐनका नयाँ प्रावधानहरू प्रदर्शनकारीहरूलाई स्वेच्छाचारीरूपमा थुनामा राख्न, अहिंसात्मक भेला तथा विचारहरूको अन्य शान्तिपूर्ण अभिव्यक्तिलाई दमन गर्न प्रयोग गर्न सकिने सम्भावना छ। प्रजिअलाई जरिवाना गर्ने तथा कैद गर्ने अधिकार दिनाले पनि स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणसामु सनुवाईका सन्दर्भमा निष्पक्ष पुर्पक्ष हुने व्यक्तिहरूको अधिकारसँग सम्बन्धित चिन्ता उठाउँछ।

## ३ राष्ट्रिय मानवअधिकार आयोग

अन्तरिम संविधानअन्तर्गत आयोगलाई संवैधानिक निकायमा रूपान्तरण गरियो। सेप्टेम्बरको सुरु (भदौ)मा एउटा संसदीय सुनुवाईले संवैधानिक परिषद्द्वारा मनोनीत पाँचजनालाई आयुक्तका रूपमा नियुक्त गर्ने कुरालाई पुष्टि गऱ्यो। नियुक्ति प्रक्रिया आफै अन्तर्राष्ट्रिय मापदण्डअनुकूल थिएन भन्ने चिन्ताहरू व्यक्त भए तापनि सो नियुक्ति आयोगलाई सबै नेपालीको मानवअधिकारका लागि कार्य गर्ने स्वतन्त्र, विश्वसनीय तथा प्रभावकारी संस्था बन्ने अत्यन्त महत्त्वपूर्ण अवसर थियो भन्ने कुरालाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ। राजाको शासनकालमा नियुक्त पूर्व आयुक्तहरूले सन् २००६ जुनमा राजीनामा दिएयता नयाँ आयुक्तहरूको नियुक्तिमा भएको ढिलाइका कारण आयोगको कार्य महिनौंदेखि गम्भीररूपमा अवरुद्ध भएको थियो। परिणामस्वरूप, राष्ट्रिय मानवअधिकार संस्थाहरूको अवस्थाको अनुगमन गर्ने अन्तर्राष्ट्रिय समन्वय समिति (आईसीसी)ले आयोगलाई दिइएको औपचारिक मान्यतालाई पुनरावलोकनका लागि राखेको थियो। तर, नियुक्ति र भएका अन्य प्रगतिको आलोकमा, आईसीसीले सन् २००७ अक्टोबरमा, सन् २००८ को अक्टोबरमा पुनर्विचार गरिने र अझै समाधान हुन बाँकी केही मुद्दाहरूबारे ध्यान पुऱ्याउँदै "क" वर्गको मान्यता कायम राख्यो। यसमा पर्याप्त लगानी तथा पूर्ण आर्थिक स्वायत्तता एवं उपयुक्त नियुक्ति प्रक्रिया तथा नागरिक समाजसँगको सुदृढ अन्तरक्रिया आवश्यक पर्दछन्।

अन्तरिम संविधानमा भएका नयाँ प्रावधानहरूको आलोकमा आयोगलाई उसका कार्य, कर्तव्य, अधिकार तथा कार्यविधि प्रस्तुत गर्ने सम्बन्धमा सक्षम बनाउने कानुनको मस्यौदा अहिले छलफलमा छ र उच्चायुक्तको

कार्यालयले विधेयकलाई सुदृढ बनाउने उद्देश्यले आफ्नो पर्यवेक्षण तथा सिफारिसहरू आयोगलाई उपलब्ध गराएको छ। सहयोग रणनीति पहिचान गर्न पनि उच्चायुक्तको कार्यालय आयोगसँग निकट रही कार्य गरिरहेको छ र गत वर्ष राष्ट्रिय स्तरमा कर्मचारीहरूलाई सहयोग गर्न तथा उनीहरूको क्षमता अभिवृद्धि गर्न धेरैवटा गतिविधि सञ्चालन गरेको छ। क्षेत्रीय स्तरमा विशेषगरी सूचना आदानप्रदान गर्ने सम्बन्धमा निकट सहकार्य भएका छन्।

## ४ सुरक्षा उपलब्ध गराउने तथा आम जनताका अधिकार संरक्षण गर्ने राज्यका दायित्व

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत राज्यसँग आफ्नो सीमाक्षेत्रभित्र रहेका वा बाँच्न पाउने, सुरक्षा तथा शारीरिक अखण्डतालगायतका क्षेत्राधिकारभित्र पर्ने सबैको अधिकार प्रवर्द्धन, संरक्षण तथा सुनिश्चित गर्ने दायित्व रहेको छ। सम्झौताले कानुन तथा व्यवस्था कायम गर्ने नेपाल प्रहरी (नेप्र) तथा सशस्त्र प्रहरी बल (सप्रब)को भूमिकामाथ पुनः सहमति जनाएको छ। तर, सन् २००७ मा आमजनताको जीवन संरक्षण तथा सुरक्षा गर्ने कानुन कार्यान्वयन निकायलगायतका राज्यसंस्थाहरूको सीमा - विशेषगरी तराईमा - बढी स्पष्ट हुँदै गएको छ। दण्डहीनताका साथै सीमान्तकरण, गरिबी तथा भेदभावलाई पर्याप्तरूपमा सम्बोधन गर्नमा भएको विफलता (तल हेर्नुहोस्)सँगै यसले दिगो शान्तिमा आउन सक्ने सबैभन्दा ठूला खतरामध्ये एउटा खतरा पैदा गरेको छ। यी मुद्दाहरूका लागि पूर्णतया मानवअधिकारसम्बन्धी मापदण्डहरूमा आधारित विस्तृत समाधान आवश्यक पर्छ।

द्वन्द्वका पछिल्ला वर्षहरूमा नेसे, सप्रब तथा नेप्रलगायतको संयुक्त सुरक्षाफौजको हातमा सुरक्षा थियो र विशेषगरी ग्रामीण क्षेत्रका धेरैवटा प्रहरी चौकी रित्ता पारिएका थिए। वि.सं. २०६३ वैशाखको युद्धविरामपछि तथा संयुक्त सुरक्षाफौजलाई भङ्ग गरेपछि नेकपा (माओवादी)को विरोधलगायतका धेरै अवरोधहरू आए तापनि नेप्र छोडिएका चौकीहरूमा पुनर्स्थापित हुन थाल्यो। अन्तरिम संविधान लागू भएपछि तथा नेकपा (माओवादी)का अध्यक्षद्वारा आफ्ना कार्यकर्ताहरूले पुनर्स्थापनाको प्रक्रियालाई नबिथोल्ने निर्देशन दिएपछि पुनर्स्थापनाको गति तीव्र भयो। तथापि केही स्थानहरूमा सशस्त्र समूहका कार्य तथा नेकपा (माओवादी)का सङ्गठनका आक्रमणका कारण केही चौकीहरूको पुनर्स्थापनामा ढिलाइ वा बन्द गरिएको छ। विशेषगरी सुदूरपश्चिमाञ्चलका केही दुर्गम क्षेत्रमा राज्यको अनुपस्थितिका कारण प्रहरी चौकीको उपस्थिति नेकपा (माओवादी)को रोजाइमा भर परेको छ।

आधिकारिक प्रहरी तथ्याङ्कका अनुसार अक्टोबरको अन्त्यसम्ममा १५३ वटा पुराना तथा ९४ वटा नयाँ चौकीहरू पुनर्स्थापना गर्न बाँकी थिए। पुनर्स्थापित भइसकेका धेरैवटा चौकी पूर्वाधार तथा उपकरणको अभावबाट ग्रस्त रहिरहेका छन्। प्रहरी तथा स्थानीय राज्यअधिकारीहरूले आफूहरूले राष्ट्रिय राज्यअधिकारीहरूबाट सहयोग तथा निर्देशनको अभाव रहेको अनुभूति गरेको लगायतका कुराबाट आफूहरू निरुत्साहित भएको कुरा उच्चायुक्तको कार्यालयलाई नियमितरूपमा भनेका छन्। प्रहरी तथा प्रजिअद्वारा मार्गनिर्देशनको अभावलाई मानवअधिकारको संरक्षण गर्न सक्ने, कानुन र व्यवस्थामा सुधार ल्याउन सक्ने तथा दण्डहीनता र आपराधिकता कम गर्न सक्ने कारबाही नगर्नुको कारणका रूपमा बारम्बार देखाइने गरेको छ। साथै, सीमागस्ती, सशस्त्र समूहहरूविरुद्ध लड्न एवं निर्वाचनका लागि सुरक्षा उपलब्ध गराउन तराईभर सप्रबका कर्मचारीहरूको परिचालनले मानवअधिकारका सम्बन्धमा सधैं सकारात्मक प्रभाव पारेको छैन।

हिंसा रोक्नलाई प्रहरीको सकारात्मक हस्तक्षेपको सीमित प्रभाव वा अनुपस्थिति (सशस्त्र समूहद्वारा वा विरोध प्रदर्शन वा अन्य कार्यका सन्दर्भमा भएका) तथा प्रहरीले वास्तवमा सकारात्मक हस्तक्षेप गरेको ठाउँमा केही अवसरमा प्रहरीद्वारा गरिएका मरणान्तक बलको प्रयोग प्रायः आम मानिसले आफूलाई असुरक्षित ठान्ने

तथा कानुनको व्यवस्थाबाट यसको संरक्षण हुन्छ भन्ने आत्मविश्वास कम हुने शून्यतामा परिणत भएका छन्। कानुनसम्मत नभएका गतिविधिहरू नियन्त्रण गर्न कारबाही गर्ने दायित्व प्रहरीमा रहेको हुन्छ भन्ने कुरा उच्चायुक्तको कार्यालय पूर्णरूपमा स्वीकार गर्दछ तर उनीहरूलाई मानवअधिकारको पूर्ण सम्मानका साथ स्वतन्त्ररूपमा त्यसो गर्न संसाधन, निर्देशिका तथा राजनीतिक समर्थन दिइनुपर्छ।

उच्चायुक्तले उहाँको सन् २००६ सेप्टेम्बरमा प्रकाशित महासभामा प्रस्तुत प्रतिवेदनमा शान्ति प्रक्रियालाई भताभुङ्ग पार्ने एवं कानुन कार्यान्वयन तथा न्यायलाई आफ्नो हातमा लिने व्यक्तिलगायत आपराधिक वा राजनीतिक सशस्त्र समूहहरूले खेल्न सक्ने जोखिम रहेको कमजोर वा अनुपस्थित कानुन कार्यान्वयन निकायद्वारा सिर्जित जोखिमबारे पहिल्यै चेतावनी दिइसक्नुभएको थियो। प्रहरीमा सुधार तथा प्रहरीको व्यावसायिकतालाई सुदृढ तथा अभिवृद्धि गर्ने उपायहरूको अभावले सशस्त्र समूहहरूको आपराधिक गतिविधिहरूलाई सहज बनाएको छ र असुरक्षा बढाएको छ। साथै, प्रहरी आफैं पनि सबै दण्डहीनताका साथ गरिएका प्रदर्शनको नियन्त्रण तथा निरन्तरको यातना तथा अभद्र व्यवहारमा खासगरी बलको अत्यधिक प्रयोगका सम्बन्धमा गम्भीर मानवअधिकार उल्लङ्घनका लागि जिम्मेवार रहेका छन्।

*सशस्त्र समूहहरूका हत्या तथा अपहरण*

सुरक्षाको शून्यता तथा राज्यद्वारा सीमित सकारात्मक हस्तक्षेपको सबैभन्दा गम्भीर परिणाम तराईमा महसुस गरिएको छ जहाँ धेरैवटा सशस्त्र समूहहरूले केही जिल्लामा डर र त्रासको वातावरण सिर्जना गरेर जीवन तथा भौतिक सुरक्षालाई जोखिममा पारेका छन् एवं आम जनतालाई विस्थापित गराएका छन् र त्यसलाई नियन्त्रण गर्न प्रहरी असमर्थ वा अनिच्छुक छ। सन् २००६ को मध्यतिर सशस्त्र समूहहरूको हत्याको लक्ष्य झन्डै पूर्णरूपमा पूर्वाञ्चलमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (मोर्चा) तथा नेकपा (माओवादी)बीचको द्वन्द्वसँग विशेषगरी सम्बन्धित भए तापनि सन् २००७ को मधेशी आन्दोलनपछि सशस्त्र समूह तथा तिनका गतिविधि वृद्धि भई मध्य तराईतिर पनि विस्तारित भयो। तराई कोब्रा, मधेशी मुक्ति टाइगर्स तथा मोर्चाका अन्य दुई समूहजस्ता अन्य सशस्त्र समूह पनि ती दुई क्षेत्रमा देखा परेका छन्।

अधिकांश समूहहरूले स्वतन्त्र तराईलगायतका मधेशी मुद्दासँग सम्बन्धित मागहरू राखेको भए तापनि ती समूहको कार्यसूची र उत्प्रेरणालाई छुट्याउन जटिल छ। हिंसाभित्र प्राय व्यक्ति, राजनीतिक, आपराधिक तथा साम्प्रदायिक तत्वहरूबीचको अन्तरसम्बन्धको जटिल सञ्जाल लुकेको छ। सशस्त्र समूहका गैरकानुनी गतिविधिहरूको नियन्त्रण एवं भेदभाव तथा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्वको अभावलाई सम्बोधन गर्ने कार्य स्वतन्त्र निर्वाचन तथा तराईमा दिगो शान्तिको अनुकूल वातावरण निर्माणका लागि आवश्यक तत्वहरूमध्ये हुन् भन्ने कुरा व्यापकरूपमा स्वीकार गरिएको छ।

उच्चायुक्तको कार्यालयले सन् २००६ डिसेम्बरयता नाम खुलेका वा अपरिचित सशस्त्र समूहहरूबाट भएका ७५ हत्या र २०० जनाको अपहरणको रिपोर्ट प्राप्त गरेको छ; ६७ वटा हत्या तथा १६० वटा अपहरणको रिपोर्ट गत छ महिनामा अर्थात् २०६४ वैशाख १८ गतेपछि गरिएका छन्। ती हत्याहरूमा काठमाडौंमा सेप्टेम्बरमा मारिएका एक स्कुले छात्रा र दुई अन्य तथा सिरहामा नोभेम्बरमा मारिएका एक व्यक्तिसहित बम विस्फोटनमा मारिएका पाँचजनासमेत[४] छन्। अरू अधिकांशतः गोलीकाण्डका परिणामस्वरूप मारिए। मोर्चाको ज्वाला सिंह समूह करिब ३० वटा हत्या तथा ८० वटा अपहरणमा मुछिएको थियो भने ८ हत्या तथा ३४ अपहरणको दोष मोर्चाको गोइत समूहलाई लागेको थियो।

---

[४] सन् २००६ डिसेम्बरयता उच्चायुक्तको कार्यालयमा रिपोर्ट गरिएका विस्फोटनसँग सम्बन्धित झन्डै साठीवटा घटनामध्ये अधिकांश मुख्यतया सर्वसाधारणका घरमा लक्ष्यित गरिएका साना वा सापेक्षितरूपमा साना विस्फोटक सामग्री थिए। तीनवटा सञ्चारगृह पनि लक्ष्यित गरिएका थिए।

मारिएकाहरूमध्ये ११ जना सशस्त्र समूहका सदस्य र बाँकीमा नेकपा (माओवादी)का १० कार्यकर्ता (पाँचवटा हत्याको दोष मोर्चा-ज्वाला सिंह तथा पाँचवटाको मोर्चा-गोइत समूहलाई लगाइएको), गाउँ विकास समिति (गाविस) सचिव तथा जिल्ला विकास समिति (जिविस) अधिकारीहरूजस्ता स्थानीय निकायका अधिकारीहरू, एकजना राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तथा एकजना नेपाली काङ्ग्रेस (नेका) पार्टीका सदस्यसमेत गैरसैनिक व्यक्ति थिए। त्यसबाहेक, सिरहामा नेभेम्बरमा नेकाका दुई मधेशी सदस्यहरू पनि मारिए। राजनीतिक दलका केही सदस्य व्यक्तिगत तथा राजनीतिक स्वार्थपूर्तिका लागि सशस्त्र समूहहरूलाई प्रयोग गरिरहेका छन् भन्ने अपुष्ट तर एकनासका आरोपहरूका बीच सिरहामै जुलाईमा भएको गाविस सचिवको हत्याका सम्बन्धमा नेकाका चार सदस्य पनि पक्राउ परेका थिए।

अपहृतहरूमध्ये शिक्षक (१४), व्यापारी (दस), पत्रकार (तीन), राजनीतिक दलका सदस्य (तीन) तथा स्थानीय निकायका कर्मचारी (१४ गाविस सचिवलगायत २१जना) थिए र फिरौती रकम त्यसको पछाडिको एकमात्र उद्देश्य नभए पनि एउटा प्रमुख कारण थियो। मोर्चा-ज्वाला सिंह ६४ वटा तथा मोर्चा-गोइत २६ वटा अपहरणमा मुछिएका थिए। हालैका कतिपय घटनाहरूमा मोर्चा-ज्वाला सिंह समूहले पीडितहरूलाई कुनै अपराध विशेष वा जासुसी गरेको आरोप लगाएको रिपोर्ट गरियो। केही पीडितहरू मधेशी छन्। माथि उल्लिखित दुईवटा हत्याबाहेक, उदाहरणार्थ, अक्टोबरको अन्तिम हप्तामा एकजना मधेशी गाविस सचिवलाई भ्रष्टाचार र पदीय दुरुपयोगको आरोपमा अपहरण गरियो र अन्य दुईजना मधेशीहरू बलात्कार तथा पहाडेसँग जग्गा खरिद गरेको आरोपमा अपहृत भए। तर अधिकांशतः मोर्चा र अन्य सशस्त्र समूहले पहाडेहरूलाई लक्ष्यित गरेका छन्।

*साम्प्रदायिक हिंसा तथा नश्लीय घृणा फैलाउने कार्य*

माथि उल्लेख गरिएझैं मूल मुद्दाहरू जटिल भए तापनि आफ्ना माग राख्दा केही सशस्त्र समूहले जानीजानी मधेशी र पहाडे समुदायबीच साम्प्रदायिक हिंसा तथा नश्लीय घृणा फैलाएर बढ्दो रूपमा उत्तेजक भाषाको प्रयोग गरिरहेका छन्। मोर्चाका दुवै मुख्य समूहहरूले पहाडे - विशेषगरी सरकारी कर्मचारी - हरूलाई तराई छोड्न आदेश दिएका छन्, जसको उदाहरणमा मोर्चा-ज्वाला सिंह समूहको साउन १ गतेको प्रेस विज्ञप्तिलाई लिन सकिन्छ। त्यसपछि एकजना पहाडे गाविस सचिवको अपहरण र हत्या गरियो। धम्की र हत्याको विरोधमा गाविस तथा अदालतका कर्मचारीहरूले काम रोके। स्थानीय निकाय र स्थानीय सेवा प्रदान कार्यलाई अझै कमजोर पार्दै केही गाविस सचिवहरू जिल्ला सदरमुकामतर्फ सरे र नोभेम्बरमा धेरैले राजीनामा गर्ने धम्की दिए। गाविसका तथा अन्य कर्मचारीहरूको अपहरण जारी रहेपछि गाविस कर्मचारीहरूले सुरक्षाको अभावको विरोध गर्न जारी राखेका छन्। पहाडे मूलका धेरै व्यक्तिहरूले दक्षिणी तराई समथर क्षेत्र छोडेका छन्।

यी धम्की र हिंसा भड्काउने कार्यले केही स्थानमा पहाडेहरूको प्रभुत्व रहेको चुरे भावर एकता समाज (समाज) सङ्गठनद्वारा प्रतिधम्कीको सामना गर्नुपरेको छ र यसले अस्थिरताको चक्र तथा बढ्दो साम्प्रदायिक तनावमा योगदान गरेको छ। समुदायबीच हिंसा भड्काउन स्पष्टसँग जानीजानी फैलाइने बलात्कार तथा अन्य हिंसाका झुटा तथा अपुष्ट हल्लाहरूले पनि समयसमयमा धम्कीलाई मलजल प्रदान गरेका छन्। समयसमयमा उच्चायुक्तको कार्यालयले सञ्चारमाध्यम आफै उत्तेजक सूचनाका लागि जिम्मेवार रहेको कुरालाई ध्यानमा राखेको छ। उदाहरणार्थ, सन् २००७ अगस्टमा महेन्द्र राजमार्गमा मधेशी र पहाडे समुदायबीच भएको घटनालाई दुईवटा रेडियो स्टेसनहरूले त्यो विभाजनकारी, पक्षपाति र राजनीतिक रङ्गयुक्त थियो भनेझैं गरी समाचार प्रसारित गरेको उच्चायुक्तको कार्यालयले निष्कर्ष निकाल्यो। ती रेडियो स्टेसनहरूले महिला तीर्थयात्रीहरूलाई समाजका समर्थक/पहाडे प्रदर्शनकारीहरूद्वारा बलात्कार गरिएको आधारहीन हल्ला प्रसारण गरे र त्यसले मधेशी प्रतिक्रियालाई मलजल दियो।

सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सीईआरडी) तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीसीपीआर)अन्तर्गत राज्यसँग भेदभाव वा हिंसा भड्काउने गरी राष्ट्रिय, नश्लीय वा धार्मिक घृणा फैलाउने गरी गरिने वकालतलाई निषेध गर्ने वा सजाय दिने दायित्व रहेको हुन्छ भन्ने कुरालाई ध्यानमा लिनुपर्छ।

*कपिलवस्तुमा भएका हत्याकाण्ड तथा अन्य हिंसा*

हिंसाको सबैभन्दा गम्भीर पछिल्लो घटना कपिलवस्तुमा घट्यो र यसले मूल तनाव तथा राज्यको अवज्ञा हिंसा, बदला तथा घृणाका रूपमा सजिलैसँग विस्फोट हुन्छ भनेर देखायो। एकजना स्थानीय मुस्लिम जमिनका मालिक, पूर्व नेका पार्टी सदस्य तथा राजतन्त्रवादी भिजिलान्ते समूह प्रतिकार समिति[४]का पूर्वसदस्यको हत्यापछि सेप्टेम्बरमा भएका प्रतिशोधकारी आक्रमण तथा लुटपाटका क्रममा चारजनाको हत्या भयो। परिणामस्वरूप कैयौं हजार मानिस विस्थापित भए र त्यहाँ व्यापक लुटपाट तथा धनसम्पत्ति विनाश भयो। सरकारी तथ्याङ्कअनुसार, पाँचवटा मस्जिदलगायत तीन सय भन्दा बढी भवनहरू क्षतिग्रस्त वा नष्ट पारिएका थिए र तीमध्ये आगो लगाइएका २०० भन्दा बढी घर थिए। छिमेकी दाङ जिल्लामा पनि हिंसा सल्कियो जहाँ एउटा मस्जिदलगायतका धनसम्पत्ति नष्ट पारिए र धेरैजना अस्थायीरूपमा विस्थापित भए। हिंसा भएयता घटनाहरूबारे जानकारी सङ्कलन गर्न तथा सम्बन्धित समुदायहरूको आधारभूत आवश्यकता एवं थप हिंसा हुन नदिन चाल्नुपर्ने कदम दुवैका सम्बन्धमा गर्नुपर्ने प्रतिक्रियाको पहिचान गर्न मानवीय सङ्गठन, स्थानीय राज्यअधिकारी तथा नागरिक समाजहरूसँग सम्पर्क गर्न कपिलवस्तुमा उच्चायुक्तको कार्यालयको झन्डै अनवरत उपस्थिति रहेको छ।

सुरक्षाफौजको अत्यन्त कम उपस्थिति तथा प्रहरी, स्थानीय तथा राष्ट्रिय राज्यअधिकारीहरूको ढिलो तथा अपर्याप्त प्रतिक्रियाले कानुनहीनता तथा मरणान्तक हिंसा सिर्जनामा फेरि व्यापक योगदान दिएको निष्कर्ष यस कार्यालयका अनुसन्धानहरूले निकाले। सर्वसाधारणको संरक्षणका लागि राज्यले गर्नुपर्ने सकारात्मक हस्तक्षेपभित्र कानुन कार्यान्वयन मात्र नभई शासनको सुनिश्चितता एवं तनाव कम गर्न तथा कुण्ठाहरूलाई सम्बोधन गर्न समुदायहरूबीच संवाद सुरु गराउने कुरा पनि पर्दछन्। नागरिक समाज र स्थानीय राज्य निकायहरूले कपिलवस्तुमा यस सम्बन्धमा पहल सुरु गरेका छन् र त्यस्तै पहल सन् २००६ को अन्त्यमा कम्तीमा एकजनाको हत्या तथा धनसम्पत्तिको विनाशको कारण बन्ने गरी भएको अन्तरसाम्प्रदायिक हिंसापछि नेपालगन्जमा भएका थिए। तर तनावका मूलभूत कारणहरूलाई सम्बोधन गर्न सरकार तथा राज्यअधिकारीहरूद्वारा आफैं अग्रसर भएर चालिने कार्य तथा निवारक उपायहरू नगरिए तराईमा हिंसा हुने थप गम्भीर जोखिम रहेको छ। त्यसबाहेक, आपराधिक हिंसाका लागि जवाफदेहिताको प्रश्नलाई सम्बोधन गरिनैपर्छ। अक्टोबरको अन्त्यसम्ममा, प्रहरी अनुसन्धान तथा हिंसाको छानबिन गर्न गठन भएको विशेष समिति हत्या र चोटपटकमा होइन लुटपाट र धनसम्पत्तिको विनाशमाथि मात्र केन्द्रित थिए।

## ५ मत, अभिव्यक्तिको तथा भेला हुन पाउने स्वतन्त्रताको अधिकार

मत, अभिव्यक्तिको तथा भेला हुन पाउने स्वतन्त्रताको अधिकारमाथिको सम्मान निर्वाचन प्रक्रियालगायत प्रजातन्त्रको पुनर्स्थापना गर्ने उद्देश्य लिइएको कुनै पनि प्रक्रियाको केन्द्रमा हुन्छन् र ती सम्झौताका प्रावधानहरूमा समावेश गरिएका छन्। राजनीतिक तथा नागरिक समाजका गतिविधिहरू २०६४ वैशाखको

---

[४] प्रतिकार समिति भनेको कानुनविपरीत कार्य गर्नेलाई आफ्नै तरिकाले कारबाही गर्ने सर्वसाधारण व्यक्तिहरूको आत्मरक्षा समूह हो। यस्ता समूहहरू सुरक्षाफौज र खासगरी (शा)नेसेको अव्यक्त समर्थनमा नेकपा (माओवादी)को प्रभावको प्रतिरोध गर्न पश्चिमी तराईका केही जिल्लामा सक्रिय थिए। त्यस क्षेत्रमा प्रतिकार समितिका गतिविधि द्वन्द्वका क्रममा अधिकांशतः पहाडेबाट सुरु भएको माओवादी विद्रोहको निकट रहेका वा समर्थन गर्ने भनी हेरिएका पहाडेहरूको ठूलो सङ्ख्यामा हत्या तथा मृत्युको कारण बन्यो।

युद्धविरामअघि भन्दा बढी खुल्ला तथा व्यापकरूपमा सञ्चालन गरिएका छन् तथा देशभरि धेरै र्‍याली, विरोध प्रदर्शन तथा अन्य प्रदर्शनहरूको आयोजना पनि गरिएका छन्। तथापि, सन् २००७ को अवधिमा मत, अभिव्यक्तिको तथा भेला हुन पाउने स्वतन्त्रताको अधिकारहरूको अभ्यासमा बढ्दो सङ्ख्यामा व्यवधान र जोखिमहरू आएका छन्। सशस्त्र समूहका सम्बन्धमा माथि नै केही व्याख्या गरिसकिएको छ। त्यसबाहेक, राज्यअधिकारीहरूको आक्रामक वा हिंसात्मक प्रदर्शनप्रति प्रतिक्रियाको अभाव – कहिलेकाहीं प्रदर्शनकारीहरूलाई संरक्षण गर्न जवाफको अभावमा र अरू बेला हत्या र चोटपटक लाग्ने गरी भएको बलको अत्यधिक प्रयोगमार्फत् – निरन्तर चिन्ताको विषय भएको छ। त्यसबाहेक, नेकपा (माओवादी)का कार्यकर्ताहरूले धम्की, अपहरण, आक्रमण तथा अपवादका घटनामा हत्या तथा बेपत्ता पार्ने कार्यमार्फत् मत, अभिव्यक्तिको तथा भेला हुन पाउने स्वतन्त्रताको अधिकारका सम्बन्धमा डर र त्रासको वातावरण सिर्जना गरिरहेका छन्। अन्ततः अरूको अधिकारको सम्मान गर्नुपर्ने आफ्नो कर्तव्यको उल्लङ्घन गर्दै प्रदर्शनकारीहरूद्वारा भएका अरूविरुद्ध हिंसा वा हिंसाको धम्कीका घटनाहरू पनि बारम्बार अभिलिखित गरिएका छन्।

*राज्यअधिकारीहरू*

यस अवधिमा भेला हुन पाउने, मत, अभिव्यक्ति तथा सङ्गठन गर्न पाउने स्वतन्त्रतामाथि राज्यद्वारा लगाइएको औपचारिक बन्देज सिंहदरबारस्थित सरकार तथा संसदको परिसरनजिक प्रदर्शनहरूमाथि लगाइएको केही बन्देज तथा विरोध प्रदर्शनका क्रममा हिंसा भड्केपछि जारी गरिएको कर्फ्यु आदेशमा सीमित गरिएका छन्। तथापि, केही प्रदर्शनहरूलाई नियन्त्रण गर्दा भएको अत्यधिक बलको प्रयोगले भेला हुन पाउने स्वतन्त्रता तथा बाँच्न पाउने अधिकारमाथि प्रभाव पारेको छ। सन् २००६ सेप्टेम्बरमा उच्चायुक्तको कार्यालयले २००६ अप्रिलको विरोध प्रदर्शनका क्रममा भएको बलको अत्यधिक प्रयोगसम्बन्धी एक प्रतिवेदन जारी गर्‍यो। यसमा यस्तै थप हिंसा हुन नदिने उद्देश्यले चाल्नुपर्ने कदमहरूसम्बन्धी विविध प्रकारका सिफारिस रहेका थिए। अधिकांश सिफारिसहरू आजसम्म कार्यान्वयन गरिएका छैनन्।[६] प्रहरीसँगका धेरै बैठक एवं प्रहरीका लागि आयोजित तालिम तथा सङ्क्षिप्त जानकारीका क्रममा उच्चायुक्तको कार्यालयले शङ्कितहरूको पक्राउ तथा थुना, भिड नियन्त्रण कारबाही तथा निर्वाचन प्रक्रियाका क्रममा समेत प्रहरी कारबाहीका सन्दर्भमा मानवअधिकारलाई सम्मान गर्नुपर्ने महत्त्वमाथि निरन्तर जोड दिएको छ।

उच्चायुक्तको कार्यालयद्वारा अनुगमन गरिएका कैयौं प्रदर्शनहरूमा प्रहरी कारबाही राम्रो भए पनि र प्रहरीले कहिलेकाहीं आक्रामक वा अत्यन्त हिंसात्मक स्थितिको सामना गर्नुपरे पनि बलको प्रयोग परिस्थितिअनुरूप उपयुक्त हुनुपर्छ। समग्रमा, विगतमा जस्तै घातक बलको प्रयोगका सम्बन्धमा लगायतका समान प्रकारका उल्लङ्घनहरू अभिलिखित गरिएका छन् र यसले व्यवहारमा परिवर्तनलाई संस्थागत गर्न अझै बाँकी रहेको देखाउँछ।

सम्झौतामा हस्ताक्षर भएयता भिड नियन्त्रणका सन्दर्भमा सप्रब तथा नेप्रद्वारा भएका प्रत्यक्ष संलग्नता – बन्दुकको प्रयोग वा गम्भीर कुटपिटसमेत – को परिणामस्वरूप कम्तीमा २७ मृत्यु भएको तथा धेरैलाई चोटपटक लागेको छ। उच्चायुक्तको कार्यालयको तथ्याङ्कअनुसार प्रदर्शन वा विरोध प्रदर्शनका सन्दर्भमा प्रहरी (नेप्र र/वा सप्रब)ले बन्दुक प्रयोग गरेको वा कुटपिट गरेको परिणामस्वरूप सन् २००७ मा मध्यमाञ्चल (१२ जना) र पूर्वाञ्चल (१४जना)मा २६ जना मारिए। सन् २००६ डिसेम्बरको अन्त्यमा नेपालगन्जमा लुटपाट तथा विरोध प्रदर्शनका क्रममा एकजनालाई गोली हानी मारियो। मधेशी आन्दोलनका क्रममा १९ जना मारिए। यीमध्ये दसवटा घटनामा प्रहरी कारबाहीको स्वभावले गर्दा नेप्र वा सप्रबका

[६] http://nepal.ohchr.org/en/index.html

कर्मचारी को जिम्मेवार थिए भनी निर्क्योल गर्न असम्भव भयो। प्रहरीद्वारा विरोध प्रदर्शनका क्रममा मारिएका कम्तीमा चारजना १८ वर्षमुनिका थिए।

यीमध्ये अधिकांश घटनामा उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित हत्याको परिस्थितिले ती व्यक्तिहरू बलको अत्यधिक प्रयोगको परिणामस्वरूप मारिएको सङ्केत गर्‍यो। मधेशी आन्दोलनका क्रममा, नेप्र तथा सप्रबले भिडतर्फ सिधा गोली प्रहार गरेको वा प्रदर्शनकारीहरूले उत्तेजित नपारी उनीहरूलाई कठोरतापूर्वक कुटपिट गरेको उच्चायुक्तको कार्यालयले अवलोकन गर्‍यो। नेप्र र सप्रबद्वारा माघ ८ गते भिडमाथि प्रत्यक्षतः धातुको गोली चलाउँदा मारिने चारजनामध्ये एक १६ वर्षे युवक थिए। मध्यमाञ्चलमा विरोध प्रदर्शनका सन्दर्भमा मारिनेहरूमध्ये वीरगन्जमा कठोरतापूर्वक कुटिएका एक रिक्सा चालक थिए। विशेषगरी, जस्तोसुकै परिस्थिति भए तापनि बलको प्रयोगलाई उचित ठहर्‍याउन कर्फ्यु आदेशको प्रयोग गर्नेबारे उच्चायुक्तको कार्यालयले निरन्तर चिन्ता जाहेर गरेको छ। कैयौं घटनामा, कर्फ्यु आदेश कार्यान्वयन गर्ने सन्दर्भमा त्यस्तो बलको प्रयोग उचित रहेको तर्कका आधारमा प्रदर्शनकारीहरूमाथि घातक बलको प्रयोग गरिएको कुरा प्रहरीले स्वीकार गरेको छ। मधेशी आन्दोलनका क्रममा यस्तो घटना भयो र २००७ अक्टोबरमा सप्रबद्वारा एकजना लिम्बुवान कार्यकर्तालाई मारिएको घटनामा पनि यस्तै भयो। कर्फ्यु आदेशले आफूहरूलाई भिडमाथि गोली प्रहार गर्ने असीमित अधिकार दिएको कुरा एक सप्रब अधिकारीले उच्चायुक्तको कार्यालयलाई बताए। तर मङ्सिर ७ गते उच्चायुक्तको कार्यालयका प्रमुखसँगको बैठकका क्रममा सप्रबका प्रहरी महानिरीक्षकले सप्रबको यस्तो नीति रहेको कुरालाई अस्वीकार गरे। पूर्वाञ्चल क्षेत्रमा एक युवकलाई गोली हानी मारिएको अर्को एउटा घटनापछि उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका नेपाल प्रहरीले भिड नियन्त्रणका लागि पहिलोपल्ट आफूहरूको परिचालन भएको बताए र कसरी अगाडि बढ्ने भन्नेबारे आफूहरूले कुनै विशिष्ट निर्देशन वा तालिम नपाएको दाबी गरे।

माथि उल्लेख गरिएझैं, भेला हुन पाउने स्वतन्त्रतासँग सम्बन्धित मानवअधिकार उल्लङ्घनभित्र प्रदर्शनअघि वा त्यसका क्रममा हुने त्रास तथा हिंसाका कार्य रोक्न राज्यअधिकारीहरू विफल भएको स्थिति पनि पर्दछ। यस अवधिमा भएको सबैभन्दा गम्भीर त्यस्तो घटना गौरमा चैत ७ गते भएको नेकपा (माओवादी)का २७ कार्यकर्ताको हत्यासँग सम्बन्धित थियो, जुन उच्चायुक्तको कार्यालयको अनुसन्धानमा आधारित प्रतिवेदन[७]मा पहिल्यै अभिलिखित गरिसकिएको छ। मधेशी जनअधिकार फोरम (फोरम) र नेकपा (माओवादी)/योङ्ग कम्युनिष्ट लीग (वाईसीएल)ले एउटै ठाउँमा सँगसँगै र्‍यालीहरूको आयोजना गरेपछि उनीहरूबीच स्पष्टसँग तनाव बढेको भए तापनि स्थानीय राज्यअधिकारीहरू स्थितिलाई नियन्त्रण गर्न सक्षम भएनन् र त्यस क्षेत्रमा उपस्थित कैयौं हजार सप्रब एवं नेप्रले फोरम समर्थक भिड नेकपा (माओवादी)का कार्यकर्तामाथि जाइलागेर गरेको पाशविक आक्रमणलाई रोक्न केही पनि गरेनन् (दण्डहीनता पनि हेर्नुहोस्)।

*नेकपा (माओवादी)*

साथै, नेकपा (माओवादी)का कार्यकर्ताहरू आफैं पनि पत्रकार, राजनीतिक दलका सदस्य एवं अरूको अपहरण तथा उनीहरूमाथि आक्रमण गर्ने एवं एउटा बेपत्ता पार्ने कार्यका लागि जिम्मेवार छन्। सम्झौतायता नेकपा (माओवादी)का कार्यकर्ताद्वारा गरिएको भनी आरोपित पाँचवटा हत्यामध्ये एकजना पीडित पत्रकार र अर्का राजनीतिक दलका सदस्य थिए।

अधिकांश सुदूरपश्चिमाञ्चल (८ वटा घटना) र मध्यमाञ्चल (पाँचवटा घटना)मा भएका पत्रकार र सञ्चारमाध्यमलाई प्रभाव पार्ने १४ वटा घटनाको दोष नेकपा (माओवादी)का कार्यकर्तालाई लगाइयो।

[७] http://nepal.ohchr.org/en/index.html

पत्रकार संलग्न भएको सर्वाधिक गम्भीर घटना बारा जिल्लाका पत्रकार वीरेन्द्र साहको नेकपा (माओवादी)का कार्यकर्ताले असोज १८ गते अपहरण गरेपछि गरिएको हत्या थियो (तल हेर्नुहोस्)। नेकपा (माओवादी)ले आफ्ना केही कार्यकर्ता जिम्मेवार रहेको कुरा स्वीकार गऱ्यो। उनीहरूले जिम्मेवारहरूलाई पार्टीबाट निष्काशन गरिसकिएको र पीडकहरूविरुद्धको कारबाहीमा प्रहरीलाई सहयोग गर्ने बताए। साहको शव कात्तिक २२ गते पाइयो। आजसम्म, पीडकहरू अझै फरार छन्। हत्या स्वीकार गरेको वक्तव्यलाई ध्यानमा राख्दै, उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा भएका जारी अपहरणहरू (तल हेर्नुहोस्)प्रति आफ्नो चिन्ता तथा बेपत्ता पार्ने कार्य र अपहरण त्यस्ता दुर्व्यवहारका सबैभन्दा खराब परिणाम हुन् भन्ने कुरा दोहऱ्यायो।

वि.सं. २०६४ असार २१ गते राजतन्त्रवादी पत्रकार प्रकाश ठकुरीलाई कञ्चनपुरमा अपहरण गरियो र उनी रहेको ठाउँ अझै अज्ञात छ। आफूलाई नेसनल रिपब्लिकन आर्मी भन्ने एउटा समूहले जिम्मेवारी लियो र पत्रकारको हत्या भइसकेको बतायो, तर शव प्राप्त भएको छैन। नेकपा (माओवादी)ले जिम्मेवारी अस्वीकार गऱ्यो तर अपहरणका सम्बन्धमा उसका एक कार्यकर्तालाई केही समयपछि पक्राउ गरियो र पछि रिहा गरियो। वीरेन्द्र साहको घटनामा दिइएको ध्यान र राज्यअधिकारीहरूमाथि भएको बढ्दो दबाबले गर्दा नोभेम्बरमा नेकपा (माओवादी)का कार्यकर्तालाई पक्राउ गरियो र सँगै पक्राउ गरिएका नेकपा (माओवादी)का अर्का कार्यकर्तालाई पछि रिहा गरियो।

नेकपा (माओवादी)सँग आबद्ध ट्रेड युनियनद्वारा कान्तिपुर तथा द हिमालयन टाइम्सजस्ता सञ्चारगृहमा लगायत श्रमिक विवादका सन्दर्भमा भएका कैयौं घटनाहरू पनि रिपोर्ट गरिएका छन्। ट्रेड युनियनहरूसँग श्रमिक विवादमा कार्य गर्ने केही अधिकार भए तापनि विरोध प्रदर्शनका सन्दर्भमा प्रयोग गरिएका धम्की र अन्य गैरकानुनी कारबाहीका रिपोर्टहरू पनि प्राप्त भएका छन्, जुन कानुनविपरीत छन्।

उच्चायुक्तको कार्यालयले अधिकांशतः जुलाई र अक्टोबरको बीचमा नेकपा (माओवादी)का कार्यकर्ताहरू आफैं राजनीतिक दलका सदस्यहरूलाई लक्ष्यित गरिएको अपहरण (२३ घटना), आक्रमण वा बेइज्जत गर्ने कार्य (२३ घटना)मा संलग्न भएको ३६ जिल्लाबाट आएका ४६ वटा रिपोर्टको अनुगमन गऱ्यो। घटनाको उद्देश्य सम्बन्धित व्यक्तिको राजनीतिक आबद्धतासँग कतिसम्म सम्बन्धित थियो भन्ने सधैं स्पष्ट नभए तापनि कैयौं घटनामा व्यक्तिहरूलाई भ्रष्टाचार गरेको आरोप लगाइएको थियो वा उनीहरू व्यक्तिगत विवादमा संलग्न थिए - केहीलाई उनीहरूको राजावादीसँग सम्बन्ध भएको ठानिएकाले लक्ष्यित गरिएको थियो। राजनीतिक दलका सदस्य तथा समर्थकहरूविरुद्ध त्रासको वातावरण सिर्जना गर्ने त्यस्ता घटनाको उद्देश्य रहेको छ। त्यस्ता आक्रमण र अपहरण नेकपा (माओवादी)द्वारा गरिएको मानवअधिकारसम्बन्धी प्रतिबद्धताविपरीत मानवअधिकार दुर्व्यवहार तथा उल्लङ्घनसरह हुन्छन्।

रिपोर्ट गरिएका घटनाहरूमध्ये ३६ वटामा नेका/नेका-प्रजातान्त्रिकका समर्थकहरू, १८ वटामा नेकपा-एकीकृत मार्क्सवादीका सदस्य तथा १५ मा राप्रपाका सदस्यहरू संलग्न थिए। (तर, राप्रपाविरुद्ध भएका केही घटनाहरू राजावादीविरुद्धको अभियानको शृङ्खलाको अङ्गका रूपमा नेकपा (माओवादी)सँगै सात दल गठबन्धन (सात)का दलहरूको पनि सहभागिता थियो भन्ने कुरालाई ध्यानमा राखिनुपर्छ।) तल रिपोर्ट गरिएझैं, एक अपहृत नेका-प्रका सदस्य पछि मृत अवस्थामा पाइएका थिए, यद्यपि शवको पहिचान पुष्टि गर्न डीएनए परीक्षण गर्न भने अझै बाँकी छ।

उच्चायुक्तको कार्यालयलाई रिपोर्ट गरिएका अन्य घटनाहरूमा राप्रपाका एक पूर्व सदस्य तथा पूर्व जिविस सभापतिलाई "कालोमोसो दल्ने कार्य" तथा जिल्लाबाट निष्काशन गर्ने प्रयास (जुलाईमा); विद्यालयको रकममा भ्रष्टाचार तथा आर्थिक हिनामिना गरेको आरोप लागेका एकजना नेकपा-एमालेका पूर्व गाविस

अध्यक्षलाई असोज ४ गते कालोमोसो दल्ने कार्य; पूर्व जिविस सभापति तथा वर्तमान राजपाका जिल्ला सचिवको घरको पर्खाल कोर्ने तथा उनका मोहीलाई निष्काशन गर्ने कार्य; तथा राजाको शासनका समर्थक भनी आरोपित एक व्यक्तिको घरमा कोर्ने कार्य छन्।

*अरूको अधिकारको सम्मान गर्नुपर्ने विरोध प्रदर्शनकारीको दायित्व*
उच्चायुक्तको कार्यालय विशेषगरी हिंसात्मक विरोध प्रदर्शनका सन्दर्भमा अरूको नागरिक तथा राजनीतिक अधिकारको सम्मान गर्न राजनीतिक दल तथा मधेशी, जनजाति/आदिवासी तथा अन्य समूहहरू विफल भएकोमा पनि गम्भीररूपमा चिन्तित छ। अभिसन्धिमा सुरक्षित अरूको अधिकारहरूलाई नष्ट गर्ने अधिकार कुनै पनि राज्य, व्यक्ति वा समूहसँग छैन भनी आईसीसीपीआरले उल्लेख गर्दछ। सङ्गठन तथा व्यक्तिहरूले शान्तिपूर्णरूपमा भेला हुन पाउने तथा आफ्नो भन्दा भिन्न धारणा तथा मत राख्न पाउने अरूको अधिकारहरूको सम्मान गर्नैपर्छ।

समीक्षा गरिएको अवधिमा हजारौंको सहभागिता रहेका र्‍यालीलगायतका धेरै विरोध प्रदर्शनहरू शान्तिपूर्ण भएका छन्। तथापि, मधेशी आन्दोलन एवं अन्य प्रदर्शन तथा विरोध प्रदर्शनका क्रममा इँटा हान्ने तथा धनसम्पत्तिमा क्षति पुर्‍याउने कार्यलगायतका व्यापक हिंसा भएका छन्। मधेशी वा अन्य सङ्गठनहरूद्वारा आयोजित विरोध प्रदर्शनहरूको समाचार सङ्कलन गर्दा पत्रकारहरू कहिलेकाहीँ कुटिएका छन्। मधेशी आन्दोलनका क्रममा भएको एउटा घटनामा शान्तिको आह्वान गर्दै आयोजित "सद्भावना" र्‍यालीको समाचार सङ्कलन गरिरहेका पत्रकारहरूलाई अघिल्लो दिन भएको फोरमको घटनाको समाचार सङ्कलन नगरेको आरोप लगाउँदै फोरमको आइरहेको एउटा समूहद्वारा अचानक आक्रमण गरिएको भनियो। अन्ततः उनीहरूलाई भिडले उद्धार गर्‍यो र लाठी तथा फलामको छडले कुटिएपछि उनीहरूमध्ये दुईलाई अस्पतालमा भर्ना गरियो।

आउँदा हप्ताहरूमा आम विरोध प्रदर्शनको घोषणा तथा विभिन्न सङ्गठनहरूद्वारा राखिएका मागहरूको कुनै समाधान नआए हतियार उठाउने केही समूहहरूको धम्कीका सन्दर्भमा, आफ्ना मागहरूलाई सम्बोधन गर्न सरकारलाई घच्घच्याउने कुनै पनि विरोध प्रदर्शन, प्रदर्शन वा अन्य गतिविधिहरू शान्तिपूर्ण हुनैपर्छ तथा तिनले अरूको अधिकारको सम्मान गर्नैपर्छ भनी उच्चायुक्तको कार्यालय सशक्तरूपमा वकालत गर्दछ।

## ६ स्वतन्त्रता, शारीरिक अखण्डता, सुरक्षाको अधिकार

राज्य संस्था तथा नेकपा (माओवादी)का सङ्गठनहरूले स्वतन्त्रता, सुरक्षा तथा शारीरिक अखण्डतासँग सम्बन्धित सम्झौता तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका प्रावधानहरूको उल्लङ्घन गरेका छन्। नेकपा (माओवादी)सँग सम्बन्धित भएको आशङ्का गरिएकाहरूलाई गोप्य थुनामा दिइएको यातना (विशेषगरी नेसेको ब्यारेकमा) चैत-वैशाखको आन्दोलनअघि ठूलो मात्रामा रोकिसकेको थियो तर प्रहरीद्वारा आपराधिक कार्यमा शङ्कितमाथिको योजनाबद्ध यातना तथा स्वेच्छाचारी थुना जारी रहेको छ।[८] त्यसबाहेक, द्वन्द्वका क्रममा सामान्य रहेका केही अभ्यासहरू - अधिकांशतः सशस्त्र समूहमा रहेको आरोप लागेका व्यक्तिहरूको पक्राउका सम्बन्धमा - कहिलेकाहीँ पुनः देखिएका छन्। यिनमा गोप्य थुना, कुटपिट, रिहाईसँग सम्बन्धित अदालतको आदेशको पालनामा विफलताका कतिपय घटना, सप्रबद्वारा गैरकानुनी (गोप्य) थुनाका कतिपय घटना तथा पक्राउ परेपछि भएको गैरन्यायिक हत्याको एउटा घटना छन्। सम्झौतामा हस्ताक्षरपछि नेकपा

[८] सरकारले यातना तथा अभद्र व्यवहारसम्बन्धी उच्चायुक्तको कार्यालयका आरोपहरूलाई आधारहीन भनेको छ (हेर्नुहोस् नेपाल सरकारको यसैसाथ संलग्न टिप्पणी)।

(माओवादी)द्वारा भएका अपहरण, अभद्र व्यवहार तथा यातनासँग सम्बन्धित मृत्युमा ठूलो कमी आए तापनि सन् २००७ अप्रिल एवं अक्टोबरमा अपहरण, यातना तथा अन्य दुर्व्यवहारहरू ठूलो मात्रामा बढ्न थाले।

वरिष्ठ प्रहरी अधिकारीहरू (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल)ले यी उल्लङ्घनहरूलाई सम्बोधन गर्न आफूहरूले प्रयास गरिरहेको जानकारी उच्चायुक्तको कार्यालयलाई दिए तापनि यस्ता अभ्यासहरूलाई निर्मूल पार्न तथा परिवर्तित व्यवहारलाई संस्थागत गर्न यी प्रयासहरूलाई उल्लेखनीयरूपमा सशक्त बनाउनु आवश्यक छ। त्यसैगरी अपहरण तथा अन्य दुर्व्यवहार रोक्न निर्देशन दिइसकेको भन्ने नोभेम्बरमा आएका अध्यक्ष प्रचण्डका वक्तव्यहरू अत्यन्त महत्त्वपूर्ण छन्, तर जिम्मेवारहरूलाई अनुसन्धान तथा अभियोजनका लागि राज्यअधिकारीहरूसमक्ष हस्तान्तरण गर्न सहयोग गर्नेलगायतका निर्देशन कार्यान्वयन गर्न ठोस कदममा ती परिणत हुनुपर्दछन्।

*राज्यअधिकारीहरू*

प्रहरी हिरासतमा राखिएकाहरूको न्यायिक प्रत्याभूति एवं उचित प्रक्रियाको सम्मान भए नभएको एवं थुनुवाहरूप्रति गरिएको व्यवहारको मूल्याङ्कन गर्न उच्चायुक्तको कार्यालयले प्रहरी चौकीहरूको नियमित भ्रमण गरिरहेको छ र यस वर्षको सुरुदेखि अहिलेसम्म जिल्ला प्रहरी कार्यालय (जिप्रका), क्षेत्रीय प्रहरी कार्यालय (क्षेप्रका) तथा अन्य प्रहरी चौकी तथा महानगरीय प्रहरी वृत्त कार्यालयहरू (काठमाडौं उपत्यकाभित्र)लगायतमा ११० वटा त्यस्ता भ्रमण गरिसकेको छ।

प्रहरीद्वारा भएका गैरकानुनी थुनाका सर्वाधिक गम्भीर घटना काठमाडौंमा सेप्टेम्बरमा भएका तीनवटा बम विस्फोटनमा संलग्न भएको आरोप लागेका चारजनासँग सम्बन्धित थिए। ती चारजना ११ दिनसम्म गोप्य थुनामा राखिएका थिए। प्रारम्भमा उनीहरूलाई थुनामा राखिएको कुरा स्वीकार गरिए तापनि त्यस क्रममा प्रहरीले उनीहरूलाई पक्राउ गरेको थियो भन्ने कुरा उच्चायुक्तको कार्यालयसमक्ष अस्वीकार गर्‍यो र उच्चायुक्तको कार्यालयलाई उनीहरूसँग पहुँच दिन मानेन। भदौ २४/२५ गते उनीहरूलाई पक्राउ गरिएको पुष्टि गर्ने उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित जानकारीका बाबजुद प्रहरीले पछि उनीहरूलाई न्यायाधीशसमक्ष प्रस्तुत गरिएको दिनलाई पक्राउ मितिका रूपमा अभिलिखित गर्‍यो। गोप्य थुनामा राख्दा उनीहरूलाई कुटपिट गरिएको र दबाब दिएर "स्वीकारोक्ति" वा उनीहरूले पढ्न नसक्ने कागजपत्रमा हस्ताक्षर गर्न लगाइएको भनियो। यी चिन्ताहरू सर्वोच्च प्रहरी अधिकारीहरूसमक्ष उठाइएको छ।

प्रहरी चौकीहरूमा आफ्नो भ्रमणका क्रममा तथा सूचनाका अन्य माध्यममार्फत् उच्चायुक्तको कार्यालयले छ महिला बन्दीलगायतमाथि अभद्र व्यवहार तथा अधिकांश आपराधिक शङ्कितहरूमाथि कतैकतै भएका यातनाका झन्डै १०० वटा आरोपहरू प्राप्त गर्‍यो। एउटा १२ वर्षे तथा अर्को १४ वर्षे केटो सहित १२ जना नाबालक रहेको भनियो। आरोप लागेका यातना/व्यवहारमा थप्पड, छडी तथा लाठी तथा पाइपले कुटपिट, छाती, पैताला तथा करङमा लात्ती प्रहार तथा एउटा घटनामा प्राणदण्डको जस्तो अभिनय गर्नेलगायतका रहेका छन्। समयसमयमा उच्चायुक्तको कार्यालयले आरोपहरूसँग मिल्दाजुल्दा चोटपटकहरू देख्यो। कतिपय घटनाहरूमा थुनुवाहरूलाई उच्चायुक्तको कार्यालयसँग कुरा नगर्न धम्की दिइएको थियो र कतिपय अवसरमा थुनुवाहरूलाई उच्चायुक्तको कार्यालयको भ्रमणअघि लुकाइएको भनियो। धेरै अभद्र व्यवहार तथा यातना सोधपुछका क्रममा स्वीकारोक्ति लिने सम्बन्धमा भएका देखिए। सेप्टेम्बरमा, उच्चायुक्तको कार्यालयले मोरङ र सुनसरी जिल्लामा यातना/अभद्र व्यवहार गरिएका एक १४ वर्षे केटोलगायत छ थुनुवाका घटनाहरू प्रहरी अधिकारीहरूसँग उठायो। एउटा घटनामा आन्तरिक छानबिनले चार प्रहरीलाई जिम्मेवार पाएर सामान्य अनुशासनात्मक कारबाही गरे तापनि कुनै फौजदारी अनुसन्धान गरिएको छैन।

सन् २००७ फेब्रुअरीमा, विराटनगरमा प्रहरीद्वारा पक्राउ गरिएको एक व्यक्ति यातनाको परिणामस्वरूप मारिएको र जुनमा काभ्रेमा अर्को व्यक्तिलाई स्पष्टसँग सडकमा कुटपिट गरी मारिएको भनिएको छ। कात्तिक ३० गते, अगस्टमा बारामा पक्राउ परेपछि मारिएका सशस्त्र समूहका सदस्य भनी आरोपित एक व्यक्तिको हत्या गैरन्यायिक हत्या भएको भन्ने निष्कर्ष निकालेको आफ्नो अनुसन्धानका निष्कर्षबारे चिन्ता उठाउँदै उच्चायुक्तको कार्यालयले प्रहरी महानिरीक्षकलाई पनि एक पत्र लेख्यो। उच्चायुक्तको जानकारीमा सो मृत्युबारे कुनै फौजदारी अनुसन्धान सुरु गरिएको छैन।

सन् २००७ मार्चमा, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष प्रतिवेदकले मानवअधिकार परिषद्समक्ष एउटा प्रतिवेदन (ए/एचआरसी/४/३३/तप.२) प्रस्तुत गरे जसमा उनले सेप्टेम्बरमा गरेको नेपाल भ्रमणपछि तयार पारेको प्रतिवेदनमा गरिएका सिफारिसहरूको अनुगमनको मूल्याङ्कन संलग्न थियो। सिफारिसहरूमध्ये धेरै अझै कार्यान्वयन हुन बाँकी छन्। उनले विशेषगरी यातनाका लागि जवाफदेहिता, प्रहरीद्वारा आपराधिक कार्यमा शङ्कितहरूमाथि नियमित यातना तथा अभद्र व्यवहार तथा उचित प्रक्रियाको अधिकारमाथिको नियन्त्रण एवं अत्यधिक बलको प्रयोगसँग सम्बन्धित विषयहरूका प्रश्न अझै सम्बोधन हुन बाँकी रहेको निष्कर्ष निकाले।

प्रहरी चौकीहरूको भ्रमणका क्रममा उच्चायुक्तको कार्यालयले थुनुवाहरूलाई पक्राउ/थुनुवा पुर्जी नदिइएको, नाबालकहरूको थुना अनुपयुक्त अवस्थामा भएको, थुनुवा दर्ता पुस्तिका अनियमितरूपमा राखिएका तथा अदालतमा लैजानुपर्ने दिनभन्दा बढी अवधिसम्म थुनुवाहरूलाई राखिएको धेरै घटनाहरू अभिलिखित गरेको छ। उच्चायुक्तको कार्यालयको प्रत्यक्ष संलग्नतापछि प्रहरी अधिकारीहरूद्वारा यीमध्ये केही अनियमितता सम्बोधन गरिएका छन्, तर तदर्थरूपबाट मात्र।

उच्चायुक्तको कार्यालयले राष्ट्रिय निकुञ्ज हिरासत केन्द्रमा यातना तथा स्वेच्छाचारी थुनालगायतका मानवअधिकार उल्लङ्घनबारे कैयौं चिन्ताहरू उठाएको छ र राष्ट्रिय निकुञ्जका अधिकारीहरूसँग यी मुद्दाहरूलाई सम्बोधन गर्ने उपायहरूबारे अहिले छलफल गरिरहेको छ। (राष्ट्रिय निकुञ्जको सम्पत्तिमाथि अपराध गर्ने भनी आशङ्कितहरूलाई थुन्ने तथा सजाय दिने अधिकार राष्ट्रिय निकुञ्जका रक्षकहरूलाई हुन्छ।)

त्यसबाहेक, उच्चायुक्तको कार्यालयले सशस्त्र समूहका भनी आरोप लागेका व्यक्तिहरूको पक्राउ तथा थुनाको अनुगमन गरिरहेको छ। विशेषगरी शान्ति तथा सुरक्षालाई खलल पार्ने उद्देश्यले गरिने हिंसा नियन्त्रण गर्न कारबाही बढाउन गृह मन्त्रालयले २०६३ चैत १९ गते दिएको निर्देशनपछि प्रहरीले बेलाबेलामा बढी सशक्त कारबाही गरेको र सशस्त्र समूहसँग सम्बन्धित भएको आरोप लागेका व्यक्तिहरूलाई पक्राउ गरेको सङ्केत पाइएका थिए। सन् २००७ अप्रिलयता मध्यमाञ्चल तथा पूर्वाञ्चल क्षेत्रमा सशस्त्र समूहका भनी आरोपित कैयौं सदस्यहरू पक्राउ परिसकेका छन्। "आत्मसमर्पण" गरेपछि रिहा भएका केही सहित उल्लेखनीय सङ्ख्यामा रिहा भइसकेका छन् र सशस्त्र समूहमा पुनः संलग्न नहुने तथा केही घटनामा राज्यअधिकारीहरूलाई नियमितरूपमा रिपोर्ट गर्ने वाचा गर्ने व्यक्तिहरूविरुद्ध कुनै अभियोग लगाइएको छैन। कुनै कानुनी आधार भएको नदेखिने यस्तो अभ्यास सशस्त्र द्वन्द्वका बेला सामान्य थियो।

सशस्त्र समूहहरूसँग सम्बन्धित पक्राउमा सप्रब बढ्दोरूपमा संलग्न भएको छ र मध्य तथा पूर्वाञ्चलका तराई जिल्लामा सप्रबद्वारा छोटो अवधिका लागि केही थुनुवालाई गैरकानुनीरूपमा राखिएको तथा सोधपुछ गरिएको थियो। सप्रबसँग थुन्ने वा सोधपुछ गर्ने अधिकार छैन, न उनीहरूसँग थुनाकेन्द्र वा थुना दर्ता पुस्तक नै छ र यसरी स्वेच्छाचारी थुनामा नपर्ने अधिकार तथा उचित प्रक्रियाको अधिकार उल्लङ्घन हुने अवस्था सिर्जना हुन्छ। सप्रबले सशस्त्र समूहसँग आबद्ध भएको आशङ्कामा व्यक्तिहरूलाई समातेको र छोटो

समयपछि उनीहरूलाई रिहा गरेको दुईवटा घटना नोभेम्बरमा रौतहटमा उच्चायुक्तको कार्यालयले अभिलिखित गर्‍यो। सप्रबले पक्राउबारे नेप्रलाई जानकारी नदिएको र न त उनीहरूलाई रिहा गर्नुअघि प्रहरीको जिम्मा नै लगाएको रिपोर्ट गरियो। ती घटनाहरूमध्ये एउटामा शङ्कितहरूलाई उनीहरूले अपहरण गरेको व्यक्तिसँगै पक्राउ गरिएको थियो। मोर्चा-ज्वाला सिंह समूहका आरोपित सदस्यहरू अपहृत व्यक्तिसँगै पक्राउ परे तापनि उनीहरूसँग कुनै हतियार नरहेको स्पष्ट तर्कका आधारमा सबैलाई रिहा गरियो। अपहृत व्यक्ति नै पछि कात्तिक १० गते मारियो, जसलाई जासुस भएको आरोप लगाउँदै मोर्चा-ज्वाला सिंहले उनको हत्याको जिम्मेवारी लियो।

मईमा, उच्चायुक्तको कार्यालयले सशस्त्र समूहसँग सम्बन्धित भएको आरोप लागेका कतिपय व्यक्तिहरूलाई अदालतको आदेशबाट रिहा गर्न आदेश दिइए तापनि अन्य अभियोगमा उनीहरूलाई तुरुन्त पुनः पक्राउ गर्ने नयाँ अभ्यासबारे चिन्ता जाहेर गर्न गृह मन्त्रालयलाई पत्र लेख्यो। अप्रिलमा भएको एउटा घटनामा अदालतले रिहा गर्ने आदेश दिएपछि पनि एक थुनुवालाई कैयौं दिनसम्म गोप्य थुनामा राखियो। उनलाई अन्ततः एउटा प्रहरी चौकीबाट अर्को जिल्लाको कारागारमा लगियो। मईयता पूर्वाञ्चलमा नोभेम्बरमा त्यस्ता दुईवटा पुनःपक्राउका घटनाहरू रिपोर्ट गरिएका छन्।

द्वन्द्वका क्रममा पक्राउ परेका तथा आतङ्ककारी तथा विध्वंशात्मक गतिविधि (नियन्त्रण तथा सजाय)सम्बन्धी अध्यादेश (टीएडीओ)[९] - जुन पछि हट्यो - अन्तर्गत पक्राउ परेका नेकपा (माओवादी)सँग सम्बन्धित अधिकांश थुनुवाहरू कारागारबाट रिहा गरिए तापनि अधिकांश फौजदारी अभियोगका साथ कैयौं अझै थुनामै रहेका छन्। यीमध्ये कम्तीमा ३३ जनालाई स्पष्टसँग शान्ति सम्झौताको प्रावधानअनुरूप मन्त्रिपरिषद्ले उनीहरूविरुद्धको अभियोग फिर्ता लिएपछि २००७ मा मुक्त गरिएको रिपोर्ट गरिएको छ। थुनामा रहिरहेका नेकपा (माओवादी)सँग सम्बन्धित कम्तीमा २९ थुनुवामध्ये १७ जनालाई अभियोग लगाइएको तथा पक्राउ पर्दा नाबालक रहेका तीन महिलासमेत १२ जना अझै पुर्पक्षपूर्वको थुनामा रहेको जानकारी उच्चायुक्तको कार्यालयलाई छ। ती तीन महिलालाई उचित प्रक्रियाको अधिकारको उल्लङ्घन गर्दै क्रमशः सन् २००० तथा २००१ देखि पुर्पक्षपूर्वको थुनामा राखिएको छ। एक थुनुवा सन् १९९८ देखि र अन्य दुई सन् २००३ देखि पुर्पक्षपूर्वको थुनामा रहेका छन्।

तथापि उच्चायुक्तको कार्यालय अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुसार राज्य अभिकर्ता भए पनि गैरराज्य पात्र भए पनि गम्भीर मानवअधिकार उल्लङ्घन वा दुर्व्यवहारसरह हुनसक्ने कसुर गरेको आरोप लागेको कसैले पनि क्षमादान पाउनुहुँदैन भन्ने कुरामा चिन्तित छ। विस्तृत शान्ति सम्झौताभित्रै कैदमा रहेकाहरूको स्थिति सार्वजनिक गर्न तथा उनीहरूलाई तुरुन्त रिहा गर्न दुवै पक्षलाई राजनीतिक कारणले व्यक्तिहरूविरुद्धको अभियोग तथा सिकायत फिर्ता लिन अनुमति प्रदान गर्ने दफा रहेको छ। गम्भीर मानवअधिकार उल्लङ्घन वा दुर्व्यवहारमा जिम्मेवार भएको मान्ने तर्कपूर्ण आधार भएको विश्वास गर्ने घटनाहरूमा संलग्न कसैको पनि अभियोग फिर्ता लिने तथा रिहा गर्ने कुराको उच्चायुक्तको कार्यालय विरोध गर्दछ। नोभेम्बरमा, नेकपा (माओवादी)का कार्यकर्ताहरूले नेकपा (माओवादी)का अन्य कार्यकर्ताहरूविरुद्धको अभियोग फिर्ता लिन दबाब दिन दुईजना अदालतका कर्मचारीलाई अपहरण गरे (तल दण्डहीनता/जवाफदेहितामा हेर्नुहोस्)। शान्ति प्रक्रियाका सन्दर्भमा भएका केही सम्झौताहरू (उदाहरणका लागि सेप्टेम्बरमा सीबीईएससँग भएको सम्झौता)मा व्यक्तिहरूविरुद्धको अभियोगको वैधानिकतामाथि विचार नगरी विभिन्न सङ्गठनका सदस्यहरूलाई रिहा गर्न दिने दफाहरू समावेश गरेको कुरालाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ।

[९] टीएडीओअन्तर्गत थुनामा परेकाहरूको घटनामा धेरै अनियमितता भएको उच्चायुक्तको कार्यालयले अभिलिखित गरेको थियो तथा सो अध्यादेशले मानवअधिकार सिद्धान्तहरूको उल्लङ्घन गरेकाले त्यो आफै अत्यन्त आलोचित भएको थियो।

नेकपा (माओवादी)का केही थुनुवाहरूलाई गरिएको रिहा र स्पष्ट क्षमादानपछि फौजदारी कसुर गरेको आरोप लागेका थुनुवाहरूले आममाफीको माग गर्दै कैयौं कारागारमा लामो विरोध प्रदर्शनको आयोजना गरे। केही घटनामा, कारागारका अधिकारीहरूलाई लामो अवधिसम्म कारागारमा थुनेर राखियो भने कारागारका पूर्वाधार नष्ट गरियो। वि.सं. २०६४ असार ७ गते गृह मन्त्रालयले कारागार सुधारसम्बन्धमा एउटा उच्चस्तरीय समिति गठन गर्‍यो। चार सांसद, दुई मानवअधिकारकर्मी तथा कारागार व्यवस्थापन विभाग (विभाग)का महानिर्देशक रहेको सात सदस्यीय समितिले ५० वटा कारागारको भ्रमण गरी देहायका कुराहरूमा अभिकेन्द्रित हुनुपर्ने थियो : कैदीहरूको आममाफीसम्बन्धी मागमाथिको प्रतिक्रिया; राम्रो व्यवहार भएका थुनुवाहरूका लागि समयभन्दा पहिले नै रिहा गर्ने विद्यमान कानुन तथा नियमावलीको समीक्षा; तथा कारागारको पूर्वाधारमा सुधार गर्नुपर्ने आवश्यकताको मूल्याङ्कन। सेप्टेम्बरमा, उच्चायुक्तको कार्यालय तथा अन्तर्राष्ट्रिय रेडक्रस समिति (आईसीआरसी)ले विभागसँग मिलेर पहिलोपटक देशभरिका कारागार व्यवस्थापकहरूका लागि कारागारसम्बन्धी मानवअधिकारका मुद्दाहरूबारे एउटा चारदिने कार्यशालाको आयोजना गरे। यसमा कारागार सुधार समितिका सदस्यहरूको पनि उपस्थिति थियो। गम्भीर चोटपटक तथा कम्तीमा एकजनाको मृत्यु हुने गरी कारागारहरू - विशेषगरी मोरङ जेल - भित्र भएका हिंसात्मक घटनाहरूका सम्बन्धमा अनुसन्धानलगायतका उपयुक्त अनुगमनको अभावबारे पनि उच्चायुक्तको कार्यालयले कैयौं पटक चिन्ता उठाएको छ।

*नेकपा (माओवादी)*

सम्झौतामा हस्ताक्षरपछि तुरुन्तै नेकपा (माओवादी)बाट भएका अपहरण, आक्रमण, अभद्र व्यवहार तथा अन्य दुर्व्यवहारको सङ्ख्यामा उल्लेख्यरूपमा कमी आए तापनि राजनीतिक सङ्कटको पृष्ठभूमिमा सन् २००७ अप्रिलयता र विशेषगरी अक्टोबर/नोभेम्बरमा त्यसमा पुनःवृद्धि भएको छ। सम्झौतामा हस्ताक्षर हुनुभन्दा केही अघि अपहरणपछिको हत्या तथा आत्महत्याको एउटा ढाँचा रोकिएको थियो। त्यसपछि त्यस्ता तीनवटा घटना रिपोर्ट गरिएका छन्। एउटा घटनामा, रोल्पा जिल्लामा सन् २००६ डिसेम्बरमा नेकपा (माओवादी)को बन्दी अवस्थामा रहँदा एक व्यक्तिको मृत्यु भयो। उनले आत्महत्या गरेको भन्ने नेकपा (माओवादी)को दाबीमाथि स्रोतहरूले प्रश्न उठाए। त्यसपछि अपहरणपश्चात् भएका मृत्युका अन्य दुईवटा घटनामा नेकपा (माओवादी)ले जिम्मेवारी स्वीकारेको वीरेन्द्र साहको अपहरण तथा हत्या (माथि उल्लेख गरिएको) तथा मध्यपश्चिमाञ्चलको हुम्ला जिल्लामा नेकपा (माओवादी)द्वारा फागुन २६ गते अपहरण गरी पछि बेपत्ता बनाइएका नेपाली काङ्ग्रेस-प्रजातान्त्रिकका सदस्यसँग सम्बन्धित घटना रहेका छन्। नेकपा (माओवादी)ले उनी भागेको दाबी गर्‍यो। तर, पीडितको भनी सोचिएको एउटा शव जुनमा पाइयो र बन्दी अवस्थामा रहँदा लागेको चोटपटकका कारण उनको मृत्यु भएको हुनसक्ने ठूलो सम्भावना रहेको विश्वास गरिएको छ। सन् २००७ जुलाईमा भएको कञ्चनपुरका पत्रकारको अपहरण तथा बेपत्ता पार्ने कार्य (माथि उल्लेख गरिएको)मा संलग्न भएकोमा नेकपा (माओवादी)का एक कार्यकर्ता प्रहरीद्वारा पक्राउ परे। भोजपुर जिल्लामा मार्चमा १८ वर्षे एक युवकलाई अज्ञात कारणले कुटेर मारिएपछि नेकपा (माओवादी)का दुई कार्यकर्तालाई पार्टीबाट निष्कासित गरी - अपवादका रूपमा - प्रहरीको जिम्मा लगाइयो।

फोरमका एक सदस्य पनि काठमाडौंमा जेठ ३० गते अपहरणमा परेपछि बेपत्ता पारिए। तर, उनको अपहरण भनिएको घटनाका लागि वाईसीएल जिम्मेवार रहेको भन्ने प्रारम्भिक रिपोर्टलाई उच्चायुक्तको कार्यालयले पुष्टि गर्न सकेन।

सम्झौतामा हस्ताक्षर भएदेखि सन् २००७ अक्टोबरसम्ममा, उच्चायुक्तको कार्यालयले देशका विभिन्न भागमा १९२ जनाको अपहरण भएको पुष्टि गरेको छ : मध्यमाञ्चलमा ७५, पश्चिमाञ्चलमा ४६, मध्यपश्चिमाञ्चलमा ३४, सुदूरपश्चिमाञ्चलमा २० तथा पूर्वाञ्चलमा १८ जना। अपहरणहरू पूर्णरूपमा नभए पनि प्राथमिकरूपमा

"कानुन कार्यान्वयन" गतिविधि वा नेकपा (माओवादी)को सामाजिक मान्यता लागू गर्ने सन्दर्भमा - उदाहरणार्थ "नाजायज" यौन सम्बन्ध - गरिएका थिए। केही माथि उल्लेख गरिएका राजनीतिक गतिविधिहरू बिथोल्ने क्रममा पनि भए। धेरै घटनामा, अपहृतहरूलाई सोधपुछ गरिएको र कहिलेकाहीँ कठोरतापूर्वक कुटिएको पाइयो। कतिपय घटनामा, उच्चायुक्तको कार्यालयले समातिएकाहरूसम्म पहुँच प्राप्त गर्न लामो ढिलाइ भएको अनुभव गर्‍यो। यसका अतिरिक्त, सन् २००७ नोभेम्बरमा भएको एउटा घटनामा वाईसीएलका एक नेताले आफूले एक पीडितलाई शारीरिक क्षति पुर्‍याउने धम्की दिएको भनेर पटकपटक उच्चायुक्तको कार्यालयलाई भने। उच्चायुक्तको कार्यालयद्वारा जुनमा जारी एउटा प्रतिवेदनले वाईसीएलद्वारा भएका अपहरण, अभद्र व्यवहार तथा यातनालगायतका मानवअधिकार दुर्व्यवहारका आरोपहरूलाई अभिलेखन गर्‍यो।

बन्दी अवस्थाको अवधि सामान्यतया केही घण्टा वा केही दिनसम्म रहने गरे तापनि केहीलाई एक हप्तासम्म वा त्यसभन्दा बढी राखिएको छ र पीडितहरूलाई त्यसपछि प्रहरीको जिम्मा लगाइएको छ वा मुक्त गरिएको छ। सम्झौतायता नेकपा (माओवादी)का कार्यकर्ताहरूले अपराधमा आशङ्कित व्यक्तिहरूलाई बढी सङ्ख्यामा प्रहरीको जिम्मा लगाएका र केही ठाउँमा प्रहरीले सहयोगलाई सकारात्मक भनी व्याख्या गरेका छन्। तथापि, व्यक्तिहरूलाई सोधपुछका लागि अज्ञात स्थलमा लैजाने कार्य तथा कहिलेकाहीँ अभद्र व्यवहार वा यातनाले सर्वाधिक आधारभूत मानवअधिकार सिद्धान्तको उल्लङ्घन गर्दछ। कतिपय घटनामा, कुटपिट गरेको आरोपसहित स्पष्टसँग देखिने चोटपटक लागेका व्यक्तिहरूलाई प्रहरीको जिम्मा लगाइन्छ र अभद्र व्यवहार वा यातना भएकोमा कुनै कारबाही गरिँदैन। बेपत्ता पार्ने कार्य तथा हत्याहरू यी अभ्यासका सर्वाधिक खराब परिणाम हुन्, जसले मानवअधिकारको पक्षपोषण गर्ने नेकपा (माओवादी)का प्रतिबद्धतालाई अवमूल्यन गर्दछ। उच्चायुक्तको कार्यालयले यी चिन्ताहरू नेकपा (माओवादी)को सबै तहमा बारम्बार उठाएको छ र यी अभ्यासहरू अन्त्य गरियोस् भन्ने कुरा सुनिश्चित गर्न नेतृत्वसँग आफ्नो आह्वान दोहर्‍याउँछ।

## ७ समानान्तर संरचनाहरू

सम्झौताले सम्बन्धित पक्षहरूलाई कुनै पनि समानान्तर संरचना भङ्ग गर्न प्रतिबद्ध गराउँछ। सम्झौतामा हस्ताक्षर गरेपछि र विशेषगरी अन्तरिम संविधान लागू भएपछि, नेकपा (माओवादी)ले अधिकांश भागमा आफ्नो जनसरकार तथा "जनअदालत" भङ्ग गर्‍यो। "जनअदालत"बाट लामो अवधिका लागि बलपूर्वक श्रम गर्ने "सजाय पाएका" कैयौं व्यक्तिहरूलाई मुक्त गरियो वा प्रहरीको जिम्मा लगाइयो। तथापि, विभिन्न स्वरूपका स्थानीय मध्यस्थता तथा "न्याय" संयन्त्रहरू - उदाहरणार्थ कैलाली र बैतडीका "जनन्याय समिति" - केही ठाउँमा जारी राखिए। हालै, नेकपा (माओवादी)/वाईसीएलले केही क्षेत्रमा केही क्षेत्रमा "सामाजिक अपराध"मा केन्द्रित भएर तथा रक्सीको बिक्री तथा उपभोगमा निषेध लगाएर सहित बढ्दोरूपमा समानान्तर "प्रहरी" गस्ती सञ्चालन गरिरहेको रिपोर्ट गरिएको छ। वि.सं. २०६४ साउन १९ गतेको प्रेस विज्ञप्तिमा घोषणा गरिएझैं "जनसमस्या समाधान गर्न तथा जनतालाई न्याय प्रदान गर्न मद्दत" गर्न संयुक्त क्रान्तिकारी परिषद्लाई नगरपालिका तहसम्म स्थापना गर्ने नेकपा (माओवादी)को हालैको निर्णयका सम्बन्धमा पनि चिन्ता रहेका छन्। "जनन्याय समिति" जस्तै, उच्चायुक्तको कार्यालयले त्यस्ता गतिविधिका सन्दर्भमा धम्की र त्रास दिइएका सिकायतहरू प्राप्त गर्न थालेको छ।(स्वतन्त्रता, सुरक्षा, शारीरिक अखण्डता पनि हेर्नुहोस्)

नेकपा (माओवादी)द्वारा हालै शिक्षक, पर्यटक तथा अन्यबाट चन्दा उठाउने जस्ता गतिविधि पुनः सुरु गरिनु पनि चिन्ताको कुरा हो। स्पष्टरूपमा धम्कीसहित नआएको भए तापनि दबाब, धम्की, त्रास तथा हिंसात्मक कार्य गर्ने नेकपा (माओवादी)को क्षमताको जानकारीका कारण प्रायः "चन्दा" दिइन्छ।

## ८ भेदभावहीनता/सामाजिक समावेशीकरण/सहभागिता

जाति, जातीयता, लिङ्ग, भौगोलिक तथा अन्य कारणका आधारमा हुने गरेको लामो समयदेखिको भेदभाव शान्ति प्रक्रियालाई प्रभाव पार्ने अत्यन्त जटिल मुद्दा भएर आएको छ। भेदभावहीनता तथा सार्वजनिक मामलाको सञ्चालनमा प्रत्यक्षतः वा छानिएको प्रतिनिधिमार्फत् सहभागी बन्ने व्यक्तिगत अधिकारलगायत सहभागी बन्ने अधिकारका सम्बन्धमा नेपाल सरकारका व्यापक अन्तर्राष्ट्रिय दायित्व रहेका छन्। यी दायित्वहरूमा, अन्य कुराका अतिरिक्त सीईआरडी, आईसीसीपीआर, महिलाविरुद्धको भेदभाव उन्मूलन महासन्धि (सेडा), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसीईएससीआर) तथा आदिवासी जनजातिसँग सम्बन्धित आईएलओ महासन्धि १६० संलग्न छन्।

नयाँ कानुन पारित गरिएको छ र राजनीतिक सहमति भएको छ, जसले सरकारको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व पूरा गर्नेसम्बन्धमा केही प्रभाव पार्नुपर्दथ्यो। सम्झौताले भेदभावलाई सम्बोधन गर्न दुवै पक्षलाई प्रतिबद्ध गरायो। अन्तरिम संविधानले पहिलोपल्ट धारा १४ मा भेदभावविरुद्धको अधिकार तथा छुवाछूतविरुद्धको अधिकार[१०]लाई मौलिक अधिकारका रूपमा परिभाषित गर्दै यससम्बन्धी प्रावधानलाई संलग्न गऱ्यो। तर, यी प्रावधानहरूले स्पष्टरूपमा निजी स्थलमा हुने भेदभावका कार्यलाई निषेध गर्दैनन्, न त त्यस्तो कार्यमा सजाय गर्ने तथा क्षतिपूर्ति दिलाउने कानुन कार्यान्वयन गर्न आदेश दिने प्रावधान नै तिनमा समावेश छन्। त्यस्तो प्रावधानबिना कार्यान्वयन चुनौतीका रूपमा रहिरहन्छ।

अर्को महत्त्वपूर्ण नयाँ कानुन सन् २००६ नोभेम्बरमा पारित नागरिकता ऐन हो, जसले तराईलगायतमा पहिलोपटक धेरैलाई नागरिकताको प्रमाणपत्र प्राप्त गरायो। यस ऐनले पनि उदाहरणार्थ आमा तथा बाबु दुवैका नाममा छोराछोरीलाई नागरिकता दिने अनुमति दिएर लैङ्गिकतामा आधारित भेदभावको केही पक्षलाई हटायो। तर सो ऐनमा अझै महिलाविरुद्ध केही भेदभावयुक्त प्रावधान रहेका थिए। विशेषगरी सो ऐनले गैरनागरिकसँग विवाह गर्ने नेपाली पुरुषका श्रीमती र छोराछोरीका तुलनामा गैरनागरिकसँग विवाह गरेकी नेपाली महिलाका श्रीमान् तथा छोराछोरीका लागि थप कुरा आवश्यक पर्ने व्यवस्था गरेको छ।

विशेषगरी ऐनले जग्गाधनी/मोही प्रमाणपत्र वा त्यो नभए तीनजना (विद्यमान) नागरिकको स्वीकृतिलगायतका कागजात आवश्यक ठहर गरेको कुरामाथि विचार गर्दा केही मधेशी, दलित तथा मुस्लिम समुदाय र यी समुदायका महिलाहरूले नागरिकताको प्रमाणपत्र पाउन नसक्ने सम्बन्धमा पनि केही चिन्ता रहिरहेका छन्।

सम्झौतामा, औपचारिक वक्तव्य तथा अन्तरिम संविधानमा समावेशीकरणको प्रतिबद्धताका बाबजुद सामाजिक बहिष्कार एउटा ठूलो समस्या रहिरहेको छ। महिला, मधेशी, दलित, जनजाति तथा अन्य सीमान्तकृत समुदायहरूको अधिकांश राजनीतिक दलका केन्द्रीय समिति, अदालत तथा प्रहरीजस्ता राज्य संरचना, स्थानीय निकाय तथा अन्य सङ्गठनहरूमा अत्यन्त न्यून प्रतिनिधित्व अझै छ। अगस्टमा नयाँ निजामती सेवा विधेयक पारित गरियो, जसले कुल पदमध्ये ४५ प्रतिशतमा महिला (४५ मध्ये ३३ प्रतिशत), मधेशी (२२

[१०] छुवाछुत पहिले नै फौजदारी कसुरका रूपमा विद्यमान थियो तर अन्तरिम संविधानले क्षतिपूर्तिको अधिकारलगायत छुवाछुतविरुद्धको अधिकारलाई पहिलोपटक मौलिक अधिकारका रूपमा परिभाषित गऱ्यो।

प्रतिशत), जनजाति/आदिवासी (२७ प्रतिशत), कथित 'पिछडिएको क्षेत्र' (दुर्गम/कम विकसित क्षेत्र) (४ प्रतिशत), दलित (९ प्रतिशत) तथा शारीरिकरूपमा चुनौतीपूर्ण मानिसहरू (५ प्रतिशत) राख्नुपर्ने आवश्यक गरायो तर कानुन अझै कार्यान्वयन हुन बाँकी छ। सरकारले अक्टोबरमा महिला तथा सीमान्तकृत समुदायका लागि नेप्र र सप्रबमा पदहरूको आरक्षण गरिने घोषणा गऱ्यो। मध्य नोभेम्बरमा, नयाँ प्रावधानहरूलाई समावेश गर्न नेपाल प्रहरी नियमावली तथा सशस्त्र प्रहरी नियमावलीमा संशोधन गरियो। यी आरक्षण कार्यान्वयन हुनसक्ने गरी नयाँ भर्ना प्रक्रियाको घोषणा नगरिएको भए तापनि उच्चायुक्तको कार्यालयले तिनको कार्यान्वयनको अनुगमन गर्नेछ। तथापि, यसले मन्त्रिपरिषद्द्वारा १९ भिन्न मन्त्रालय तथा आठवटा समिति र कार्यालयहरूमा हालै नियुक्त गरिएका ३५ जना सचिवमा एक मात्र महिला रहेको रिपोर्ट पायो।

संविधानसभा निर्वाचनका सन्दर्भमा, संविधानसभाको ४९७ सिटमध्ये २४० सिट समानुपातिक प्रतिनिधित्व प्रणालीद्वारा भरिनेछ। संविधानसभा निर्वाचन ऐन आफैंमा राजनीतिक दलहरूको उम्मेदवार सूचीमा सीमान्तकृत समुदायहरूको समानुपातिक प्रतिनिधित्व तथा उम्मेदवारहरूमध्ये कम्तीमा ३३ प्रतिशत महिला आवश्यक पर्ने जटिल प्रावधान रहेका छन्। संसद्ले पूर्णरूपमा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने कुरालाई समर्थन गर्ने प्रस्ताव हालै पारित गऱ्यो। तर, यसको कार्यान्वयनका लागि संविधान संशोधन आवश्यक पर्छ। लागू भयो भने यसले आरक्षण प्रणालीलाई कसरी प्रभावित पार्छ भन्ने कुरा अस्पष्ट छ। उच्चायुक्तको कार्यालय कुनै विशेष निर्वाचन वा सरकारी व्यवस्थाको वकालत वा समर्थन गर्दैन तर अन्तर्राष्ट्रिय मापदण्डअनुरूप पर्याप्त सहभागिता तथा भेदभावविहीनताको अधिकारलाई सम्मान गर्नु आवश्यक छ भन्ने कुरालाई आफ्नो वकालतको आधार बनाउँछ।

शान्ति प्रक्रियामा महिलाको प्रतिनिधित्व तथा सहभागिताको विषयलाई कमै सम्बोधन गरिएको छ। सुरक्षा परिषद्को प्रस्ताव १३२५ ले प्रस्तावमा द्वन्द्वको समाधान तथा रोकथाम एवं शान्ति तथा सुरक्षा कायम राख्ने सबै पक्षमा महिलाको समान प्रतिनिधित्व तथा पूर्ण संलग्नताको महत्त्वमाथ जोड दिनुपर्ने कुरामा पुनः सहमति जनायो। यसले सदस्य राष्ट्रहरूलाई द्वन्द्व समाधान तथा रोकथामका सबै निर्णयकारी तहमा महिलाको अझ बढी प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्न सदस्यराष्ट्रहरूलाई आह्वान गऱ्यो। सम्झौता तथा संविधानमा महिलाको अधिकार तथा प्रतिनिधित्वलाई मान्यता प्रदान गरिए पनि सरकार तथा राजनीतिक दलका सबै तहमा महिलाको सहभागिताको ठूलो अभावलाई सम्बोधन गर्ने सन्दर्भमा व्यावहारिकरूपबाट थोरै मात्र प्रगति भएको छ। महिला सांसद, कार्यकर्ता तथा राजनीतिक दलका सदस्यहरूले यसप्रति ठूलो निराशा तथा चिन्ता व्यक्त गरेका छन् र यी सिद्धान्तहरूप्रति साँचो प्रतिबद्धता जाहेर गर्न सकारात्मक कारबाहीको आवश्यकता छ।

सीमान्तकृत समुदायहरूसँगको वार्ताका सन्दर्भमा सरकार अन्य कुराका अतिरिक्त प्रतिनिधित्व, समावेशीकरण, आदिवासीको अधिकारको सम्मान तथा सार्वजनिक मामिलामा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्वसँग सम्बन्धित विषयमा साउन २३ गते नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन)सँग, भदौ १४ गते फोरमसँग र भदौ २७ गते सीबीईएससँग सम्झौतामा पुग्यो। तर, संवादको सो प्रक्रिया पूर्ण सहभागितात्मक नभएको र त्यसले सबै सीमान्तकृत समुदायहरूको धारणालाई प्रतिविम्बित नगरेको कुरालाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ। परिणामस्वरूप, सबै समुदायहरूले साझा स्वामित्वको वा आफूहरूसँग साँचो परामर्श गरिएको कुराको अनुभूति गर्न सकेका छैनन्। साथै, सम्झौतामा हस्ताक्षर गर्ने सङ्गठनहरूले पनि मन्द गतिमा भएको कार्यान्वयनलाई चुनौती दिइरहेका छन्। भिन्न समुदायहरूसँग छुट्टाछुट्टै संवाद र वार्ता भइरहेको र छुट्टाछुट्टै सम्झौता भइरहेको अवस्थामा सहभागिता, भेदभावविहीनता तथा दलित, मधेशी, आदिवासी/जनजाति एवं अन्य सीमान्तकृत समुदायहरूको प्रतिनिधित्वको प्रश्नमाथि विस्तृत कार्यपद्धतिको अभाव रहिरहेको छ। सहभागिताको अधिकारका सन्दर्भमा संवादको प्रक्रियाले त्यसले

नेपालका भौगोलिकरूपमा दुर्गम तथा अलग्गिएका भागमा बस्नेहरूको धारणालाई प्रतिबिम्बित गर्ने कुरा सुनिश्चित गर्नैपर्छ। आदिवासी/जनजाति समुदायहरूमध्ये केही अत्यन्त सीमान्तकृत छन् र आफ्नो भाषा, पहिचान र संस्कृति गुमाउने खतरामा रहेका छन्। उनीहरूको व्यक्तिगत तथा सामूहिक अधिकारमाथिको यो खतरालाई स्वीकार गरी संरक्षित गरिनैपर्छ।

राष्ट्रिय वा जिल्ला तहमा भएका संवादमा देशका दुर्गम भागमा दलितको सहभागिताको अभावलाई पनि उच्चायुक्तको कार्यालयले ध्यानमा लिएको छ। दलित समुदायहरू निर्णय गर्ने तथा राज्य संरचनामा सर्वाधिक न्यून प्रतिनिधित्व भएका छन्। राज्यको भविष्यसम्बन्धी कुनै पनि छलफलले आदिवासी/जनजाति क्षेत्रमा अल्पसङ्ख्यकको अधिकार संरक्षित भएको तथा मधेशीसँगको संवादमा लगायत दलित अधिकार तथा प्रतिनिधित्वबारे छलफल भएको कुरा सुनिश्चित गर्नैपर्छ।

यी प्रश्नहरूको अनुभूति भएको सन्तोषजनक समाधानको अभावमा राजनीतिक सहभागिता, प्रतिनिधित्व, आत्मनिर्णय तथा स्वायत्तताको आफ्ना मागहरूलाई सम्बोधन गर्न अझ बढी उल्लेख्य उपायहरू अवलम्बन गर्न सीमान्तकृत समुदायहरूले सरकारलाई दबाब दिइरहेकाले वर्षभरि विरोध प्रदर्शन, ऱ्याली तथा बन्दहरू जारी रहेका छन्। तराई क्षेत्रभरि भएका निरन्तरका बन्दले आवतजावत गर्न तथा चिकित्सा सहायता तथा शिक्षालगायतका आधारभूत सेवामा पहुँच पाउने स्वतन्त्रतामा गम्भीर असर पारेको छ। विरोध प्रदर्शनकारीहरू समयसमयमा ढुङ्गा प्रहार तथा धनसम्पत्तिको क्षति एवं अन्यमाथि शारीरिक आक्रमण गर्ने कार्यमा लाग्दा विरोध प्रदर्शनका क्रममा पनि अनेकौं हिंसात्मक कार्य भएका छन्।

पहिले नै माथि उल्लेख गरिएझैं, सकारात्मक हस्तक्षेप गरी हिंसा रोक्नमा भएको कारबाहीको अभाव मात्र होइन अत्यधिक बलको प्रयोगका कारण पनि अनेकौं अवसरमा सुरक्षाफौजका कार्यमाथि प्रश्नचिन्ह लगाइएको छ। माघ २ गते अन्तरिम संविधानको एउटा प्रति जलाएकोमा मधेशी कार्यकर्ताहरूलाई गरिएको पक्राउ तथा गैरकानुनी थुनापछि फोरमले तराईव्यापी हड्तालको आयोजना गऱ्यो, जुन पछिल्ला हप्ताहरूमा तीव्र भयो र लहानमा माघ ५ गते नेकपा (माओवादी)का एक कार्यकर्ताद्वारा एक विरोधकर्तामाथि गरिएको मरणान्तक गोली प्रहारपछि यो अझ फैलियो। कहिलेकाहीं हिंसात्मक भएको सो विरोध प्रदर्शनका सन्दर्भमा कम्तीमा २४ व्यक्तिको मृत्यु भयो र तीमध्ये १९ जनाको प्रहरी कारबाहीको परिणामस्वरूप मृत्यु भएको थियो (माथि हेर्नुहोस्)। यस अवधिमा एक प्रहरी पनि मारिए। यी घटनाहरूका लागि क्षतिपूर्तिको अभाव पनि तनावमा वृद्धिको कारण बनेका छन्। आदिवासी तथा अन्य समूहद्वारा सरकारले आफ्ना माग पूरा नगरे नयाँ हिंसा गर्ने धम्की पनि हालै आएका छन्। उच्चायुक्तको कार्यालय त्यस्ता सबै समूहलाई आफ्ना मागको वकालत गर्न शान्तिपूर्ण माध्यमको मात्र प्रयोग गर्न आह्वान गर्दछ।

साथै, संविधानसभाको निर्वाचनबाट मात्र गहिरोसँग जरा हालेर बसेको भेदभावलाई निर्मूल गर्न सकिंदैन भन्ने कुरालाई ध्यानमा लिनुपर्छ। भेदभावकारी अभ्यासहरूलाई गैरकानुनी बनाउने विद्यमान कानुन कार्यान्वयन गर्न तथा कानुनमा विद्यमान अन्य भेदभावकारी प्रावधानलाई संशोधन गर्न धेरै कुरा गर्न सकिन्छ र गर्नुपर्ने छ। यसमा भेदभावकारी अभ्यासका लागि जिम्मेवार जोसुकैलाई उसको कार्यका लागि अदालतसमक्ष जवाफदेही बनाउने कुरा पनि पर्दछ। विश्वास अभिवृद्धिका उपायहरू तथा सबैभन्दा बढी उपेक्षा तथा भेदभाव खेपेका समुदायलाई सार्वजनिक सेवा प्रदान कार्यमा सुधार गर्ने कुरा पनि महत्त्वपूर्ण कदम हुनेछन्।

## ९ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ईएससीआर)को प्राप्ति पनि नेपालमा भेदभावसँग घनिष्ठताका साथ गाँसिएको छ। जमिन, खाना, स्वास्थ्य, वासस्थान, पानी तथा अन्य आधारभूत आवश्यकताहरूको

पहुँचमा भएको ठूलो भिन्नता द्वन्द्वका मूल कारणहरूमध्येका थिए र सङ्क्रमण प्रक्रियामा यी प्रमुख मुद्दा भइरहेका छन्। सम्झौतामा पक्षहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारप्रति प्रतिबद्ध गराउने संयन्त्र तथा नीतिबिनै त्यसो गराउने धेरै प्रकारका प्रावधानहरू छन्। संविधानसभाको निर्वाचनसम्मको राजनीतिक प्रक्रिया, सुरक्षा तथा अन्य मुद्दाहरूमाथिको संकेन्द्रणले विशेषगरी मध्य तथा दीर्घकालीनरूपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई प्रभावित पार्ने मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने कुराबाट ध्यान अन्यत्र मोडेको छ। मईमा, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले नेपाल सरकारको दोस्रो आवधिक प्रतिवेदनमाथिको चिन्तनसम्बन्धी आफ्नो अन्तिम पर्यवेक्षण प्रस्तुत गऱ्यो (ई/सी.१२/एनपीएल/सीओ/२)। सरकारद्वारा लिइएका कैयौं सकारात्मक कदमहरूको यसले स्वागत गऱ्यो तर सँगसँगै आफ्ना सन् २००१ का अधिकांश सिफारिसहरू कार्यान्वयन नगरिएकोमा खेद व्यक्त गऱ्यो। यसका चिन्ताहरूमा विशेषगरी ग्रामीण क्षेत्रमा चरम गरिबी, कानुनी प्रत्याभूतिका बाबजुद जारी रहेको लैङ्गिक असमानता, मानव बेचबिखन, उच्च बेरोजगारी, घरेलु हिंसा तथा बालश्रमिक रहेका थिए। राष्ट्रिय आवास नीतिको अभाव, जातीय भेदभाव, न्याय तथा प्राथमिक शिक्षामाथिको पहुँचको अभाव एवं कमजोर स्वास्थ्यसेवाबारे पनि चिन्ता व्यक्त गरिएका थिए। समितिका अन्तिम पर्यवेक्षणमा गरिबीविरुद्ध लड्नमा भएको प्रगतिको मूल्याङ्कन गर्ने संयन्त्र स्थापना गर्नेलगायतका अनेकौं सिफारिसहरू रहेका थिए।

गरिबी निवारणका सम्बन्धमा उच्चायुक्तको कार्यालयका सम्भाव्य रणनीतिहरू जाँच्न फेब्रुअरीमा नेपाल आएको संयुक्त राष्ट्रसङ्घीय परामर्शदाताहरूको एउटा टोलीले पनि सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व सङ्क्रमणमा एउटा महत्त्वपूर्ण संकेन्द्रण रहेको भए तापनि आर्थिक तथा सामाजिक भेदभावलाई सम्बोधन गर्न गरिबी निवारणको कार्यक्रम तथा अन्य उपायहरूलाई व्यापक उपेक्षा गरिएको उल्लेख गरेको थियो। सो समितिले अन्य कुराका अतिरिक्त नेपालमा रहेको व्यापक गरिबी तथा न्यून मानव विकास[११]को विषयलाई विकास सबै क्षेत्रमा पुगोस् भन्ने कुरा सुनिश्चित गर्न तथा नेपालका विविध समुदायहरूको अधिकारलाई स्वीकार गर्नमा भएको विफलतासँग स्पष्टसँग गाँसिएको निष्कर्ष निकाल्यो।

उच्चायुक्तको कार्यालय आफैले भेदभावको आँखाबाट ईएससीआरमाथि आफ्नो संकेन्द्रण जारी राखेको छ। आफ्नो अनुगमन कार्यको अङ्गका रूपमा उच्चायुक्तको कार्यालयले दलितविरुद्धको लगायत छनोट गरिएका भेदभावका छुट्टाछुट्टै घटनाहरूलाई हेरिरहेको छ र उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमाथि गहिरो प्रभाव पारेका भेदभाव तथा हिंसाका चारवटा ठूला प्रवर्गहरूको पहिचान गरेको छ : जातिमा आधारित पेसामा बलपूर्वक लाग्ने अभ्यास तथा सार्वजनिक स्थल र पानी तथा अन्य संसाधन एवं निजी स्थलहरूमा निषेधलगायतका यी पेसाको परिणामस्वरूप भएका छुवाछूतको ढाँचा; दलित समुदायविरुद्ध सामाजिक-आर्थिक नाकाबन्दी लाद्ने कार्य एवं उनीहरूले त्यस्तो अभ्यास गर्न नमानेमा गैरदलित समुदायका सदस्यबाट व्यक्तिगत वा सामूहिक तहमा हिंसा; आवास जलाएर बलपूर्वक हटाउने कार्य; तथा दलित महिलाविरुद्ध यौनहिंसा। यो भेदभाव तथा हिंसापछि प्रायः राज्यअधिकारीहरूद्वारा उनीहरूका घटना दर्ता गर्न तथा आवश्यक सुधारात्मक कार्य गर्न अस्वीकार गर्ने गरिएको छ। त्यस्ता अवस्थाभित्र खाना, कपडा तथा पर्याप्त आवासलगायत जीविकोपार्जनको पर्याप्त स्तर तथा जीवनस्तरमा निरन्तर सुधारको अधिकारको उल्लङ्घन पर्दछन्।

ईएससीआर तथा भेदभावसम्बन्धी आफ्नो कामका सन्दर्भमा, उच्चायुक्तको कार्यालयले नेपालभरिका समुदायहरूसँग कैयौं पटक छलफल गरेको छ, जसबाट दलित, आदिवासी समुदाय तथा अन्यविरुद्धका अरू कैयौं घटनाहरू विविध कारणले रिपोर्ट नभई रहेको देखिन्छ। यिनमा देहायका कारण पर्दछन्: गैरदलित

---

[११] मानव विकासलाई औसत आयु, साक्षरता, सूचनामाथिको पहुँच, स्वास्थ्य तथा शिक्षा, सहभागिता तथा जीवनस्तरजस्ता शृङ्खलाबद्ध मापदण्डसँग सम्बन्धित यूएनडीपीद्वारा तयार पारिएको तुलनात्मक सूचकाङ्कका आधारमा नापिन्छ।

समुदायबाट प्रतिशोधको डर; दलितद्वारा जातिमा आधारित भेदभाव स्वीकार तथा यसको परिणामस्वरूप उत्पन्न सामाजिक कलङ्क; मानवअधिकार तथा न्यायमा पहुँचको विधिबारे धेरै गाविसहरूमा रहेको न्यूनस्तरको चेतना; न्यायमा पहुँच हुन नदिने गरी राजनीतिक दबाब तथा मध्यस्थता; भेदभाव सहिरहेकाहरूको उजुरी लिन राज्यअधिकारीहरूद्वारा अस्वीकार; शिक्षा तथा संसाधनमाथिका अवरोध; तथा तराईमा भाषागत अवरोध।

आदिवासी समुदायहरूसँगको परामर्शमा संकेन्द्रित समूह छलफल तथा नेपालमा द्वन्द्वपछि आदिवासी थारू परिवारका सदस्यहरूमा परेको द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यको सामाजिक-आर्थिक प्रभावको मूल्याङ्कन गर्न अन्तर्वार्ता पनि समावेश थिए। सो मूल्याङ्कनले धेरै परिवारका सदस्यहरूका लागि ठूलो खाद्य असुरक्षा रहेको देखायो। बेपत्ता पार्ने कार्यले परिवारका सदस्यहरूलाई आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन तथा परिवारका लागि पर्याप्त आय जुटाउने कार्यमा प्रत्यक्ष असर पारेको थियो।

उच्चायुक्तको कार्यालयले पूर्वकमैया (स्वतन्त्र बनाइएका बाँधा मजदुर)को स्थितिको पनि अनुगमन गरिरहेको छ। साउन ९ गते, सुदूर तथा मध्यपश्चिमाञ्चलमा विरोध प्रदर्शनहरूपछि सरकारले पूर्वकमैयाहरूलाई भूमि तथा अन्य सहयोगका उपायहरू छुट्याउन समयसीमा तोक्ने एउटा सम्झौतामा हस्ताक्षर गऱ्यो। सन् २००२ मा बाँधा मजदुरको प्रयोग निषेध गरी उनीहरूलाई ऋणमुक्त गराउने कानुन पारित भए तापनि क्षतिपूर्ति तथा पुनर्स्थापनाका उपायहरू कहिल्यै पूर्णरूपमा कार्यान्वयन गरिएका छैनन्। सो सम्झौतालाई कार्यान्वयन गर्न केही कदमहरू चालिएका छन्। प्रतिवेदनहरूका अनुसार नोभेम्बरसम्ममा कैलाली जिल्ला (सुदूरपश्चिमाञ्चल)का ६,२०० पूर्वकमैया परिवारमध्ये ७०० लाई भूमि तथा अन्य संसाधन छुट्याइएको थियो र स्थानीय नेताहरूले सो सम्झौताअनुसार सन् २००८ अप्रिलसम्ममा पूरा हुनुपर्ने कार्यान्वयनको गति ढिलो भएकोमा चिन्ता व्यक्त गरे।

भेदभावसम्बन्धी भागमा उल्लेख गरिएको नेफिनसँग साउन २९ गते भएको सम्झौतामा सरकारले आईएलओको महासन्धि १६९ लाई अनुमोदन गर्न गरेको प्रतिबद्धता संलग्न थियो। कार्यान्वयनका लागि संस्कृति, जमिन, प्राकृतिक संसाधन, शिक्षा, परम्परागत न्याय, भर्ना तथा रोजगारीको अवस्था, व्यावसायिक तालिम, आदिवासी/जनजातिका लागि सामाजिक सुरक्षा तथा स्वास्थ्य एवं प्रशासनमा परामर्श तथा सहभागिताको संयन्त्र तयार पार्ने कार्य आवश्यक पर्दछन्। केही दिनअघि सरकारले बलपूर्वक श्रम गर्न लगाउने कार्यमाथि प्रतिबन्ध लगाउने आईएलओ महासन्धि १०५ पनि अनुमोदन गऱ्यो। आईएलओले श्रम कानुन, सामाजिक सुरक्षा कानुन, ट्रेड युनियन ऐनमा सुधार, यी कानुनको कार्यान्वयनलाई सहज बनाउने संस्थाको स्थापना तथा श्रम कानुनको कार्यान्वयन सुनिश्चित गर्ने एउटा अनुगमन संयन्त्रको विकासको आवश्यकतालगायतका श्रम बजारमा सुधारका कार्यमा सरकार एवं ट्रेड युनियन तथा कर्मचारी सङ्गठनहरूलाई सहायता गरिरहेको छ।

बलपूर्वक निकाल्ने केही कार्य, जमिनका मालिक र भूमिहीनबीचको द्वन्द्व तथा थारूको नेतृत्वमा रहेका सङ्गठन तथा मोर्चासमेत धेरै प्रकारका सङ्गठनहरूद्वारा भूमि जफत गर्ने कार्यसहित यस अवधिमा भूमिसम्बन्धी मुद्दाहरू बढी खुलेर आएका छन्। सम्झौतामा "वैज्ञानिक भूमिसुधार" गर्ने प्रतिबद्धता गरिएको थियो। तर, अहिले कुनै पनि भूमिसुधार कार्यक्रम वा द्वन्द्व वा निरन्तर अगाडि आइरहेका भूमिसम्बन्धी विवादका क्रममा जफत गरिएका भूमि वा सम्पत्तिलाई प्रभावकारीरूपमा फिर्ता गर्ने कुरा सुनिश्चित गर्ने भूमिसम्बन्धी नीति वा संयन्त्र छैनन्। यी मुद्दाहरू अत्यन्त जटिल छन् र अधिकारको दृष्टिकोणबाट समेत गहन अध्ययनको आवश्यकता छ।

## १० लैङ्गिक मुद्दाहरू[१२]

माथि सम्बोधित महिलाको प्रतिनिधित्वको प्रश्नका अतिरिक्त, सीमान्तकृत समुदायका महिलाहरूलाई प्रभावित गरिरहेको दोहोरो भेदभावलगायतको महिलाविरुद्धको भेदभाव प्रमुख चुनौतीहरूमध्ये एक रहिआएको छ। घरेलु तथा यौनहिंसालगायत लैङ्गिकतामा आधारित हिंसा, बेचबिखनको जोखिम, भेदभावकारी कानुन तथा विशेषगरी दुर्व्यवहार तथा/वा भेदभावका लागि क्षतिपूर्ति खोज्न न्यायमाथिको पहुँचको अभावले महिलाको जीवनमा प्रभाव पारिरहेका छन्।

सम्झौतामा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा तत्काल रोकेर विशेष तरिकाबाट महिलाको अधिकार संरक्षण गर्ने प्रतिबद्धता गरिएको छ। यस वर्ष उच्चायुक्तको कार्यालयसमक्ष यौनहिंसाका करिब ४० वटा घटना रिपोर्ट गरिएका थिए तर यौनहिंसासँग सम्बन्धित सामाजिक बन्देजहरूले गर्दा धेरै घटनाहरू रिपोर्ट गरिँदैनन् भन्ने कुरालाई ध्यानमा राख्नुपर्छ। एउटा विशेष चिन्ताको कुरा के हो भने उच्चायुक्तको कार्यालयसमक्ष रिपोर्ट गरिएका घटनाका पीडित ३८ मध्ये २४ जना १८ वर्षमुनिका बालिका थिए। ती घटनामा माथिल्लो जातिका व्यक्तिहरूद्वारा दलित महिलालाई बलात्कार गरिएको भनी रिपोर्ट गरिएको घटना पर्दछन्। यौनहिंसाका पीडितहरूका लागि न्यायमा पहुँच एउटा गम्भीर समस्या रहिरहेको छ। यसमा प्रहरी प्रतिवेदनको अभावमा चिकित्सकहरूद्वारा चिकित्सकीय परीक्षण गर्न अस्वीकार, चिकित्सा प्रतिवेदनको अभावमा प्रहरीद्वारा जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गर्ने कार्यदेखि कसैगरी अभियोग लगाइएको विरल घटनामा अभियोग फिर्ता लिन पीडित तथा उनको परिवारलाई दिइने धम्कीसम्म पर्दछन्। केही घटनामा बलात्कारको आरोप लागेका व्यक्तिहरूलाई थुनिएको भए तापनि औपचारिक न्याय संयन्त्र भन्दा बाहिर पीडितले सामान्य क्षतिपूर्ति रकम पाउने तथा पीडक फरार हुने स्थितिमा सामुदायिक मध्यस्थतामार्फत् मुद्दाहरू समाधान गर्ने प्रवृत्ति बढिरहेको छ। यौनहिंसाका पीडितहरूलाई सहयोग गर्ने गैससहरू स्थानीय समुदायका सदस्य तथा अन्यद्वारा हिंसाको लक्ष्य भइरहेका छन्। उदाहरणार्थ, पूर्वाञ्चलको एउटा जिल्लामा फोरमका समर्थकहरूले यौनहिंसाको आलोचना गर्नेजस्ता गतिविधिबाट पन्छिन माग गर्दै एउटा स्थानीय महिला सङ्गठनलाई धम्की दिएको भन्ने रिपोर्टहरूको उच्चायुक्तको कार्यालयले अनुसन्धान गऱ्यो।

लैङ्गिक मुद्दाहरूसँग सम्बन्धित कानुनी ढाँचामा उल्लेख्य सुदृढीकरण हुनु जरुरी छ। बलात्कारको उजुरी प्रस्तुत गर्नका लागि हदम्यादको कानुनमा सुधार ल्याउन दिइएको एउटा निवेदनमा सर्वोच्च अदालतका सुनुवाई यस वर्ष बारम्बार स्थगित भएका छन्। घरेलु हिंसासम्बन्धी एउटा विधेयकलाई अन्तिमरूप दिन सरकारद्वारा जुनमा एउटा प्राविधिक समिति स्थापना गरियो। विशेषज्ञहरूको एउटा गोलमेचले मध्यस्थतामा प्राथमिकरूपमा संकेन्द्रित हुनुभन्दा घरेलु हिंसालाई अपराधकरण गर्नुपर्ने महत्त्वमाथि जोड दियो। नोभेम्बरसम्ममा, सो मस्यौदा विधेयकलाई अन्तिमरूप दिन अझै बाँकी थियो। जुलाईमा मानव बेचबिखन (नियन्त्रण) ऐन पारित भयो जसले बेचबिखनको परिभाषालाई विस्तार गर्ने, सजाय वृद्धि गर्ने तथा पीडितको संरक्षण बढाउने एवं बालपीडितलाई १८ वर्षसम्मको भनी परिभाषित गर्नेलगायत बेचबिखनविरुद्धका उपायहरूलाई उल्लेख्यरूपमा सुदृढ बनायो। तर, यसले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार आरोपितमाथि थोपऱ्यो। नयाँ ऐनको प्रभावको मूल्याङ्कन गर्न अझै बाँकी छ।

छ महिनाको अभियानपछि, असोज १६ गते बादी समुदाय (नेपालको पश्चिम, मध्यपश्चिम र सुदूरपश्चिमका)र शान्ति तथा पुनर्निर्माण मन्त्रालयबीच एउटा समझदारीपत्रमा हस्ताक्षर भयो। बादीहरू दलित समुदायमध्ये सबैभन्दा सीमान्तकृत समुदाय हुन् र यौनकर्मीका रूपमा हेरिएका छन् (यद्यपि उनीहरूमध्ये धेरै वेश्यावृत्तिमा संलग्न छैनन्।) सम्झौताले सम्बोधन गरेका कुण्ठाहरूमा अपमानजनक थर जबरजस्ती लिनुपर्ने

---

[१२] आफ्नो टिप्पणीमा नेपाल सरकारले यस भागलाई "व्यक्तिपरक" भएको र टिप्पणी "तथ्य र प्रमाणहरूमा वस्तुपरकरूपमा आधारित हुनुपर्ने" बताएको छ।

प्रथालाई अन्त्य गर्दै आफ्नो रोजाइको थरमा नागरिकता लिने अधिकार; तथा सम्भव भए केही अवस्थामा खाने-बस्ने सुविधासहित बादी समुदायका बालबालबालिकाका लागि निःशुल्क विद्यालय छन्। सो सम्झौताको कार्यान्वयनको अनुगमन गर्न तथा छ महिनाभित्र एउटा प्रतिवेदनको मस्यौदा गर्न सरकारी प्रतिनिधि तथा बादी समुदायका सदस्य रहेको एउटा कार्यसमिति स्थापना गर्नुपर्ने छ।

यौन अभिमुखीकरणका आधारमा पनि भेदभाव भइरहेको छ। महिला तथा पुरुष समलिङ्गी, दुईलिङ्गी तथा तेस्रो प्रकृतिका व्यक्तिलाई प्रहरीद्वारा स्वेच्छाचारी पक्राउ तथा अभद्र व्यवहार भएको आरोपका कैयौं घटनाहरूमा उच्चायुक्तको कार्यालयले सकारात्मक हस्तक्षेप गरेको छ। मङ्सिर ५ र ७ गते सर्वोच्च अदालतले यौन अल्पसङ्ख्यकहरूको संरक्षणका लागि कानुन ल्याउन आग्रह गर्दै दायर निवेदनमाथि अन्तिम सुनुवाई गऱ्यो र यसको निर्णय डिसेम्बरको अन्त्यतिर आउने अपेक्षा गरिएको छ। तेस्रो प्रकृतिका व्यक्तिहरूको समुदायका प्रतिनिधि पनि आफ्नो पहिचानलाई मान्यता दिन नागरिकताको प्रमाणपत्रमा तेस्रो लिङ्गको कोटी समावेश गर्न वकालत गरिरहेका छन्।

## ११ बालअधिकारहरू

युद्धविरामयता तथा विशेषगरी सम्झौतामा हस्ताक्षर भएयता, केही उल्लङ्घन तथा बालबालिकाविरुद्धका दुर्व्यवहारहरू उल्लेख्यरूपमा घटेका छन्। ठूलो सङ्ख्यामा भर्ती गर्ने कार्य अन्त्य भएका छन् र सैन्य प्रयोजनका लागि विद्यालयको प्रयोग केही अपवादबाहेक रोकिएको छ। सन् २००७ जनवरीमा, सरकारले आफूले पहिले हस्ताक्षर मात्र गरेको बालबालिका र सशस्त्र द्वन्द्व तथा बालबालिकाको बिक्री र बाल वेश्यावृत्तिसँग सम्बन्धित बालअधिकार महासन्धिको इच्छाधीन सन्धिपत्रलाई पनि अनुमोदन गऱ्यो। तर, बालबालिकासँग सम्बन्धित नीति तथा कानुन कार्यान्वयनका लागि जिम्मेवार सबै मन्त्रालयहरूबीच समन्वय सुदृढ गर्ने कार्यलगायत बाल संरक्षणको सुदृढीकरण तथा बालअधिकारको संरक्षण गर्ने सम्बन्धमा धेरै चुनौती रहेका छन्। सम्झौता र अन्तरिम संविधानले बालअधिकारको महत्त्वलाई स्वीकार गरेको भए तापनि कानुनी ढाँचा सुदृढ बनाउन अझै जरुरी छ र कानुनको पुनरावलोकन सम्पन्न गर्न अझै बाँकी छ।

सेवामाथिको पहुँच एवं पहिचानको अधिकार सुनिश्चित गर्न अत्यावश्यक जन्म दर्ता अनिवार्य छैन र अत्यन्त न्यून छ। उच्चायुक्तको कार्यालय आफैले प्रहरी हिरासत तथा कारागारमा नाबालकहरूको थुनासम्बन्धी कैयौं अनियमितताहरूलाई अभिलेखन गरेको छ। नयाँ बेचबिखनविरुद्धको कानुनका बाबजुद बालबालिकाहरू बेचबिखनको जोखिममा परि नै रहेका छन्। सानो सङ्ख्यामा अरू व्यक्तिहरू नेकपा (माओवादी)द्वारा उनीहरूको "कानुन कार्यान्वयन" गतिविधिका सन्दर्भमा अपहरण गरिएका छन्। त्यसबाहेक, बालबालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भेदभाव, असमानता तथा गरिबीद्वारा अत्यन्त प्रभावित भई नै रहेका छन्। विद्यालय शिक्षामा पहुँचमा सुधार आएको भए तापनि शिक्षाको अधिकारलाई सुदृढ तुल्याउन थप कदम चाल्नु जरुरी छ - उदाहरणार्थ प्राथमिक तहको शिक्षालाई अनिवार्य बनाएर। बालबालिकाको खाद्य अधिकार पनि उल्लङ्घन भइरहेको छ - युनिसेफको तथ्याङ्कका अनुसार नेपालमा ४९ प्रतिशत बालबालिका कुपोषणयुक्त छन्। यस देशमा दक्षिण एसियामा सबैभन्दा बढी बालश्रमिक - घरेलु कामदारलगायत - रहेका छन्। यसमा मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रमा घरेलु सहयोगीका रूपमा काम गर्न ७ देखि १६ वर्षका थारू बालिकाहरूलाई धनी घरमा बेच्ने कमलरी प्रथा पनि पर्दछन् र सर्वोच्च अदालतद्वारा सन् २००६ सेप्टेम्बरमा यसमाथि प्रतिबन्ध लगाइए तापनि यो जारी छ। प्रतिबन्ध कार्यान्वयन गर्न तथा दुर्व्यवहारविरुद्ध बालबालिकाको संरक्षण गर्न राज्यअधिकारीहरूको विफलतामाथि यसको आरोप लगाइएको छ।

द्वन्द्वको विरासतले पनि बालबालिकामाथि प्रभाव पारिरहेको छ। सम्झौतामा हस्ताक्षर भएयता आठ बालबालिकाको मृत्यु भएको छ र द्वन्द्वका क्रममा छाडिएका बारुदी सुरुङ र विस्फोटक पदार्थको परिणामस्वरूप ३८ जना घाइते भएका छन्। वि.सं. २०६३ जेठ ७ गतेसम्म १८ वर्षमुनिका भनी प्रमाणित युवाहरूको जनमुक्ति सेना (पीएलए)को शिविरबाट औपचारिक मुक्ति र कतिपय घटनाहरूमा स्वैच्छिकरूपबाट शिविर छोडिसकेका १८ वर्षमुनिका युवाहरूलाई जबरजस्ती फर्काउने कार्य - सबैभन्दा पछिल्लो घटना सन् २००७ नोभेम्बरको - चिन्ता एवं दबाबको विषय रहिरहेको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा अक्टोबरमा सुरक्षापरिषद्मा प्रस्तुत प्रतिवेदनले पहिलो तीनवटा शिविरको प्रमाणीकरणमा उल्लेख्य सङ्ख्यामा १८ वर्षमुनिका युवाहरू रहेको पहिचान भएको उल्लेख गऱ्यो। अहिलेसम्म औपचारिकरूपमा मुक्त गर्ने काम भएको छैन, यद्यपि धेरै बालबालिकाहरूले औपचारिक मुक्ति प्रक्रियाबिनै शिविर छोडेको देखिन्छ, जसले उनीहरूलाई पुनःएकीकरण कार्यक्रमबाट प्राप्त हुने लाभ प्राप्त गर्न बढी कठिन बनाउँछ। अन्मिन १८ वर्षमुनिकाहरूलाई शिविरबाट मुक्त गरी उनीहरूलाई आफ्नो परिवारमा पुनः एकीकरण गराउने औपचारिक कार्यक्रमको आयोजना गर्न युनिसेफ तथा अन्य बालसंरक्षण निकायहरूसँग कार्य गरिरहेको छ।

द्वन्द्वका क्रममा यत्रतत्र हुने गरेको नेकपा (माओवादी)द्वारा ठूलो मात्रामा बालबालिका तथा शिक्षकहरूलाई विद्यालयबाट अपहरण गर्ने कार्य सन् २००६ को मध्यसम्ममा रोकिएको छ। तर, हालसालै नोभेम्बरको मध्यसम्म पनि विशेषगरी नेकपा (माओवादी)द्वारा कलिला बालबालिकालगायत ठूलो सङ्ख्यामा विद्यालयका बालबालिकाहरूलाई विरोध प्रदर्शनमा सहभागी बन्न बसहरूमा लैजाने घटना भएका छन्। वाईसीएललगायत नेकपा (माओवादी)ले राजनीतिक गतिविधिका लागि विद्यालय परिसरको प्रयोग गरिरहेका छन्, जसरी अरू दलले विद्यालय युनियन गठन गरेका छन्। राजनीतिक गतिविधिका लागि विद्यालय बन्द गरिएको पनि केही ठाउँमा रिपोर्ट गरिएका छन्। राजनीतिक दल तथा फोरमजस्ता अन्य समूहहरूद्वारा विरोध प्रदर्शन - जहाँ उनीहरू हिंसाको चपेटामा पर्ने जोखिम रहेको हुन्छ - मा बालबालिकाको प्रयोग गत वर्षको एउटा बढ्दो चिन्ताको विषय रहेको छ। यस वर्ष विरोध प्रदर्शनका सन्दर्भमा १८ वर्षमुनिका कम्तीमा पाँच युवा मारिएका र अन्य घाइते भएका छन्। (उनीहरूमध्ये चारजना प्रहरीद्वारा मारिएका थिए भने पाँचौं गौरमा मारिएका नेकपा (माओवादी)का कार्यकर्ता थिए।) स्वैच्छिक भएसम्म विरोध प्रदर्शनमा भाग लिन पाउने कलिला युवाहरूको अधिकारप्रति विरोध नजनाए तापनि बालसंरक्षण निकायहरूले कुनै पनि निर्वाचनका सन्दर्भमा समेत कलिला युवाहरूलाई हिंसाको जोखिममा पर्न नदिन राजनीतिक दल तथा सरकारले विशेष उपाय अवलम्बन गर्नुपर्ने वकालत गर्दै आएका छन्।

समग्रमा, द्वन्द्वका क्रममा तथा त्यसपछि दुवै पक्षद्वारा तल उल्लेख गरिएको मैना सुनुवारको घटनामा एवं पक्राउ गरी बेपत्ता पारिएका र कहाँ छन् भन्ने कुरा अज्ञात भएका कैयौं युवालगायत बालबालिकाविरुद्धको उल्लङ्घन तथा दुर्व्यवहारका लागि प्रभावकारी जवाफदेहिता सुनिश्चित गर्न थोरै मात्र कदम चलिएका छन्।

## १२ आन्तरिक विस्थापन

विगत वर्षमा, सशस्त्र द्वन्द्वबाट आन्तरिकरूपमा विस्थापित भएका (विस्थापित)हरूमध्ये धेरै या त उनीहरू अहिले बसिरहेकै ठाउँमा समाहित भएका छन् या आफ्नो मूलथलोमा फर्किसकेका छन्। केही क्षेत्रमा, फर्किरहेका विस्थापितहरूलाई नेकपा (माओवादी)द्वारा विनासर्त फर्कन तथा उनीहरूको सम्पत्ति उनीहरूकै हुन दिइएको छ। अन्य क्षेत्रमा, विस्थापित भएका जमिनका मालिक तथा राजनीतिकरूपबाट सक्रिय विस्थापितहरूको फिर्ती कार्य जफत गरिएको सबै सम्पत्ति फर्काउन तथा अनुकूल, सुरक्षित स्थानीय वातावरण सुनिश्चित गर्नमा नेकपा (माओवादी)को विफलताबाट अवरुद्ध भएको छ।

कसले फर्कन पाउने भन्ने निर्णय नेकपा (माओवादी)का स्थानीय कार्यकर्ताहरू गर्छन् र उनीहरूले फर्कन आरोपित "गलत काम"का लागि सार्वजनिक क्षमायाचनालगायतका सर्तहरू लाद्ने गरेको रिपोर्ट गरिएको छ। धेरै घटनामा, भूमिको मोहियानी ढाँचामा सुधार ल्याउने तथा पछिल्लो अधिभोक्तासँगको समस्या हुनबाट बच्ने प्रयासमा जफत गरिएको भूमि विस्थापित जमिनका मालिकहरूलाई फिर्ता गरिएको छैन। जफत गरिएको भूमि तथा सम्पत्ति फिर्ता गर्नेसँग सम्बन्धित मुद्दा समाधान गर्ने उपयुक्त संयन्त्रको अभावले यसलाई अझ बिगारेको छ। सम्झौताले "वैज्ञानिक" भूमिसुधार अनुसरण गर्ने प्रतिबद्धता व्यक्त गऱ्यो तर यससम्बन्धमा कुनै स्पष्ट प्रगति भएको छैन।

गैससहरूको मद्दतमा फर्कने केही काम भए तापनि ती ठूलो सङ्ख्यामा स्वस्फूर्त भएका छन् र अधिकांश फर्कनेहरूलाई कागजात वा भूमि तथा सम्पत्तिसम्बन्धी मुद्दाहरूमा सहायता र प्रायः कानुनी सहायता जरुरी छ। सरकार आफैले विस्थापितहरूलाई फर्कंदा आवश्यक पर्ने कुराहरूका सम्बन्धमा पूर्णरूपमा प्रतिक्रिया दिएको छैन। फर्किने विस्थापितहरूको सहायता तथा संरक्षणसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्ने विस्तृत योजनाको अभावका बाबजुद विस्थापितहरू फर्केका छन्। यस खाडलले जिल्लाका पदाधिकारीहरूलाई स्थानीय फिर्ती प्रक्रियालाई सहयोग गर्ने सन्दर्भमा निष्क्रिय रहन दिएको छ। राज्यको कार्यवाहीको अभावमा त्यस्तो जिम्मेवारी प्रायः अन्तर्राष्ट्रिय दाताहरूबाट प्राप्त सीमित लगानीमा स्थानीय मानवअधिकार गैससहरूको काँधमा रहेको छ। सन् २००७ को अन्तिममा मात्र सरकारले नेपाल शान्ति ट्रस्ट कोषबाट फर्किरहेकाहरूलाई सहयोग गर्न ५६ लाख अमेरिकी डलरको उद्धार कार्यक्रम ल्यायो र कहिल्यै दर्ता नभएका विस्थापितहरू दर्ता हुन सकून् र सहायताका लागि योग्य होऊन् भनेर नयाँ दर्ता प्रक्रिया सुरु गऱ्यो। केही क्षेत्रका स्थानीय राज्यअधिकारीहरूले रकम प्राप्त गरेको तथा तिनको वितरण सुरु गरेको पुष्टि गरेका छन् (उदाहरणार्थ करिब ६०० मानिसहरू भ्रमण गर्न सहयोग लिएर हालै रोल्पा फर्केको रिपोर्ट गरिएको छ), यद्यपि दर्ता/वितरण प्रक्रिया एकनासको वा समावेशी नभएको देखिन्छ।

तथापि सरकारले विस्थापितसम्बन्धी नीतिमा पुनरावलोकन तथा संशोधन गरेको छ, जुन एउटा स्पष्ट सुधार हो तर यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिन्छ कि गरिँदैन भनेर हेर्न बाँकी छ। त्यसै कारण, नेपालको विस्थापितसम्बन्धी नीति कार्यान्वयन गर्न सम्बद्ध मन्त्रालय तथा स्थानीय राज्यअधिकारीहरूलाई सहायता गर्न तथा विस्थापितहरूलाई उनीहरूको हकबारे बुझाउन मद्दत गर्न संयुक्त राष्ट्रसङ्घले आन्तरिक विस्थापितसम्बन्धी राष्ट्रसङ्घको निर्देशक सिद्धान्तको आधारमा निर्देशनको सँगालोलाई अन्तिमरूप दिन सरकारसँग निकट रही कार्य गऱ्यो ।

विस्थापितसम्बन्धी नीतिमा विस्थापितहरूले निर्वाचनमा मतदान गर्न पाउने प्रावधान राखिने कुरा उल्लेख भए तापनि संविधानसभा निर्वाचनसम्बन्धी कानुनमा परिवर्तन नगरिए झन्डै आफ्नो मूलथलो फर्कन नचाहेका ५०,००० को हाराहारीका मानिसहरू मतदान अधिकारबाट वञ्चित हुनेछन्। वर्तमान कानुनले नागरिकहरू आफूले मतदान गर्ने ठाउँकै बासिन्दा हुनुपर्ने माग गर्दछ र विस्थापितहरू समेटिने गरी अनुपस्थितहरूले मतदान गर्न पाउने कुनै प्रावधान छैन। अर्को कुरा, मतदाता दर्ता स्थानान्तरण गर्ने प्रक्रियामा कुनै पनि व्यक्तिले आफ्नो मूलथलोबाट "बसाइँसराइ प्रमाणपत्र" प्राप्त गर्नुपर्ने आवश्यकता समावेश भएबाट विस्थापितहरूका लागि सो काम पार गर्न नसकिने हुनसक्नेछ। त्यसबाहेक, मतदाता दर्ता कार्य सन् २००६ डिसेम्बरदेखि बन्द गरिएको छ। आन्तरिकरूपबाट विस्थापित व्यक्तिहरूको मानवअधिकारसम्बन्धी महासचिवका प्रतिनिधिले सो स्थितिको पुनरावलोकन गर्न तथा न्यायिक उपचार गर्न यस मुद्दामा प्रधानमन्त्रीलाई पत्र पठाउनुभएको छ।

तराईमा भइरहेको हिंसाको परिणामस्वरूप नयाँ जबरजस्ती विस्थापन कार्य भइरहेको छ भनी उल्लेख गर्नु चिन्ताजनक छ। सही आँकडा उपलब्ध नभए तापनि, माथि उल्लेख गरिएझैं पहाडे मूलका धेरै मानिसहरूले

सशस्त्र समूहको अपहरण तथा अन्य कारबाहीको डर वा धम्कीका कारण अस्थायी वा स्थायीरूपमा दक्षिणी तराई छाडेका छन्। कपिलवस्तुमा भएको हिंसाको परिणामस्वरूप धेरै बालबालिकासहित कैयौं हजार मानिसहरू विस्थापित भए। धेरै अहिले फर्किसकेका भए तापनि केही अझै शिविरमा छन्।

## १३ दण्डहीनता/जवाफदेहिता

गहिरोरूपमा स्थापित दण्डहीनतालाई सुल्झाउने कार्य शान्ति प्रक्रियाका बाँकी रहेका प्रमुख मुद्दाहरूमध्ये एक रहेको छ र प्रतिवेदनमा उठाइएका सबै मुद्दालाई यसले छोएको छ। वि.सं. २०६३ माघमा भएको आफ्नो नेपाल भ्रमणको क्रममा मानवअधिकार उच्चायुक्तले भविष्यमा मानवअधिकार उल्लङ्घन हुन नदिन तथा कोही पनि कानुनभन्दा माथि हुँदैन भन्ने कुरालाई स्वीकार्ने समाजको निर्माण गर्न अत्यावश्यक कदमका रूपमा दण्डहीनताको अन्त्य गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो। हत्या, यातना, बेपत्ता पार्ने कार्य तथा अन्य प्रकारका हिंसा वा भेदभावपूर्ण कार्यहरू जेसुकैका लागि भए पनि दण्डहीनता रोक्न संयुक्त प्रयासविना यस्तो कार्य गरेका वा गरिरहेकाहरूलाई रोक्ने निवारक साधन छैन र उनीहरू आफूलाई जवाफदेही बनाइनेछैन भन्ने थाहा पाएर काम गर्छन्। अर्को कुरा, सत्य र न्यायमा पीडितको अधिकारलाई सम्बोधन गरिएको छैन।

युद्धविराम भएको अठार महिनाभन्दा पछि द्वन्द्वको क्रममा वा द्वन्द्वपछि गरिएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारमा जवाफदेहितालाई सम्बोधन गर्न कुनै पनि राजनीतिक अठोटका लगभग कुनै सङ्केतहरू छैनन्। नागरिक अदालतहरूद्वारा सुरक्षाफौज वा नेकपा (माओवादी)को एकजना पनि सदस्यलाई हत्या, बेपत्ता पार्ने कार्य वा अन्य दुर्व्यवहारका लागि फौजदारीरूपमा जवाफदेही बनाइएको र अभियुक्त ठहर गरिएको छैन। क्षतिपूर्तिको प्रस्ताव गरिएको छ तर यो सधैं पीडित वा तिनका परिवारहरूलाई वितरण गरिएको छैन र जति वितरण गरिएको छ त्यो पनि प्रायः कारण तथा जिम्मेवारी ठम्याउने उचित अनुसन्धानबिना। परिपूरण महत्त्वपूर्ण भए तापनि त्यसलाई अभियोजनको स्थानापन्नको रूपमा लिइनु हुँदैन। सुरक्षाफौजको सुधार गर्न कुनै पनि कदमहरू चालिएका छैनन् र यसको एउटा महत्त्वपूर्ण तत्त्व आन्तरिक तथा बाह्य रेखदेख गर्ने संयन्त्रहरूलाई सबल बनाउने एवं गम्भीर मानवअधिकार उल्लङ्घनमा संलग्न भएकाहरूलाई हटाउने लगायतका दण्डहीनता अन्त्य गर्ने उपायहरूको स्थापना हुनुपर्दछ। यसबाहेक, द्वन्द्व उब्जाउने कारणहरूलगायत यसका व्यापक मुद्दाहरूलाई सम्बोधन गर्न कुनै पनि विश्वसनीय संयन्त्रहरू अहिलेसम्म तयार गरिएका छैनन्।

*सत्य निरूपण तथा मेलमिलाप आयोग*

सम्झौताले सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापनाको माग गरेको छ। शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा जुलाईमा सत्य निरूपण तथा मेलमिलाप आयोगको एउटा मस्यौदा टिप्पणीका लागि वितरण गरिएको थियो तर त्यसमा नेपालका सन्धिजन्य दायित्व तथा अन्तर्राष्ट्रिय सिद्धान्तविपरीतका प्रावधानहरू रहेका थिए। विशेषगरी, ती प्रावधानहरू टीआरसीको स्वतन्त्रताको प्रत्याभूति गर्न विफल थिए र तिनले सरकारी हस्तक्षेपका लागि उल्लेख्य स्थान दिएका थिए। विशेषगरी, यसमा गम्भीर मानवअधिकार उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनमा जिम्मेवारहरूलाई आममाफी दिनसक्ने प्रावधानहरू थिए। अर्को कुरा, मस्यौदाभित्र भएका प्रावधानहरू आयोगको स्वतन्त्रता प्रत्याभूति गर्न विफल थिए र द्वन्द्वका क्रममा गरिएका अपराधहरूको विस्तृत विवरण उपलब्ध गराउने आयोगको सामर्थ्यलाई अवमूल्यन गर्ने गरी आयोगको कार्यदिशको सीमितताको प्रस्ताव गरिएको थियो। सम्झौतामा परिलक्ष्यित गरिएको टीआरसी स्थापना गर्नमा सरकारलाई सहयोग गर्न उच्चायुक्तको कार्यालयले टीआरसीको स्थापनाको सम्भाव्य अर्को कदमलाई रेखाङ्कन गर्दै कानुनको मस्यौदा गर्नुअघि पीडितलगायतका सबै

सरोकारवालाहरूसँग लामो, व्यापक, राष्ट्रव्यापी परामर्श बैठकहरूमाथि प्रकाश पार्दै उच्चायुक्तको कार्यालयले अप्रिलमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयसमक्ष एउटा पत्र पेस गरेको थियो। यी परामर्श बैठकहरू सुरु भएका छैनन्। देशमा भइरहेको हिंसा तथा सुरक्षाको अभावको स्थितिमा शान्तिपूर्ण तथा प्रभावकारी सत्य निरूपण प्रक्रियाका लागि यो उपयुक्त समय हो भन्ने कुरामा पनि प्रश्न गर्न सकिन्छ। नागरिक समाज, उच्चायुक्तको कार्यालय तथा अन्तर्राष्ट्रिय समुदायको व्यापक आलोचनापछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले आफूले प्राप्त गरेको विधेयकहरूमाथिका टिप्पणीको पुनरावलोकन गर्दैछ र पाँचवटा क्षेत्रीय परामर्श बैठक गर्ने घोषणा गरेको छ तर सरकारले परामर्श बैठकको मिति र कार्यविधिहरूबारे अझै विवरण उपलब्ध गराएको छैन।

*बेपत्ता पार्ने कार्य*

उच्चायुक्तको कार्यालयको सन् २००६ मईको प्रतिवेदनमा अभिलेखन गरिएको भैरवनाथ गणको ब्यारेकमा व्यक्तिहरूमाथि भएको यातना तथा बेपत्ता पार्ने कार्य तथा बर्दिया जिल्लामा अधिकांशतः सुरक्षाफौजद्वारा पक्राउ गरिएपछि बेपत्ता पारिएका झन्डै दुई सयलगायत द्वन्द्वसँग सम्बन्धित बेपत्ता पारिएका व्यक्तिका सयौं घटनाहरू अझै अस्पष्ट छन्। द्वन्द्वका क्रममा नेकपा (माओवादी)बाट अपरण गरिएपछि अझै हराइरहेका व्यक्तिहरूका कैयौं घटना पनि अझै स्पष्ट भएका छैनन्।

रिपोर्ट गरिएको अवधिमा बलपूर्वक बेपत्ता पार्ने कार्यका सम्बन्धमा कतिपय महत्त्वपूर्ण घटनाक्रमहरू भएका थिए तर बेपत्ता पारिएकाहरूको स्थिति स्पष्ट पार्ने वा पीडक ठम्याउन प्रभावकारी तथा स्वतन्त्र अनुसन्धान गर्नेसम्बन्धमा साँचो प्रगतिमा परिणत हुन ती अझै बाँकी छन्। वैशाखमा सरकारले अन्तरिम व्यवस्थापिका संसद्समक्ष एउटा विधेयक पुरस्थापना गऱ्यो जसले बलपूर्वक बेपत्ता पार्ने कार्य (तथा अपहरण)लाई राष्ट्रिय कानुनअन्तर्गत एउटा फौजदारी कसुर बनाउन मुलुकी ऐनमा संशोधन गऱ्यो। उत्साहप्रद पहल भए तापनि पूर्णरूपमा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप बनाउन सो विधेयकमा उल्लेख्य सुधार आवश्यक थियो। उल्लेखनीय कुरा, सो कानुन द्वन्द्वका क्रममा गरिएका बेपत्ता पार्ने कार्यमा लागू हुँदैन थियो र यसमा बेपत्ता पार्ने कार्यका लागि अधिकतम पाँच वर्ष कारावास सजाय तोकिएको थियो। सांसदहरूले विधेयकलाई संशोधन गर्न कैयौं प्रस्ताव पेस गरे।

जुनको सुरुमा, सर्वोच्च अदालतले बेपत्ता पार्ने कार्यका कैयौं विचाराधीन मुद्दाहरूका सम्बन्धमा एउटा अभूतपूर्व निर्णय जारी गऱ्यो। यसमा, बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूलाई संरक्षण गर्न अन्तर्राष्ट्रिय महासन्धिअनुरूप बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्ने एउटा कानुन बनाउन; अन्तर्राष्ट्रिय मापदण्डअनुरूप द्वन्द्वका क्रममा गरिएका बेपत्ता पार्ने कार्यसम्बन्धमा उच्चस्तरीय जाँचबुझ आयोग स्थापना गर्न; अनुसन्धान गर्ने तथा बेपत्ता पार्ने कार्यका लागि जिम्मेवार व्यक्तिहरूलाई अभियोजन गर्न; तथा पीडितका परिवारलाई पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई दिइएको आदेश थियो। सो निर्णय सत्य, न्याय तथा परिपूरणमाथि बेपत्ता पार्ने कार्यबाट पीडित तथा तिनका परिवारको अधिकार स्वीकार गर्नेतर्फको एउटा उल्लेख्य अग्रकदम थियो। यसका अतिरिक्त, जुलाईमा सरकारले बेपत्ता पार्ने कार्यसम्बन्धी एउटा जाँचबुझ आयोग गठन गर्ने घोषणा गऱ्यो जुन सर्वोच्च अदालतको निर्णयअनुरूप गठन नभएको तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नभएकाले यसले व्यापक आलोचना खेप्नुपऱ्यो। एकदम पछिल्लो घटनाक्रममा, मङ्सिरमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले विशेषगरी जाँचबुझ आयोग स्थापनामा सहयोग गर्ने विधेयकका रूपमा बेपत्ता पार्ने कार्यसँग सम्बन्धी कानुनको मस्यौदा गर्न एउटा छ सदस्यीय विज्ञमण्डलको गठन गऱ्यो। त्यसपछि माथि उल्लिखित बेपत्ता पार्ने कार्य तथा अपहरणसँग सम्बन्धी विधेयक फिर्ता लिने घोषणा गरियो। अपहरणलाई अपराधकरण गर्ने गरी मुलुकी ऐनमा गरिएको संशोधन मङ्सिर १३ गते पारित गरियो र बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्ने नयाँ कानुन मस्यौदाको प्रक्रियामा छ।

*गम्भीर मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारमा अभियोजन*

गम्भीर मानवअधिकार उल्लङ्घनमा अभियोजनसम्बन्धी कानुनी ढाँचा अझै अपर्याप्त नै छ। अभियोजनका विषय हुनुपर्ने गम्भीर मानवअधिकार उल्लङ्घनहरू नेपाली कानुनमा अझै अपराधकरण नगरिनु विशेष चिन्ताको विषय रहेको छ। उदाहरणार्थ, कुनै पनि कानुनले यातना वा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्दैनन्। वि.सं. २०६३ असोज ६ गते पारित सैनिक ऐनले सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने सम्भावनाका साथ भए तापनि नेपाली सेनाको कर्मचारीले गरेको बेपत्ता पार्ने कार्य तथा यातनाको पुर्पक्ष गर्ने क्षेत्राधिकार सैनिक अदालतलाई नै दियो।[13] सरकारले यातनाका सम्बन्धमा एउटा कानुनको मस्यौदा गरेको छ तर मस्यौदाको एक प्रति प्राप्त गर्न उच्चायुक्तको कार्यालयले गरेको अनुरोधमा प्रतिक्रिया दिएको छैन। युद्धअपराध, जातिहत्या वा मानवताविरुद्धको अपराधलाई सिधै अपराधकरण गर्ने हाल कुनै कानुन छैन। नेपाली कानुनमा रहेको यो शून्यतालाई सम्बोधन गर्नु विगतको उल्लङ्घनमा अभियोजन गर्न तथा कुनै पनि चालु/भावी उल्लङ्घनलाई सम्बोधन गर्न दुवैका लागि महत्त्वपूर्ण छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधानमाथि सहमति जनाउन एउटा संसदीय प्रस्तावले सरकारलाई गरेको आह्वान तथा सन् २००६ मा सरकारले गरेको यससम्बन्धी आशययुक्त घोषणाका बाबजुद सरकारले यसलाई सहमति दिएको छैन।

सुरक्षाफौजबाट भएका विगतका तथा चालु मानवअधिकार उल्लङ्घन तथा नेकपा (माओवादी)बाट भएका दुर्व्यवहारका लागि उजुरी दर्ता गर्ने पीडित, पीडितका आफन्त तथा गैससहरूको प्रयत्नले थोरै मात्र सफलता पाएका छन्। उजुरीहरूमध्ये धेरैवटा विविध कारणले प्रहरीद्वारा अस्वीकार गरिए, जसलाई उच्चायुक्तको कार्यालयले उचित ठहऱ्याएन। उजुरी दर्ता गरिँदा पनि तिनमा पूर्ण फौजदारी अनुसन्धान भएनन् र जाहेरी दरखास्तको परिणामस्वरूप सुरक्षा फौज वा नेकपा (माओवादी)का कुनै पनि सदस्यलाई अभियोजन गरिएन वा अभियोग लगाइएन।

उदाहरणका रूपमा, उच्चायुक्तको कार्यालयले द्वन्द्वका क्रममा सुरक्षाफौजद्वारा एक महिलासहित १८ व्यक्तिमाथ भएको भनी आरोपित गैरन्यायिक हत्याका लागि नोभेम्बरको मध्यसम्म विभिन्न जिल्लामा दर्ता गरिएका १५ जाहेरी दरखास्तको अनुगमन गरिरहेको छ। तीमध्ये छवटा पश्चिमाञ्चलमा, पाँचवटा मध्यमाञ्चलमा, दुई-दुईवटा मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलमा दर्ता गरिएका थिए। सन् २००७ नोभेम्बरको मध्यसम्ममा, पूर्वाञ्चल क्षेत्रमा द्वन्द्वका क्रममा उल्लङ्घन वा दुर्व्यवहार गरिएका कुनै जाहेरी दरखास्त दर्ता गरिएको थिएन। आठवटा जाहेरी दरखास्तमा नेप्रका कर्मचारीको नाम शङ्कितका रूपमा लिइएको छ भने पाँचवटा जाहेरी दरखास्तमा संयुक्त सुरक्षाफौज (जस्तैः संयुक्त कारबाहीमा नेसेलगायतका विभिन्न सुरक्षाफौज)का कर्मचारीमाथि र एउटा जाहेरी दरखास्तमा "सुरक्षाफौजका कर्मचारी"माथि आरोप लगाइएको छ। अहिलेसम्म कुनै पनि जाहेरी दरखास्तको कुनै परिणाम आएको छैन।

सोही अवधिमा, प्रहरीले द्वन्द्वका क्रममा गैरन्यायिक हत्या भएको आरोप लागेका १२ वटा जाहेरी दरखास्त - छवटा मोरङ जिल्ला र तीनवटा खोटाङ जिल्लामा समेत नौवटा पूर्वाञ्चलमा - दर्ता गर्न पनि अस्वीकार गऱ्यो। प्रहरीले पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र मध्यमाञ्चलमा एकएकवटा जाहेरी दरखास्त दर्ता गर्न

---

[13] नयाँ ऐनले नेपाली सेनाका कर्मचारीद्वारा गरिएको बलात्कार तथा हत्याका घटनाको क्षेत्राधिकार एकात्मक रूपमा नागरिक अदालतलाई दियो तर अन्य गम्भीर मानवअधिकार उल्लङ्घन एवं यातना तथा बेपत्ता पार्ने कार्य गर्ने नेपाली सेनाका कर्मचारीको क्षेत्राधिकार नागरिक अदालतलाई नभई सैनिक अदालतलाई नै हुनसक्ने व्यवस्था गऱ्यो। ऐनले नेपाली सेनाले गम्भीर मानवअधिकार उल्लङ्घन गर्ने सैनिक कर्मचारीमाथिको अनुसन्धान गर्ने अधिकार पाएका गैरसैनिक राज्यअधिकारीहरूलाई सहयोग गर्नुपर्ने व्यवस्था गरेको छ तर न्यायपूर्ण र स्वच्छ पुर्पक्ष सुनिश्चित गर्न सैनिक अदालतको कारबाहीमा प्रतिवादीको व्यक्तिगत अधिकार तोक्न विफल भएको छ।

अस्वीकार गऱ्यो। काभ्रे जिल्लामा अस्वीकार गरिएको एउटा जाहेरी दरखास्तमा नेकपा (माओवादी)का कार्यकर्तालाई शङ्कितका रूपमा राखिएको छ भने बाँकी ११ जाहेरी दरखास्त राज्यका सुरक्षाफौजविरुद्ध छन्। यी जाहेरी दरखास्त दर्ता नगर्नुको पछाडि उच्चायुक्तको कार्यालयलाई विविध कारण देखाइएका छन् : उदाहरणार्थ वरिष्ठ प्रहरी अधिकृतबाट निर्देशन आवश्यक पर्ने, उक्त घटना पहिले जिल्ला प्रहरी कार्यालयबाट दोहोरो गोली हानाहान भनी रिपोर्ट गरिएको वा बेपत्ता पार्ने कार्यसम्बन्धी सर्वोच्च अदालतको निर्णय कसरी कार्यान्वयन गर्ने भनेर सरकारले निर्णय नगरेसम्म नेपाल प्रहरीले पर्खनुपर्ने।

काभ्रेमा नेकपा (माओवादी)द्वारा भएको भनी आरोपित गैरन्यायिक हत्यासँग सम्बन्धित जाहेरी दरखास्तको घटनामा राज्यअधिकारीहरूले यो सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यदिशभित्र पर्ने तथा एउटा पुनरावेदन सर्वोच्च अदालतमा विचाराधीन रहेकाले आफूहरूले सो घटना दर्ता नगरेको कुरा अक्टोबरमा उच्चायुक्तको कार्यालयलाई बताए। पीडित अर्जुन लामा २०६२ जेठ २९ गते अपहरण गरिएका थिए र त्यसयता उनी रहेको ठाउँ अज्ञात छ। नेकपा (माओवादी)ले उनी सोही दिन सुरक्षाफौजसँगको भिडन्तका क्रममा मारिएको दाबी गरे तापनि अन्य स्रोतहरू उनी अपहरणपछि मारिएको विश्वास गर्छन्। सर्वोच्च अदालतद्वारा जाहेरी दरखास्त दर्ता गर्न आदेश दिइए तापनि प्रजिअ र नेप्र दुवैले सो घटनाबारे जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गरेका छन्। नेप्रले आफूले जाहेरी दरखास्त दर्ता गर्ने कुनै निर्देशन नपाएको जानकारी उच्चायुक्तको कार्यालयलाई दियो।

सन् २००५ देखि उच्चायुक्तको कार्यालयले अनुगमन गरिरहेको अर्को घटनामा, नेकपा (माओवादी)ले जिम्मेवारी लिएको ३६ जनाको हत्या तथा ७२ जना घाइते हुने गरी चितवन जिल्लाको माडीमा बसमा गराइएको विस्फोटको घटनाको दुई वर्षभन्दा पछिसम्म अन्तर्राष्ट्रिय मानवीय कानुनको यो गम्भीर उल्लङ्घनका लागि कसैलाई पनि जवाफदेही बनाइएको छैन। सो घटनामा जाहेरी दरखास्त दर्ता गरिएको भए तापनि, नेप्रले प्रभावकारीरूपमा अनुसन्धान गरिरहेको छ भनेर मान्न सकिँदैन। उच्चायुक्तको कार्यालयको बुझाइअनुसार प्रारम्भिक साक्षी बयान लिनुबाहेक अनुसन्धान अघि बढेको छैन। हत्याका सबै शङ्कितहरूलाई पक्राउ गर्न तथा सोधपुछ गर्नमा नेकपा (माओवादी)द्वारा प्रहरीलाई भएको सहयोगको अभावबारे पनि उच्चायुक्तको कार्यालय उत्तिकै चिन्तित छ। उनीहरूले अनुसन्धानका लागि सबै आन्तरिक अभिलेख एवं कुनै पनि कारबाहीमा सहभागी बनेका कार्यकर्ताहरूलाई अनुसन्धानका लागि उपलब्ध गराउनुपर्छ। नेकपा (माओवादी)को सहयोग अहिलेसम्म कुनै कार्यकर्ता विशेष जिम्मेवार छ भनी स्वीकार गर्नेमा सीमित छ तर उनीहरूलाई न्यायको कठघरामा ल्याउनेमा छैन। प्रहरीले आफ्ना तर्फबाट संसाधन छुट्याउनैपर्छ र अनुसन्धान गर्न राजनीतिक इच्छाशक्ति देखाउनुपर्छ र राजनीतिक सरोकारले गर्दा आफूहरूलाई अनुसन्धान गर्न तथा जिम्मेवारलाई जवाफदेही बनाउन नदिने बनाउनुहुँदैन।

स्थानीय स्तरमा प्रहरी अनुसन्धानको अभाव वा अनुपयुक्तताका कारण कैयौं मानवअधिकारका मुद्दाहरू समाधानका लागि सर्वोच्च अदालतसमक्ष लगिएका थिए। सो अवधिमा, यसमा बेपत्ता पार्ने कार्यका लागि जाँचबुझ आयोग गठन गर्न सरकारलाई आदेश दिने निर्णय, मैना सुनुवारको घटनामा अनुसन्धान पूरा गर्न प्रहरीलाई आदेश दिने निर्णय (तल हेर्नुहोस्) तथा फौजदारी अभियोग फिर्ता लिने सरकारको अधिकार सीमित गर्ने कुरा संलग्न छन्। तर, निर्णयको कार्यान्वयन कठिन नै रहिरहेको छ र आफूले भोगेको मानवअधिकार उल्लङ्घनका लागि न्यायिक उपचार खोज्ने व्यक्तिहरूलाई यसले उल्लेख्य चुनौती प्रस्तुत गरेको छ।

सन् २००४ मा नेसेको हिरासतमा यातनापछि मृत्यु भएको मैना सुनुवारको घटनामा, सर्वोच्च अदालतले २००७ सेप्टेम्बरमा प्रहरीलाई तीन महिनाभित्र सो मृत्युसम्बन्धी आफ्नो अनुसन्धानको प्रतिवेदन उपलब्ध

गराउन आदेश दियो र सूचनाको हकसम्बन्धी ऐनको प्रावधानको प्रयोग गर्दै नेसेले अदालतसमक्ष पेस गरेको सैन्य अदालतको लगायत नेसेका अभिलेखमा मैना सुनुवारको परिवारलाई पहुँच उपलब्ध गराउन सर्वोच्च अदालतका रजिस्ट्रारलाई आदेश दियो। सो घटनासम्बन्धी त्यसअघिको अर्को घटनाक्रममा, मार्चमा प्रहरी अनुसन्धानका सन्दर्भमा तथा मानवअधिकार उच्चायुक्तलगायतबाट भएको व्यापक वकालतपछि नेसेको वीरेन्द्र शान्ति स्थापना प्रशिक्षण केन्द्रस्थित चिनो नलगाइएको चिहानबाट मैना सुनारको भएको विश्वास गरिएको एउटा शव विधिविज्ञ प्रयोगशालाविद्हरूद्वारा उत्खनन गरेर निकालियो। उच्चायुक्तको कार्यालयले सो उत्खननका लागि प्राविधिक सहयोग उपलब्ध गरायो। प्राप्त अस्थिपञ्जरबाट मार्चमा लिइएको डीएनए नमुना नोभेम्बरको अन्तिम हप्तासम्म विश्लेषणका लागि भारत पठाइएको थिएन र उनको पहिचानको औपचारिक पुष्टिको अभावमा परिवारले शव प्राप्त गर्न पाएका छैनन्।

धेरै महिनासम्म, उच्चायुक्तको कार्यालयलाई नेसेबाट सान्दर्भिक औपचारिक दस्तावेज प्राप्त गर्न ठूलो कठिनाइ भएको थियो। अगस्टमा, यसलाई मैना सुनुवारसँग सम्बन्धितसमेत तीनवटा सैन्य अदालतका प्रतिहरू दिइयो। अक्टोबरमा उच्चायुक्तको कार्यालयलाई पढ्न अनुमति दिइयो तर कोर्ट अफ इन्क्वायरी प्रतिवेदनलगायत अन्य सम्बन्धित कागजातको प्रतिलिपि गर्न दिइएन।

प्रहरीले प्रायः – कहिलेकाहीँ राजनीतिक दलहरू संलग्न भएर – अभियोजन भन्दा पनि मध्यस्थतालाई प्रोत्साहन गर्ने हुनाले भेदभाव तथा अन्य सम्बन्धित दुर्व्यवहारका पीडितहरूको क्षतिपूर्ति खोज्ने प्रयत्न पनि ठूलो मात्रामा असफल भएका छन्। केही परिस्थितिहरूमा मध्यस्थता उपयुक्त हुन सक्ने भए तापनि कानुनद्वारा प्रतिबन्धित भेदभावकारी अभ्यास तथा सीमान्तकृत समुदायका सदस्यहरूविरुद्धका अन्य दुर्व्यवहारका सम्बन्धमा सजायको अभावले पनि दण्डहीनताको वातावरणलाई बल प्रदान गरेको छ। तर साधनको अभाव तथा अन्य अड्चनहरूका कारण अधिकांश पीडितहरूले न्यायमाथिको पहुँचको अवसर पाएका छैनन्। उच्चायुक्तको कार्यालयले हाल दलित र विशेषगरी यौनहिंसा पीडित दलित महिलाहरूको न्यायमाथिको पहुँचको अभावबारे अध्ययन गरिरहेको छ।

*जाँचबुझ आयोग*

सन् २००६ अप्रिल आन्दोलनका सन्दर्भमा भएको १८ जनाको मृत्यु, २७ जनाको गौरमा भएको हत्या तथा मधेशी आन्दोलनका क्रममा भएको २४ जनाको मृत्युलगायत गत वर्ष भएका झन्डै १०० जनाको हत्याबारे अध्ययन गर्न जाँचबुझ आयोग वा संसदीय आयोग गठन गरिएको छ। त्यस्तो जाँचबुझ आयोगसँग अभियोजन गर्ने अधिकार हुँदैन। कुनै पनि घटनामा कुनै पनि मृत्युका लागि अदालतहरूद्वारा कसैलाई पनि फौजदारी जवाफदेही बनाइएको वा अभियोजन गरिएको छैन। अधिकांश घटनामा आयोगहरूका प्रतिवेदन सार्वजनिक गरिएका छैनन्। त्यस्तो आयोगका लागि खाका उपलब्ध गराउने जाँचबुझ आयोग ऐन २०२६ ले मानवअधिकार उल्लङ्घनको अनुसन्धान गर्न कार्यादेश पाएका जाँचबुझ आयोगहरूले अन्तर्राष्ट्रियरूपमा स्थापित मापदण्ड पूरा गर्नुपर्ने आवश्यक सबै सावधानीहरू लिएको छैन। उदाहरणार्थ, ऐनले जाँचबुझ आयोगका सदस्यहरूको दक्षता (उदाहरणार्थ मानवअधिकार विशेषज्ञताका सन्दर्भमा), स्वतन्त्रता वा निष्पक्षताका लागि कुनै आवश्यकता तोकेको छैन, न त पीडित तथा साक्षीहरूको संरक्षणका लागि विशेष प्रावधान नै राखेको छ। सामान्यतया, सो ऐनअन्तर्गत स्थापित आयोगहरूले सार्वजनिक प्रतिवेदन जारी गर्नुपर्ने भए तापनि प्रतिवेदन सार्वजनिक नगर्न अनुमति दिने धेरै थरीका अपवादहरू छन्, जसमा नेपालको सार्वभौमसत्ता वा राष्ट्रिय अखण्डतामा आँच आउने सामग्री; सैन्य महत्त्व, सार्वजनिक शान्ति तथा सुरक्षा, विभिन्न जाति, सम्प्रदाय वा समुदायबीचको हार्दिक सम्बन्ध वा मैत्रीपूर्ण सम्बन्ध भएको राष्ट्रसँगको सम्बन्धलगायतका कुरा छन्।

अक्टोबरमा, गौरमा भएको २७ नेकपा (माओवादी) कार्यकर्ताको हत्याको अनुसन्धान गर्न गठन भएको एउटा आयोगले सरकारसमक्ष आफ्नो प्रतिवेदन प्रस्तुत गर्‍यो तर त्यसका निष्कर्ष सार्वजनिक गरिएका छैनन्। आजसम्म, हत्याका सम्बन्धमा कसैलाई पनि पक्राउ गरिएको वा अभियोग लगाइएको छैन। आफूहरूसँग सो घटनाका ४० शङ्कितको नाम रहेको प्रहरीको भनाइ रहे तापनि प्रहरीले उनीहरूलाई पक्राउ गर्न सकेको छैन। मङ्सिर ११ गते नेकपा (माओवादी)द्वारा एउटा जाहेरी दरखास्त प्रस्तुत गरियो र अन्ततः रौतहट जिल्ला प्रहरी कार्यालय (जिप्रका)मा प्रहरीद्वारा दर्ता गरियो। त्यसअघि प्रहरीले नेकपा (माओवादी)द्वारा नाम लिइएका धेरैजना मुछिएका छैनन् भनेर जाहेरी दरखास्त दर्ता गर्न अस्वीकार गरेको थियो। जिम्मेवारहरू को हुन् भनी निर्धारण गर्न तथा उनीहरूलाई जवाफदेही बनाउन कुनै कारबाही नगर्ने हो भने नेकपा (माओवादी)का कार्यकर्ताहरू आफ्नै हातबाट कारबाही गर्नेतर्फ लाग्नेछन् भन्ने डर निरन्तर रहेको छ।

अगस्टमा, तीव्र सार्वजनिक दबाबपछि सरकारले अन्ततः तथा अपवादका रूपमा सन् २००६ अप्रिलका विरोध प्रदर्शनका क्रममा भएका मानवअधिकार उल्लङ्घन तथा अन्य कुराको अनुसन्धान गर्न स्थापित रायमाझी आयोगको सन् २००६ नोभेम्बरको प्रतिवेदन सार्वजनिक गर्‍यो। यसले नाम लिइएका सरकारी तथा पूर्व सरकारी अधिकारीहरूका विरुद्ध कारबाही गर्न एवं नेसे, सप्रब तथा नेप्रका करिब ३० जनालाई अभियोजन गर्न सिफारिस गर्‍यो। सरकारले प्रतिवेदनका अधिकांश सिफारिसहरू आफूले कार्यान्वयन गरिसकेको तथा केही सिफारिसहरू थप अनुसन्धानका लागि अधिकारप्राप्त राज्यअधिकारीहरूसमक्ष पठाइएको बताएको छ। जुटाइएका प्रमाण अपर्याप्त रहेको भन्दै महान्यायाधिवक्ताले अभियोजन गर्ने कुनै कारबाही गरेका छैनन्।

सन् २००६ अप्रिलको जनआन्दोलनका सन्दर्भमा भएका १८ हत्या प्रत्येकमा भएको मृत्युमा अपराध भएको हो कि होइन भनी यकिन गर्न फौजदारी अनुसन्धान गर्न बाध्य रहेको प्रहरीले, उच्चायुक्तको कार्यालयको जानकारीअनुसार, मृत्युको केहीपछि जाहेरी दरखास्त दायर भएका घटनामा समेत त्यसो गरेको छैन। यीमध्ये धेरैवटा घटनामा प्रहरीले महत्त्वपूर्ण प्रमाण हराउने जोखिम हुँदाहुँदै पनि रायमाझी आयोगको अनुसन्धानको परिणाम थाहा नभएसम्म आफूले कारबाही नगर्ने कुरा उच्चायुक्तको कार्यालयलाई बताएको थियो। सुरक्षाफौजका केही सदस्यहरू रायमाझी आयोगको प्रतिवेदनका आधारमा आन्तरिक अनुशासनात्मक कारबाहीमा परेका छन्, यद्यपि उच्चायुक्तको कार्यालयले विवरण पाउन सकेको छैन। उनीहरूमध्ये एकजनाले आफूहरूविरुद्ध गरिएको कारबाहीको आधारलाई अदालतसमक्ष चुनौती दिएका छन्।

अन्य धेरै परिस्थितिमा जस्तै दुर्व्यवहारका घटनामा अनुसन्धान तथा अभियोजनका लागि कारबाही गर्न राज्यअधिकारीहरूको विफलताले एउटा शून्यता सिर्जना गर्छ जसमा अरूले आफ्नै हातबाट कारबाही गर्छन्। रायमाझी आयोगको प्रतिवेदनका सम्बन्धमा राज्यको कारबाहीको अभावमा नेकपा (माओवादी)का कार्यकर्ताहरूले प्रतिवेदनमा नाम लिइएकाहरूलाई "भण्डाफोर" गर्न शृङ्खलाबद्ध कारबाहीहरू सुरु गरे। ती कारबाहीले डर र त्रासको वातावरणलाई बल पुर्‍याइरहेको उच्चायुक्तको कार्यालयले पायो। उच्चायुक्तको कार्यालयका स्थलगत टोलीहरूले काठमाडौँका ती घरहरूको भ्रमण गरे जहाँ वाईसीएलका कार्यकर्ताहरूले पर्खालमा चित्र बनाएका र मानिसहरूलाई धम्की दिएका थिए। प्रतिवेदनमा नाम लिइएका मानिसहरूलाई कुनै भौतिक कारबाही नगरिने भनी नेकपा (माओवादी)का नेताहरूले उच्चायुक्तको कार्यालयलाई आश्वासन दिए तापनि यस कार्यालयले अत्यन्त थोरै घटनामा व्यक्तिहरूलाई उनीहरूको मुखमा कालो पोती बेइज्जत गरिएको तथा सम्पत्ति जफत गरिएको वा क्षति पुर्‍याइएको अन्य घटनाहरू अभिलेखन गर्‍यो। एउटा घटनामा, नेकपा (माओवादी), वाईसीएल तथा भ्रातृ सङ्गठनका कार्यकर्ताहरूले सिन्धुपाल्चोकस्थित मुस्कान सेना नेपालको पार्टी कार्यालयमा क्षति पुर्‍याए। प्रहरीले थप क्षति हुन नदिन एउटा टोली पठायो तथा छोटो समयका लागि नौजनालाई थुनामा राख्यो। नेकपा (माओवादी)ले सो कार्यालय ध्वस्त पारेको जिम्मेवारी

स्वीकार गऱ्यो तथा यो कारबाही रायमाझी आयोगको निष्कर्षमाथिको नेकपा (माओवादी)को प्रतिक्रियाको अङ्ग भएको कुरा उच्चायुक्तको कार्यालयलाई बतायो। उनीहरूले सो पार्टीलाई राजावादी भएको तथा जनआन्दोलन दबाउने भनी आरोप लगाए।

*राजनीतिक दबाब तथा हस्तक्षेप*

दण्डहीनताको अन्त्य गर्नमा थप अर्को अवरोध राजनीतिक हस्तक्षेप हो। ठूला राजनीतिक दलहरू, विशेषगरी नेकपा (माओवादी), सँग सम्बन्धित पक्राउ परेका कसैलाई पनि मुक्त गर्न दिइने धम्की र त्रासलगायत प्रहरीमाथि पर्ने राजनीतिक दबाबले दुर्व्यवहार तथा हिंसात्मक कार्यका लागि हालका दण्डहीनतामा मलजल प्रदान गरेका छन्। नेकपा (माओवादी), फोरम, मूल प्रवाहका राजनीतिक दल तथा अन्य सङ्गठनहरूसँग सम्बन्धित बन्दीहरू पक्राउ परेका र प्राय सात दल गठबन्धन तथा/वा नेकपा (माओवादी) तथा/वा प्रजिअ संलग्न भएको वार्तापछि रिहा गरिएका अनेकौं घटनाहरू पाइएका छन्। कहिलेकाहीं सम्बन्धित सङ्गठनबाट हुने क्षमायाचना तथा त्यस्तो व्यवहार नदोहोऱ्याउने प्रतिबद्धतासँगै त्यस्ता रिहाई गरिन्छन्। त्यस्ता मध्यस्थताले स्थानीयरूपमा तुरुन्त तनाव घटनाउन मद्दत गरे तापनि यसले समग्रमा दुर्व्यवहार तथा हिंसाको ढाँचा तथा दण्डहीनताका साथ त्यस्तो हिंसा गर्न सकिन्छ भन्ने सोचाइमा मौलिक परिवर्तन ल्याएको छैन।

स्थानीय अधिकारीहरूमाथि पर्ने दबाबको सबैभन्दा गम्भीर उदाहरण नेकपा (माओवादी)सँग सम्बन्धित मुद्दाहरूबारे अदालतको आदेशलाई कार्यान्वयन गर्न खोज्दा कात्तिक १६ गते रुकुममा नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा अदालतका दुई अधिकारीहरूलाई गरिएको अपहरण हो। अदालतका ती दुई कर्मचारीलाई मुखमा कालोमोसो दल्नुका साथै जबरजस्ती ढुङ्गा बोक्न लगाएर सर्वसाधारणको भेलामा बेइज्जत गरिएपछि छोडिएको रिपोर्ट गरिएको थियो। प्रजिअ, जिल्ला न्यायाधीश तथा नेकपा (माओवादी)का जिल्ला प्रतिनिधिबीच नेकपा (माओवादी)का कार्यकर्ताविरुद्धका सबै द्वन्द्वसँग सम्बन्धित मुद्दाहरूलाई फिर्ता लिनेलगायत जिल्लामा नेकपा (माओवादी)विरुद्ध चलिरहेका मुद्दाहरूलाई के गर्ने भन्नेबारे पाँचबुँदे लिखित समझदारी भएको जानकारी उच्चायुक्तको कार्यालयलाई दिइएको थियो।

## १४ निष्कर्ष

सम्झौता तथा अन्तरिम सरकारको स्थापनालगायत सन् २००६ यता भएका सकारात्मक तथा उल्लेख्य राजनीतिक घटनाक्रमहरूले विशेषगरी भेदभाव, असमानता तथा दण्डहीनता अन्त्य गर्ने कार्यमा ठूलो अपेक्षा सिर्जना गराएका छन्। शान्ति प्रक्रिया अगाडि बढ्दै जाँदा त्यस्ता परिवर्तन ल्याउनमा भएका जटिलताहरू - जसले राजनीतिक इच्छाशक्ति तथा व्यवहारको गहिरो परम्परालाई निर्मूल गर्नुपर्ने माग गर्दछन् - बढी स्पष्ट भएका छन्। संविधानसभाको निर्वाचन बढी सहभागितात्मक, समावेशी तथा समान समाज निर्माण गर्नेतर्फको एउटा महत्त्वपूर्ण कदम हो तर त्रास र डरमुक्त वातावरणमा निर्वाचन सम्भव बनाउन पार पाउनुपर्ने अवरोधहरू अझै रहेका छन्। साथै, संविधानसभाका निर्वाचन मानवअधिकारप्रतिको थप सम्मानमार्फत् यी मुद्दाहरूमध्ये धेरैलाई सम्बोधन गर्ने प्रक्रियाका अङ्ग मात्र हुन्, जसमध्ये केहीलाई परिवर्तन हुन समय लाग्छ।

सम्झौताका धेरै प्रावधान तथा मानवअधिकारको संरक्षण सुदृढ बनाउन सक्ने नयाँ तथा विद्यमान कानुनको कार्यान्वयनको अभावले सो प्रक्रियामा कमै भिन्नता देख्ने नेपाली जनतामाझ निराशा पैदा गराएको छ। भेदभाव तथा सहभागिताको प्रश्नसँग जुध्ने विस्तृत नीति तथा रणनीति एवं धेरै कुण्ठाहरूलाई मलजल दिने एवं आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उल्लङ्घनलाई सम्बोधन गर्नेतर्फको कदमको अभाव विशेष चिन्ताको विषय रहेको छ। सरकारले बृहत्तर समावेश सुनिश्चित गर्न संविधानसभाको

निर्वाचनको समानुपातिक प्रतिनिधित्वको भागमा परम्परागतरूपमा सीमान्तकृत समुदायहरूका लागि आरक्षणको व्यवस्था गर्नेलगायत यी चिन्ताहरूमध्ये केहीलाई सम्बोधन गर्नमा प्रगति गरेको भए तापनि यी अधिकारहरूको बृहत्तर सम्मान हासिल गर्ने नीति तथा रणनीति तर्जुमा गर्न बढी विस्तृत, सहभागितात्मक तथा समावेशी पद्धति अवलम्बन गर्नु जरुरी हुन्छ। साथै, तराईका सशस्त्र समूहका हिंसात्मक गतिविधि नियन्त्रण गर्नु पनि अत्यावश्यक छ। यी चिन्ताहरू समाधान नगरिएसम्म सामाजिक भिन्नता गहिरिँदै जाने तथा थप हिंसाको ठूलो जोखिम रहेको छ।

सुरक्षाफौज तथा न्याय सम्पादनलाई सबल बनाउन तथा सुधार गर्न एउटा सुसंगत कार्यक्रम तुरुन्त चाहिएको छ। कानुन कार्यान्वयन गर्ने निकायहरूसँग डर र त्रासमुक्त निर्वाचनको वातावरण निर्माण गर्नेलगायत दिगो शान्ति सुनिश्चित गर्ने सन्दर्भमा निर्वाह गर्नुपर्ने विशेष भूमिका रहेको छ। त्यो भूमिका निर्वाह गर्दा, कठिन र कहिलेकाहीं हिंसात्मक स्थितिको सामना गर्न उनीहरूलाई सीप र व्यावसायिकता जरुरी पर्छ। उनीहरूले त्यस्ता चुनौतीहरूको सामना गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्न उनीहरूसँग सरसामान, तालिम, सहयोग र नेतृत्व हुनैपर्छ।

सबै दल, सङ्गठन तथा तिनका समर्थकहरूद्वारा अरूको शान्तिपूर्ण धारणा तथा गतिविधिको सम्मान डर र त्रासमुक्त वातावरण सिर्जना गर्ने अर्को पूर्वावश्यकता हुनेछ। मतभिन्नताहरूलाई समाधान गर्न धम्की, त्रास र हिंसात्मक कार्यमा लाग्ने कार्यलाई विश्वास र संवाद निर्माण गर्ने कार्यले विस्थापित गर्नैपर्छ। नेकपा (माओवादी)ले विशेषगरी बहुदलीय प्रजातन्त्रमा सैन्यबाट पूर्ण राजनीतिक सङ्गठनमा रूपान्तरण हुन पनि आफ्ना कार्यकर्ताहरूबाट हुने दुर्व्यवहार अन्त्य गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नैपर्छ।

सफल रूपान्तरण तथा दिगो शान्तका लागि दण्डहीनताको वातावरणलाई जवाफदेहिताको संस्कृतिमा रूपान्तरण गर्नु अत्यावश्यक हुनेछ। दण्डहीनतालाई सम्बोधन गर्नमा भएको प्रगतिको अभाव अत्यन्त चिन्ताजनक छ। यसका लागि सो प्रक्रियालाई अगाडि बढाउने राजनीतिक इच्छाशक्ति, साहस तथा दृढता आवश्यक पर्छ तर यसले पर्खन सक्दैन। शान्ति प्रक्रिया तथा संविधानसभा निर्वाचन सञ्चालनले अझै पनि सबैको मानवअधिकारको संरक्षण गर्ने पूर्णतया समावेशी तथा प्रजातान्त्रिक राज्य निर्माण गर्ने ऐतिहासिक अवसर उपलब्ध गराउँछ र सबै नेपालीलाई समाजमा समानरूपमा तथा प्रभावकारीरूपमा सहभागी बन्न सक्ने बनाउँछ। नेपालका सबै मानिसहरूले मानवअधिकारको उपभोग गरून् भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी सबै दलको हो।

## १५ सिफारिस

### क. उच्चायुक्तको कार्यालय सरकारलाई देहायका सिफारिस गर्दछः

• प्रहरी तथा सुरक्षासँग सम्बन्धित मानवअधिकारका चिन्ताहरूलाई सम्बोधन गर्न कार्यान्वयनको समयतालिकासहितको ठोस उपायको तर्जुमा गर्न; यिनमा बलको प्रयोग – विशेषगरी बन्दुक – सँग सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डका आधारमा निर्देशनहरूको तत्काल र पूर्ण संशोधन एवं प्रहरीले राजनीतिक दबाब वा हस्तक्षेपबिना, पर्याप्त संसाधनसहित तथा मानवअधिकारको पूर्ण सम्मानका साथ व्यावसायिकरूपमा आफ्नो काम गर्न सकोस् भनी राजनीतिक सहयोगका कुराहरू पर्नुपर्छ;

• देहायका कुरालगायत दण्डहीनतालाई सम्बोधन गर्न कदम चाल्न;

Ø द्वन्द्वका क्रममा भएका बेपत्ता पार्ने कार्यको अध्ययन गर्न पूर्णरूपमा स्वतन्त्र जाँचबुझ आयोगको स्थापना तथा बेपत्ता पार्ने कार्य तथा अपहरणलाई अपराधकरण गर्ने कानुन लागू गर्ने कार्यलगायत बेपत्ता पार्ने कार्यसँग सम्बन्धित २०६४ जेठ १८ को निर्णयलाई कार्यान्वयन गरेर;

Ø द्वन्द्व वा द्वन्द्वोत्तरसम्बन्धी तथा आरोपित पीडक जोसुकै भए तापनि उल्लङ्घन तथा दुर्व्यवहारसँग सम्बन्धित उल्लङ्घन तथा दुर्व्यवहारका जाहेरी दरखास्त दर्ता गर्नैपर्छ भनेर प्रहरीलाई स्पष्ट निर्देशन जारी गरेर; त्यस्तो जाहेरी दरखास्तमाथि पूर्ण फौजदारी अनुसन्धान गरिनुपर्छ र प्रहरीलाई सो अनुसन्धान गर्न प्राविधिक सहयोग दिइनुपर्छ;

Ø सुरक्षाफौज तथा नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा भएका उल्लङ्घन तथा दुर्व्यवहारका आरोपहरूमाथि पूर्ण अनुसन्धान गरेर तथा गम्भीर उल्लङ्घनमा दोषी पाइएकाहरूलाई अभियोजन गरेर;

Ø प्रहरी, कारागार अधिकारी तथा थुनासम्बन्धी विषयका लागि जिम्मेवार अन्यद्वारा भएका मानवअधिकार उल्लङ्घनका आरोपहरूमाथिको अनुसन्धानसँग सम्बन्धित स्वतन्त्र बाह्य रेखदेख गर्ने संयन्त्र सिर्जना गरेर;

Ø द्वन्द्वका क्रममा भएका उल्लङ्घन तथा दुर्व्यवहारलाई सम्बोधन गर्ने कुनै पनि कदममा त्यस्तो उपाय संलग्न नहोस् जसले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका लागि दोषीहरूलाई आममाफी देओस् भन्ने कुरा सुनिश्चित गर्न;

Ø उल्लङ्घन तथा दुर्व्यवहारबाट पीडित तथा ग्रामीण क्षेत्रमा द्वन्द्वबाट सर्वाधिक प्रभावित महिला तथा १८ वर्षमुनिका युवालगायत सत्य निरूपण तथा मेलमिलाप आयोगको स्वरूप, संरचना तथा कार्यदिशका सम्बन्धमा सहभागितात्मक परामर्शको विस्तृत कार्यक्रम तयार पार्न।

Ø अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गरी त्यसका प्रावधानहरू राष्ट्रिय कानुनमा समावेश गरिऊन् भन्ने कुरा सुनिश्चित गर्न।

• यातनासम्बन्धी विशेष प्रतिवेदकले आफ्नो सन् २००६ तथा २००७ को प्रतिवेदनमा गरेका सिफारिसहरूलाई कार्यान्वयन गर्न; यसमा जिम्मेवारहरूलाई उपयुक्त ढङ्गबाट जवाफदेही बनाउन यातनालाई अपराधकरण गर्ने कानुन लागू गर्ने तथा कार्यान्वयन गर्ने कुरा पर्नुपर्दछ;

• निजामती सेवा तथा प्रहरी सेवामा महिलाको प्रतिनिधित्वका लागि आरक्षण उपलब्ध गराउने विद्यमान कानुन कार्यान्वयन गर्ने कदम चालेर महिलाको अधिकार र विशेषगरी प्रतिनिधित्वप्रति सशक्त प्रतिबद्धता प्रदर्शन गर्न;

• सीईआरडी, सीईडीएडब्ल्यु, आईसीसीपीआर तथा सान्दर्भिक आईएलओ महासन्धिअन्तर्गतका आफ्ना अन्तर्राष्ट्रिय प्रतिबद्धता र दायित्वहरूलाई ध्यानमा राखेर खासगरी तराईमा हिंसा कम गर्ने माध्यमका रूपमा साँचो सहभागितात्मक संवाद तथा विश्वास अभिवृद्धिका उपायहरू अवलम्बन गरेरसहित भेदभावहीनता, प्रतिनिधित्व तथा सहभागितासँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्ने विस्तृत कदमहरू चाल्न;

• विशेषगरी मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारका घटनाहरूमा प्रहरी वा अदालतमाथि राजनीतिक दबाब दिनबाट बच्न;

• आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिद्वारा उसको अन्तिम पर्यवेक्षणमा गरिएका सिफारिसको कार्यान्वयन गर्ने क्रमबद्ध योजना तयार गर्न (ई/सी.१२/एनपीएल/सीओ/२);

• राष्ट्रिय मानवअधिकार आयोगले आफ्ना कामहरू गर्न सकोस् र एउटा सशक्त स्वतन्त्र निकायका रूपमा यो स्थापित होस् भनेर आयोगका लागि पर्याप्त रकम सुनिश्चित गर्न।

**ख. उच्चायुक्तको कार्यालय नेकपा (माओवादी)लाई देहायको आह्वान गर्दछः**

- अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा सुरक्षित गरिएका मानवअधिकारको सम्मान गर्ने आफ्ना प्रतिबद्धताहरू अपहरण, आक्रमण, अभद्र व्यवहार तथा यातनाजस्ता दुर्व्यवहार अन्त्य गर्ने ठोस उपाय तथा विशेषगरी हत्या तथा बेपत्ता पार्ने कार्यका थप घटनाहरू हुन नदिने उपायहरूमा परिणत होऊन् भन्ने कुरा सुनिश्चित गर्न सबै उपायहरू अवलम्बन गर्न;

- गम्भीर दुर्व्यवहारमा मुछिएका नेकपा (माओवादी)का कार्यकर्ताहरूलाई फौजदारी अनुसन्धान तथा अभियोजनमार्फत् जवाफदेही बनाउने कुरा सुनिश्चित गर्न राज्यअधिकारीहरूसँग सहकार्य गर्न;

- प्रमाणित भइसकेका तर शिविरमा रहिरहेका १८ वर्षमुनिका व्यक्तिहरूको स्थानान्तरण तथा परिवार/समुदायमा पुनःएकीकरण सुनिश्चित गर्न संयुक्त राष्ट्रसङ्घ तथा बालसंरक्षण निकायहरूसँग सहकार्य गर्न;

**ग. उच्चायुक्तको कार्यालय सबै राजनीतिक दल, मधेशी, जनजाति तथा अन्य समूहहरूलाई देहायको आह्वान गर्दछः**

- राजनीतिक दल तथा सङ्गठनात्मक संरचनाहरू सबै तह विशेषगरी लैङ्गिक दृष्टिकोणबाट समावेशी र सहभागितात्मक होऊन् भन्ने कुरा सुनिश्चित गर्न;

- आफ्ना माग र अधिकारहरू सम्बोधन गरिऊन् भन्ने आह्वान गर्दै आयोजित प्रदर्शन र अन्य प्रकारका विरोध प्रदर्शनहरू शान्तिपूर्ण होऊन्, अरूलाई हानिको जोखिममा नपारून् तथा अरूको आवतजावत गर्न पाउने अधिकारलाई हनन नगरून् भन्ने कुरा सुनिश्चित गर्न;

- विरोध प्रदर्शन वा अन्य सम्बन्धित गतिविधिहरूका सन्दर्भमा हुने हिंसात्मक कार्यको अनुसन्धानका लागि जिम्मेवार प्रहरी वा न्यायिक अधिकारीहरूमाथि धम्की, त्रास वा अन्य कार्यमार्फत् दबाब दिनबाट बच्न;

- स्वैच्छिकरूपबाट विरोध प्रदर्शनमा सहभागी बन्न चाहने १८ वर्षमुनिका कोही पनि हिंसामा सहभागी नबनून् तथा कुनै पनि रूपबाट हिंसाको चपेटामा नआऊन् भन्ने कुरा सुनिश्चित गर्न विशेष उपाय अवलम्बन गर्न; हिंसाको जोखिम भएमा १८ वर्षमुनिका युवाहरूलाई सहभागी बन्न दिनुहुँदैन;

- नश्लीय वा जातीय घृणा भड्काउने भाषा वा वक्तव्य प्रयोग गर्नबाट बच्न।

**घ उच्चायुक्तको कार्यालय सञ्चारमाध्यमलाई देहायको आह्वान गर्दछः**

- नश्लीय तथा जातीय घृणा फैलाउने नियतका जानकारीलगायतका भड्काउ वा अपुष्ट जानकारीको प्रचारप्रसारबाट बच्न;

- विशेषगरी महिला तथा बालिका पीडितहरूलाई जोखिममा पार्नसक्ने गरी नामलगायतका कुनै पनि जानकारी प्रकाशित गर्नबाट बच्दै पीडितको संरक्षणको सिद्धान्तबाट निर्देशित हुन;

**ङ उच्चायुक्तको कार्यालय राजनीतिक उद्देश्य लिएको दाबी गर्ने सशस्त्र समूहहरूलाई देहायको आह्वान गर्दछः**

• हत्या, अपहरण, रकम असुली तथा बम विस्फोटनजस्ता आपराधिक गतिविधिले बाँच्न पाउने अधिकारजस्ता अरूको मानवअधिकारमा गम्भीर असर पारिरहेकाले तिनलाई तत्काल अन्त्य गरी आफ्ना उद्देश्य हासिल गर्नका लागि शान्तिपूर्ण माध्यमको प्रयोग गर्न;

• नक्षीय तथा जातीय घृणाका रूपमा व्याख्या गर्न सकिने सबै वक्तव्यबाजी तथा कार्यहरू तत्काल अन्त्य गर्न।